SAINT LOUIS
PUBLIC SCHOOLS

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट

सकारात्मक स्कूल संस्कृतिको सिर्जना

सुरक्षित रहनुहोस् | सम्मानित रहनुहोस् | जिम्मेवार रहनुहोस् | तयार रहनुहोस्

२०१९-२०२० अभिभावक जानकारी मार्गदर्शन र विद्यार्थी आचार संहिता

NEPALI

केल्भिन आर. एड्याम्स, पीएच. डी.
स्कूल सुपरिन्टेन्डेन्ट

प्रिय आमाबाबु/आधिकारिक अभिभावक

२०१९-२०२० को स्कूल क्यालनेन्डरमा तपाईँलाई स्वागत छ। स्कूल छनोट गर्दा तपाईँका धेरै विकल्पहरू छन् भन्ने कुरा हामीलाई थाहा छ र सेन्ट लुइस पब्लिक स्कूल्समा आफ्नो बच्चा भर्ना गर्ने तपाईँको निर्णयको प्रशंसा गर्छौं।

सबै विद्यार्थीहरूका लागि सुरक्षित सिकाइ वातावरण प्रदान गर्नु सेन्ट लुइस पब्लिक स्कूल्सका उच्च प्राथमिकाहरूमध्ये एक हो। हामीलाई यो लक्ष्य प्राप्तिको मद्दत गर्नका लागि हामी तपाईँलाई २०१८-२०१९ अभिभावक जानकारी मार्गनिर्देशक र विद्यार्थी आचार संहिता समीक्षा गर्नका लागि अनुरोध गर्दछौँ। यस मार्गदर्शकले स्कूल समुदायका सम्पूर्ण सदस्यहरूका अधिकारहरू र जिम्मेवारीहरूका विषयमा अभिभावकहरू र विद्यार्थीहरूलाई महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ र सुरक्षित, सकारात्मक तथा सहयोगी सिकाइ वातावरण प्राप्त हुने गरी विद्यार्थीका व्यवहारहरूको अपेक्षा रेखाङ्कित गर्दछ।

तपाईँले आफ्नो बच्चासँग यस मार्गदर्शकको समीक्षा गरिसकेपछि, कृपया संलग्न विद्यार्थी तथा आमाबाबु/आधिकारिक अभिभावक(हरू) स्वीकृति फारामको पृष्ठ ३ मा हस्ताक्षर गरी तथा मिति उल्लेख गरी आफ्नो बच्चाको शिक्षकलाई फिर्ता गर्नुहोस्।

२०१९-२०२० अभिभावक जानकारी मार्गदर्शक र विद्यार्थी आचार संहिता तपाईं लागि आफैँ राख्न र स्कूल वर्षभरि चाहिएका बेला सन्दर्भ लिनका लागि हो। यस मार्गदर्शकको इलेक्ट्रोनिक प्रति डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा अभिभावक र विद्यार्थी ट्याब अन्तर्गत उपलब्ध छ।

आफ्नो बच्चाको स्कूललाई सिकाइका लागि सुरक्षित स्थान बनाउन मद्दत गर्न सहयोग गर्नुभएकामा तपाईँलाई अग्रिम धन्यवाद छ।

भवदीय,

डा. केल्भिन आर. एड्याम्स, पीएच. डी.
स्कूल सुपरिन्टेन्डेन्ट

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट
२०१९-२०२० अभिभावक जानकारी मार्गदर्शक तथा विद्यार्थी आचार संहिता
विद्यार्थी र आमाबाबु(हरू)/आधिकारिक अभिभावक(हरू) सपथपत्र

प्रिय विद्यार्थीहरू तथा आमाबाबु(हरू)/आधिकारिक अभिभावक(हरू):

तपाईंले सुरक्षित स्कूल वातावरण प्रदान गर्ने सेन्ट लुइस पब्लिक स्कूल्सको लक्ष्य साझा गर्नुहुन्छ भन्ने हामीलाई थाहा छ। हामीलाई सो लक्ष्य प्राप्त गर्न हामी तपाईंलाई यो अभिभावक जानकारी मार्गदर्शक तथा विद्यार्थी आचार संहिता समीक्षा गर्न कृपया अनुरोध गर्दछौं। तपाईंले अभिभावक जानकारी मार्गदर्शक तथा विद्यार्थी आचार संहिताको समीक्षा गरिसकेपछि, तलको सपथपत्रमा कृपया हस्ताक्षर गर्नुहोस् र हस्ताक्षरित पृष्ठ आफ्नो बच्चाको कक्षाकोठा शिक्षकलाई फिर्ता गर्नुहोस्। यस दस्तावेजले तपाईंले यो जानकारी पाएको पुष्टि गर्दछ जसका लागि प्रत्येक सेन्ट लुइस पब्लिक स्कूल जिम्मेवार छ। हाम्रा स्कूलहरूलाई सिकाइका सुरक्षित स्थलहरू बनाउन मद्दत गर्नुभएकामा तपाईंलाई धन्यवाद।

विद्यार्थी आचार संहिताको उद्देश्य

- विद्यार्थी व्यवहारका लागि अपेक्षाहरूको सुसङ्गत समूह निर्माण गर्नु
- सकारात्मक व्यवहार सुदृढ पार्नु र विद्यार्थीहरूलाई उपयुक्त सामाजिक सीपहरू विकसित गर्ने अवसरहरू प्रदान गर्नु
- अनुपयुक्त व्यवहारमा संलग्न भएका विद्यार्थीहरूका लागि हस्तक्षेपहरू र परिणामहरू रेखाङ्कित गर्नु
- स्कूल समुदायका सम्पूर्ण सदस्यहरूका अधिकारहरू र जिम्मेवारीहरूको व्याख्या गर्नु
- विद्यार्थीहरूलाई सुरक्षित, सकारात्मक र सहयोगी सिकाइ वातावरणमा संलग्न बनाउनु।

विद्यार्थी सङ्कल्प

- म हरेक दिन स्कूल आउने र कक्षामा समयमा उपस्थित हुने सङ्कल्प गर्छु
- म सुरक्षित, जिम्मेवार, र शिष्ट तथा तयार हुने सङ्कल्प गर्छु
- म समस्या समाधानकर्ता हुने सङ्कल्प गर्छु
- म कठिन परिश्रम गर्ने, आफूले सकेसम्म सर्वोत्तम काम गर्ने, र आफैँप्रति गर्व गर्ने सङ्कल्प गर्छु
- यो सङ्कल्पमा हस्ताक्षर गरेर मैले यो विद्यार्थी आचार संहिता बुझेको र म सेन्ट लुइस पब्लिस स्कूल डिस्ट्रिक्टको विद्यार्थी रहुन्जेल यस विद्यार्थी आचार संहिताको जिम्मेवारी लिन्छु।

आमाबाबु/अभिभावक सङ्कल्प

- म मेरो बच्चा हरेक दिन स्कूल जाने र समयमा कक्षामा उपस्थित हुने सङ्कल्प गर्छु।
- म मेरो बच्चालाई सुरक्षित, जिम्मेवार, शिष्ट, र तयार बन्न सिकाउने सङ्कल्प गर्छु।
- म मेरो बच्चाको जिम्मेवार वकालतकर्ता बन्ने सङ्कल्प गर्छु।
- म मेरो बच्चाको सिकाईमा संलग्न हुने ङ्कल्प गर्छु।
- म मेरो बच्चालाई यो विद्यार्थी आचार संहिता पालना गराउन सहयोग गर्ने सङ्कल्प गर्छु।
- यो सङ्कल्पमा हस्ताक्षर गरे मैले यो आचार संहिता बुझेको र म सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टको अभिभावक रहुन्जेल यस विद्यार्थी आचार संहिताको जिम्मेवारी लिन्छु।

विद्यार्थीको हस्ताक्षर ____ मिति: ____________________

आमाबाबु हस्ताक्षर/आधिकारिक अभिभावक: ____________________________________ मिति: ____________________

यो पृष्ठ खाली छोडिएको छ।

विषयसूची

सुपरिन्टेन्डेन्टको स्वागत-पत्र 2
विद्यार्थी र आमाबाबु(हरू)/आधिकारि अभिभावक(हरू) सपथपत्र 3
विषयसूची 5
सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टको भिजन वक्तव्य 6
सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टको मिसन वक्तव्य 6
सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टका मूल मान्यताहरू 6

अभिभावक जानकारी मार्गदर्शक
महत्त्वपूर्ण फोन नम्बरहरू 7
क्यालेन्डर 8
भर्ना – सामान्य प्रक्रियाहरू 9
आमाबाबु/अभिभावक संलग्नता र सञ्चार 10
डिस्ट्रिक्ट सञ्चार 10
अभिभावक सञ्चार/स्कूलसँग संलग्नता 10
परिवार र समुदाय संलग्नता कार्यालय 11
अभिभावकीय सरोकार 11
अभिभावक कार्य परिषद् 11
पोसाक र भेस संहिता अपेक्षाहरू 12
उपस्थिति अपेक्षाहरू 13
राष्ट्रिय स्कूल लन्च कार्यक्रम/स्कूल ब्रेकफास्ट कार्यक्रम 15
प्रारम्भिक बाल्यावस्था शिक्षा 16
शारीरिक जाँच, खोप र औषधिहरू 18
सुरक्षा र संरक्षण 21
यातायात 21
क्याम्पसका आगन्तुकहरू 23
बुली सचेतना 24
बुली-विरोधी नीति 27
यौनिक उत्पीडन/लैङ्गिक विभेद 30

विद्यार्थी आचार संहिता
विद्यार्थी आचार संहिताको उद्देश्य 34
विद्यार्थी सङ्कल्प 34
व्यावहारिक अपेक्षाहरू र जिम्मेवारीहरू 34
विद्यार्थी आचार संहिताको क्षेत्र 36
मिजौरी सुरक्षित स्कूल्स अधिनियम 38
स्कूल हिंसा र निषेधात्मक व्यावहारिक हस्तक्षेपहरू 39
उल्लङ्घनहरूको वर्गीकरण 40
तेस्रो किसिमको उल्लङ्घनः व्यवहार सरोकार/हस्तक्षेपहरू 41
दोस्रो किसिमको उल्लङ्घनः व्यवहार सरोकार/हस्तक्षेपहरू 48
पहिलो प्रकारको उल्लङ्घनः व्यवहार सरोकार/हस्तक्षेपहरू 56
बस यातायात र विद्यार्थीको व्यवहार 59
चौथो किसिमको उल्लङ्घनः सुधारात्मक रणनीतिहरू 60
प्रविधि र विद्यार्थी व्यवहार 63
निलम्बन 64
निलम्बनका लागि बाँकी प्रक्रिया कार्यविधि 65
निलम्बन वा वैकल्पिक स्थापनका लागि अपील प्रक्रिया 66
निष्कासन 67
निष्कासनका लागि बाँकी प्रक्रिया कार्यविधि 68
पुन: भर्ना वा भर्ना हुने अनुमति 69
असक्तता भएका व्यक्ति शिक्षा अधिनियम (आइडिया) पालना 70
मिजौरी स्टेट हाइ स्कूल क्रियाकलाप सङ्गठन योग्यता 74
ग्राजुएसन अभ्यासहरूमा सहभागिता नीति 75

सूचनाहरू
एफइआरपिए (फर्पा) अन्तर्गत अभिभावकीय र योग्य विद्यार्थी अधिकार 76
एसएलपिए हरेक विद्यार्थी सफल हुन्छ अधिनियम गुनासो कार्यविधि 78
हरेक विद्यार्थी सफल हुन्छ अधिनियम नागरिक गुनासो अपील फाराम 80
स्तरीय गुनासो समादान प्रक्रिया, विवादमा लागू भए अनुसार 82
गृहविहीन बच्चा र युवाहरूको शिक्षा विषयमा
दत्तक स्याहारका बच्चा वा युवाको निर्धारण सम्बन्धमा विवाद समाधान कार्यविधि 84
शब्दावली 85
विशेष प्रशासकीय बोर्ड 92
गैरविभेदको सूचना 92

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट भिजन वक्तव्य

सेन्ट लुइस क्षेत्रमा बस्ने परिवारहरूका लागि सेन्ट लुइस पब्लिक स्कूल्सहरू छनोट हुन् जसले विश्वस्तरीय शिक्षा प्रदान गर्दछ र विद्यार्थी उपलब्धि र शिक्षक गुणस्तरमा राष्ट्रिय पहिचान बनाएको छ।

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट मिसन वक्तव्य

हामी सम्पूर्ण विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दछौँ र उनीहरूलाई उनीहरूको पूर्ण बौद्धिक सम्भावना साकार बनाउन सक्षम बनाउँछौँ।

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टका मूलभूत मान्यता

विद्यार्थी पहिला। परिस्थिति जेसुकै भएता पनि, विद्यार्थीहरू हाम्रा एकमात्र केन्द्र हुन्। एसएलपिएसका सदस्यका रूपमा, हामीसँग हाम्रा विद्यार्थीहरूको सर्वोत्तम हितमा सधैँ काम गर्ने चिरस्थायी प्रतिबद्धता छ। त्यसैले, हामी हाम्रा विद्यार्थीका लागि सर्वोत्तम उच्च-गुणस्तरीय विकल्पहरू निर्माणमा ध्यान केन्द्रित गरिरहनेछौँ।

मानिसहरूको महत्त्व छ□ विद्यार्थीहरूलाई शिक्षित बनाउनु मानिसको काम हो। हाम्रा विद्यार्थीहरूको जीवनमा प्रभाव पार्ने मानिहरूलाई विशेषज्ञका रूपमा सही मान्यता दिन, आदर गर्न र स्याहार गर्न सुनिश्चित गर्नक लागि हामी सबैबाट एउटा तहको प्रतिबद्धता, सरोकार र स्याहार आवश्यक छ। हामी एउटा त्यस्तो सङ्गठन भएकामा आफैँलाई मान्यता दिन्छौँ र गर्व गर्छौँ जसले यसका मानिसहरूका लागि बढी माग गर्छ किनकि बढी चाहिन्छ भन्ने थाहा छ। तर पनि, हाम्रा विद्यार्थीहरूको जीवनमा अमूल्य लगानी गर्ने मानिसहरूको वृद्धि र विकासलाई बढी दिन र सहयोग गर्न हामी आफैँबाट बढी खोज्न समान रूपमा इच्छुक छौँ।

तथ्याङ्क आधारित निर्णयहरू। हामी सिक्ने सङ्गठन हुने प्रयास गर्छौँ। त्यसो गर्नका लागि, तथ्याङ्कमा आधारित रहेर डिस्ट्रिक्टका रूपमा हामी कहाँ छौँ भनी मूल्याङ्कन गर्न हामी जारी राख्नेछौँ। हाम्रो प्रगति, कमजोरी र समग्र झुकावको वस्तुगत व्याख्याप्रति हाम्रो प्रतिबद्धताले मात्र हाम्रा बच्चाहरूका लागि सर्वोत्तम निर्णयहरू गर्ने हाम्रो अनुराग सल्काउँछ।

अभिभावक जानकारी मार्गदर्शक

महत्त्वपूर्ण फोन नम्बरहरू

सेन्ट लुइस पब्लिक स्कूल्स • 801 N. 11th St. • St. Louis, MO 63101 • (३१४) २३१-३७२०

अन्य उचित फोन नम्बरहरू र इमेल ठेगानाहरू डिस्ट्रिक्टको वेबसाइट www.slps.org मा पाउन सकिन्छ।

ए+ संयोजक: (३१४) ३४५-२३१५

खेलकूद प्रशासक: (३१४) ३४५-४४०५

करियर र प्राविधिक शिक्षा (३१४) ३४५-४५३१

पूर्ण सेवा स्कूलहरू: (३१४) ३४५-४५९०

ड्रपआउट भर्नाकर्ता: (३१४) ३४५-४४२४

प्रारम्भिक बाल्यावस्था: (३१४) ३३१-६१५०

भर्ना जानकारी: (३१४) ६३३-५२००

इएसओएल द्विभाषी प्रवास कार्यक्रम: (३१४) ६६४-१०६६

परिवार र समुदाय संलग्नता: (३१४) ३४५-४४९०

अभिभावक सरोकार: (३१४) ३४५-२४८० वा ३४५-४५७३

खाद्य सेवा: (३१४) ३४५-२३०८

गिफ्टेड र ट्यालेन्टेड: (३१४) ३४५-४५४८

गृहविहीन र दत्तक स्याहार सेवाहरू: (३१४) ३४५-५७५०

मानव संसाधन: (३१४) ३४५-२३७९

इनोभेटिभ पाथवेज: (३१४) ३४५-६९५०

म्याग्नेट र छनोट स्कूल्स: (३१४) ६३३-५२००

स्कूल सुरक्षा र संरक्षण: (३१४) ८६५-२०२०

स्कूल र समुदाय सुरक्षाका लागि एसएलपिएस हटलाइन:

स्थानीय: (३१४) २४१-एसएलपिएस (७५७७)

टोल फ्रि: १-८६६-६१०-एसएलपिएस (७५७७)

विशेष शिक्षा: (३१४) ६३३-५३४४

विद्यार्थी भर्ना र स्थापन कार्यालय: (३१४) ६३३-५२००

विद्यार्थी/ट्रान्सक्रिप्ट कार्यालय: (३१४) ६४५-२६४८

यातायात:

(३१४) ३८९-२२०२ परिवर्तनहरूका लागि

(३१४) ६३३-५१०६ बस सरोकार वा बससम्बन्धी मुद्दाका लागि

(३१४) ७७२-३१८४, १००० बाट सुरु हुने सबै बस मार्गका बसको स्थितिका लागि

(३१४)३८९-११११, एक्स्टे १, २००० बाट सुरु हुने सबै बस मार्गका बसको स्थितिका लागि

स्वयम्सेवक सेवा: (३१४) ३४५-४५७७ वा (३१४) ३४५-४५५४

[illegible]
अद्य.19-20
v.8 -2.21.19

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट

शैक्षिक वर्ष 2019-20 क्यालेन्डर

TUẦN	CN	T2	T3	T4	T5	T5	T7
	14	15	16	17	18	19	20
	21	22	23	24	25	26	27
	28	29	30	31			
					1	2	3
	4	PD	PD	PD	PD	CP	10
	11	CP	13	14	15	16	17
	18	19	20	21	22	23	24
	25	26	27	28	29	30	31
	1	H	3	4	5	6	7
	8	9	10	11	12	PR/PD	14
	15	16	17	18	19	20	21
	22	23	24	25	26	27	28
	29	30					
			1	2	3	4	5
	6	7	8	9	10	11	12
	13	SQ	15/PTC	16/PTC	17	PD	19
	20	21	22	23	24	25	26
	27	28	29	30	31		
						1	2
	3	4	5	6	7	8	9
	10	H	12	13	14	PR	16
	17	18	19	20	21	22	23
	24	25	26	27/NS*	H	H	30
	1	2	3	4	5	6	7
	8	9	10	11	12	13	14
	15	16	17	18	19	RK	21
	22	WB	H/WB	H/WB	WB	WB	28
	29	WB	WB				
				H/WB	WB	WB	4
	5	TQ/CR	7	8	9	10	11
	12	13	14	15	16	PD	18
	19	H	21	22	23	24	25
	26	27	28	29	30	31	
							1
	2	3	4	5	6	PR	8
	9	10	11	12	13	PD	15
	16	H	18	19	20	21	22
	23	24	25	26	27	28	29
	1	2	3	4	5	6	7
	8	FQ	10/PTC	11/PTC	12	13	14
	15	SB	SB	SB	SB	SB	21
	22	23	24	25	26	27	28
	29	30	31				
				1	2	3	4
	5	6	7	8	9	PD	11
	12	13	14	15	16	17	18
	19	PR	21	22	23	24	25
	26	27	28	29	30		
						1	2
	3	4	5	6	7	8	9
	10	11	12	13	14	15	16
	17	18	19	20	21	RK	23
	24	H	26/SN	27/SN	28/SN	29/SN	30
	31						
		1/SN	2/SN	3	4	5	6
	7	8	9	10	11	12	13
	14	15	16	17	18	19	20
	21	22	23	24	25	26	27
	28	29	30				
				1	2	H	4
	5	6	7	8	9	10	11
	12	13	14	15	16	17	18
	19	20	21	22	23	24	25
	26	27	28	29	30	31	

जुलाई '19
17 11.5- महिने स्टाफ काममा फर्किने
22 11-महिने स्टाफ काममा फर्किने
29 10.5-स्टाफ काममा फर्किने

अगस्ट '19 — शिक्षक 20/14 विद्यार्थी
5 10-महिने स्टाफ काममा फर्किने
5-6 र 7-8 स्कूल आधारित पेशेवर विकास/डिस्ट्रिक्ट-व्यापी पेशेवर विकास
9&12 कक्षाकोठा तयारी
13 सबै विद्यार्थीहरूका लागि पहिलो दिनको कक्षा

सेप्टेम्बर '19 — शिक्षक 20/19 विद्यार्थी
2 बिदा - श्रमिक दिवस; डिस्ट्रिक्ट बन्द
13 पहिलो त्रैमासिकका लागि अन्तरिम रिपोर्टहरू
13 पेशेवर विकास(स्कूल-आधारित)(विद्यार्थी नआउने)

अक्टोबर '19 — शिक्षक 22/22 विद्यार्थी
11 पहिलो त्रैमासिक समाप्त
18 पेशेवर विकास/5-दिन स्कूल आधारित, 5-दिन स्कूल आधारित(विद्यार्थी नआउने)
14 दोस्रो त्रैमासिक सुरु
15-16 10/15 र 10/16 मा स्कूल पछि अभिभावक-शिक्षक सम्मेलन आयोजना गरिनेछ

नोभेम्बर '19 — शिक्षक 17/17 विद्यार्थी
11 बिदा - भेटेरन दिवस; डिस्ट्रिक्ट बन्द
15 दोस्रो त्रैमासिकका लागि अन्तरिम प्रगतिविवरण
27 गैर 12-महिने स्टाफका लागि स्कूल बिदा; 12- महिने स्टाफको काम गर्ने/स्कूल बन्द
28-29 बिदा- थ्याङ्क्सगिभिङ; डिस्ट्रिक्ट बन्द

डिसेम्बर '19 — शिक्षक 15/14 विद्यार्थी
19 दोस्रो त्रैमासिक समाप्त
20 रेकर्ड राख्ने (विद्यार्थी नआउने)
23-31 हिउँदे बिदा (स्कूल बिदा -स्टाफ काम आउने); 12-महिने स्टाफको 23,24,26,30,31मा काम गर्ने
24-25 बिदा - क्रिसमस; 24-25 - डिस्ट्रिक्ट बन्द

पहिलो सेमेस्टर : विद्यार्थी जम्मा - 88 दिन/554.7 घण्टा

जनवरी '20 — शिक्षक 19/18 विद्यार्थी
1 बिदा - नयाँ वर्ष दिवस, डिस्ट्रिक्ट बन्द
6 तेस्रो त्रैमासिक सुरु हुन्छ/कक्षा सुरुशिक्षक र विद्यार्थी स्कूल फर्किने
17 स्कूल-आधारित पेशेवर विकास
20 बिदा - डा.मार्टिन लुथर किङ, जुनियर दिवस; डिस्ट्रिक्ट बन्द

फेब्रुअरी '20 — शिक्षक 19/18 विद्यार्थी
7 तेस्रो त्रैमासिकका लागि अन्तरिम प्रगतिविवरण
14 पेशेवर विकास.5 दिन डिस्ट्रिक्ट, .5 दिन स्कूल आधारित (विद्यार्थी नआउने)
17 बिदा - राष्ट्रपति दिवस; डिस्ट्रिक्ट बन्द

मार्च '20 — शिक्षक 17/17 विद्यार्थी
6 तेस्रो त्रैमासिक समाप्त
9 चौथो त्रैमासिक सुरु
10-11 3/10 र 3/11 मा स्कूल पछि अभिभावक- शिक्षक सम्मेलन आयोजना गरिनेछ
16-20 वसन्त बिदा

अप्रिल '20 — शिक्षक 22/22 विद्यार्थी
10 पेशेवर विकास .5 दिन डिस्ट्रिक्ट, .5 स्कूल आधारित (विद्यार्थीहरू नआउने)

मे '20 — शिक्षक 16/15 विद्यार्थी
21 अन्तिम कक्षा/चौथो त्रैमासिक समाप्त — 26-29 हिउँ दिनहरू(आवश्यकता अनुसार)
22 10 महिने कर्मचारीहरूका लागि अन्तिम दिन
22 रेकर्ड राख्ने(विद्यार्थीहरू नआउने)
25 बिदा - मेमोरियल दिवस; डिस्ट्रिक्ट बन्द

दोस्रो सेमेस्टर : विद्यार्थी जम्मा 90 दिन/580.5 घण्टा

जुन '20
1 10.5 महिने कर्मचारीहरूका लागि अन्तिम दिन
1-2 हिउँ दिनहरू(आवश्यकता अनुसार) — 26 ग्रीष्म स्कूल समाप्त
1 ग्रीष्म स्कूल सुरु — 30 11.5 महिने कर्मचारीहरूका लागि अन्तिम दिन
5 11 महिने कर्मचारीहरूका लागि अन्तिम दिन

जुलाई '20
3 बिदा - स्वतन्त्रता दिवस; डिस्ट्रिक्ट बन्द

[illegible]
[illegible]

स्कूल वर्ष 2019/2020का लागि दिन; घण्टा; जम्मा
विद्यार्थी - 178 दिन • 178 @ 5 घण्टा 27 मिनेट(6.45/दिन) = 1,154.5 घण्टा
शिक्षक 188 दिन • 178 पढाउने दिन; 13 दिन विद्यार्थी रहित (2 रेकर्ड राख्ने; 2 कक्षाकोठा तयारी;
9 पेशेवर विकास दिन-3.5 डिस्ट्रिक्ट-व्यापी, 5.5 स्कूल आधारित).

भर्ना – सामान्य कार्यविधि

विद्यार्थी भर्ना र विद्यार्थी स्थापन कार्यालयहरू सेन्ट लुइस म्याग्नेट, छनोट वा छिमेक स्कूलमा रुचि भएका परिवारहरूलाई सहयोग गर्न प्रतीक्षारत छन्। भर्ना प्रक्रियाका विषयमा बढी जानकारीका लागि कृपया (३१४) ६३३-५२०० मा फोन गर्नुहोस्।

बच्चा(हरू) भर्ना गर्नका लागि अभिभावकहरूलाई निम्न जानकारी आवश्यक हुन्छ

- तपाईँको बच्चाको जन्म प्रमाणपत्र
- तपाईँको बच्चाको खोप रेकर्ड
- तपाईंको बच्चाको स्कूलको ट्रान्सक्रिप्ट वा सबैभन्दा पछिल्लो रिपोर्ट कार्ड
- सेन्ट लुइस सहरको आवास प्रमाण (जस्तै भुक्तानी नगरेको वर्तमान युटिलिटी बिल, लिज वा सहमति, वा व्यक्तिगत सम्पत्ति करको प्रति)

ग्रेडहरू के-१२ सम्म (प्रारम्भिक बाल्यावस्था वा म्याग्नेट/छनोट स्कूल्स होइन) आफ्नो बच्चा भर्ना गर्नका लागि कृपया (३१४) ६३३-५२०० मा फोन गर्नुहोस्।
आफ्नो बच्चालाई प्रारम्भिक बाल्यावस्था कार्यक्रममा भर्ना गर्न, कृपया (३१४) ३३१-६१५० मा फोन गर्नुहोस्।
अङ्ग्रेजी देखि बाहेको भाषा बोल्ने/बुझ्ने बच्चालाई भर्ना गर्न कृपया इएसओएल कार्यालयमा (३१४) ६६४-१०६६ मा फोन गर्नुहोस्।
म्याग्नेट र छनोट स्कूल जानकारीका लागि, २०१९-२०२० वा २०२०-२०२१ स्कूल वर्षका लागि आवेदन जानकारी प्राप्त गर्न कृपया www.slpsmagnetschools.org हेर्नुहोस्।
बढी जानकारी वा आफ्नो बच्चाको गिफ्टेड परीक्षण तय गर्नका लागि, कृपया गिफ्टेड र ट्यालेन्टेड कार्यालयमा (३१४) ३४५-२४३५ मा फोन गर्नुहोस्।

आमाबाबु/अभिभावक संलग्नता र सञ्चार

<u>डिस्ट्रिक्ट सञ्चार</u>

स्कूल वर्षभरिमा हुने क्रियाकलापहरू र आयोजनाहरू बारे आमाबाबुहरू र अभिभावकहरूलाई सूचीत राखिराख्न डिस्ट्रिक्ट प्रतिबद्ध छ। एसएलपिएसले जानकारी आदानप्रदान गर्नका लागि स्वचालित फोन प्रणाली, छापिएको आमाबाबु/अभिभावक पत्रहरू, टेक्स्ट सन्देशहरू, इमेलहरू, वेबसाइट पोस्टिङहरू, सामाजिक सञ्जाल सन्देश र प्रसार मेडिया निकासको प्रयोग गर्दछ।

वेब साइट www.slps.org मा गएर आमाबाबु/अभिभावकहरूले डिस्ट्रिक्ट इमेलका लागि साइनअप गर्न सक्छन् र ट्वीटर तथा फेसबुक ठेगाना प्राप्त गर्न सक्छन्।

खराब मौसमका कारण स्कूल बन्द हुने सूचना स्थानीय टेलिभिजन र रेडियो स्टेसनहरूमा सम्पर्क राख्नुभन्दा पहिले डिस्ट्रिक्टको वेबसाइटको गृहपृष्ठमा पोस्ट गरिन्छ।

<u>सम्पूर्ण महत्त्वपूर्ण सन्देशहरू समयमै प्राप्त गर्ने कुरा सुनिश्चित गर्न आमाबाबु/अभिभावकहरूले आफ्नो बच्चाको स्कूलमा आफ्नो सबैभन्दा पछिल्लो सम्पर्क जानकारी भएको निश्चित गर्नुपर्छ।</u> व्यक्तिगत सम्पर्क जानकारीमा लागू हुने भएमा इमेल ठेगानासहित घरको फोन नम्बर, अभिभावकको सेल फोन नम्बरहरू र आकस्मिक फोन सम्पर्क जानकारी सामेल हुन्छ।

<u>अभिभावक सञ्चार/स्कूलसँग संलग्नता</u>

आफ्नो बच्चाको स्कूलसँगको सञ्चार अधिकतम बनाउनका लागि तल केही सुझावहरू दिइएका छन्।

- खुला स्कूलमा जानुहोस् – आफ्नो बच्चाका शिक्षकहरूसँग सम्बन्ध सुरु गर्ने यो एउटा सर्वोत्तम विधि हो। यसले तपाईंलाई सकारात्मक परिस्थितिहरूका बेला शिक्षक(हरू)सँग भेट गर्ने, कक्षाहरू र स्कूलको कार्यविधि बुझ्ने, र शिक्षकहरूले विद्यार्थीहरूबाट प्राप्त गर्न स्थापित गरेका अपेक्षाहरू बारे जान्ने अवसर दिन्छ।
- स्टाफको फोन नम्बर सङ्कलन गर्नुहोस् – स्कूलका सम्पूर्ण महत्त्वपूर्ण सम्पर्कहरूको फोन सूची तयार पार्नुहोस् - सम्पर्क कार्यालय, ग्रेड तह कार्यालय, उपस्थिति सम्पर्क, शिक्षकहरू, र अन्य सहयोग पर्सोनेलहरू।
- स्टाफको इमेल ठेगानाहरू सङ्कलन गर्नुहोस् – शिक्षकहरूलाई उनीहरूको र तपाईंको तालिकाका कारण तपाईंको फोनको जबाफ दिन कठिन हुन्छ। शैक्षिक प्रगति र व्यवहार अपडेटहरूका लागि आफ्नो बच्चाको शिक्षकसँग सम्पर्क बनाइराख्न इमेल सर्वोत्तम विधि हुनसक्छ।
- स्कूल तथा डिस्ट्रिक्ट सम्मेलनहरूमा उपस्थित हुनुहोस् – आफ्नो बच्चाको शिक्षकहरूसँग कुरा गर्न सम्मेलनका लागि एपोइन्टमेन्ट तय गर्न हामी तपाईंलाई प्रोत्साहित गर्दछौं। स्कूललाई पहिले सूचीत नगरी स्कूलमा छिरेर सम्मेलनमा सहभागी हुने अपेक्षा कृपया गर्दै नगर्नूस्।
- निर्णय प्रक्रियामा भाग लिनका लागि आफ्नो अभिभावक सङ्गठनमा आबद्ध हुनुहोस्।
- सफल क्रियाकलापहरू/आयोजनाहरूलाई सहयोग गर्नका लागि आफ्नो बच्चाको स्कूलमा स्वयम्सेवा गर्नुहोस्।

<u>परिवार तथा समुदाय संलग्नता कार्यालय</u>

परिवार तथा समुदाय संलग्नता कार्यालयले सेन्ट लुइस पब्लिक स्कूल्सका अभिभावकहरू र विद्यार्थीहरूको मूल्यवान प्रयासहरूको संयोजन गर्दछ। परिवार तथा समुदाय विशेषज्ञहरूले अभिभावक संलग्नता सहजीकरण गर्छन्, जसलाई स्कूल कार्यक्रमहरू, परिवार अभ्यासहरू र विद्यार्थी विकासको सबलीकरण गर्न निर्माण गरिएको हो।

परिवार तथा समुदाय विशेषज्ञको उद्देश्य परिवारहरूलाई निम्न काममा मद्दत गर्नु हो:

- बच्चाहरूलाई विद्यार्थीका रूपमा सहयोग गर्न घरेलु वातावरण स्थापित गर्न
- स्कूलहरू र घरहरूबीच प्रभावकारी सञ्चार प्रबर्द्धन गर्न

- अभिभावकीय संलग्नता र सहयोग भर्ना र आयोजना गर्न
- घरको सिकाइ सबलीकरणका लागि जानकारी र विचारहरू प्रदान गर्न
- स्कूलको निर्णय प्रक्रियामा अभिभावकहरूलाई नेतृत्वकर्ता तथा प्रतिनिधिहरूका रूपमा संलग्न गर्न
- स्कूल कार्यक्रमहरू, परिवार अभ्यासहरू, र विद्यार्थी विकासलाई सबल बनाउन सामुदायिक स्रोतहरू पहिचान र एकीकरण गर्न

परिवार तथा समुदाय संलग्नता कार्यालय परिवार, स्कूल र समुदाय बीच निरन्तर साझेदारी सुनिश्चित गर्नका लागि प्रतिबद्ध छ र सो कार्यालयलाई (३१४)३४५-४४९० मा फोन गरेर सम्पर्क गर्न सकिन्छ।

आमाबाबु/अभिभावकहरूसँग आफ्ना बच्चाको शिक्षा वा स्कूलको स्थितिका विषयमा सरोकार हुने समयहरू पनि हुन्छन्। आमाबाबु/अभिभावक(हरू)लाई आफ्नो सरोकारको समाधान गर्नका लागि निम्न कार्यविधि अनुसार चल्न अनुरोध गरिन्छ।

अभिभावकीय सरोकार

अभिभावक सरोकार:

1. एपोइन्टमेन्ट तय गर्नका लागि स्कूल-आधारित स्टाफ सदस्य वा परिवार समुदाय विशेषज्ञसँग सम्पर्क राख्नुहोस्।
2. स्कूल प्रशासकीय स्टाफ (एसिस्टेन्ट प्रिन्सिपल वा प्रिन्सिपल) सँग सम्पर्क गर्नुहोस्
3. अभिभावक सरोकार कार्यालयमा सम्पर्क गर्नुहोस् (३१४) ३४५-४४९०

नोट: यहाँ रेखाङ्कित गरिएका कार्यविधिहरू ती गुनासोहरूको समाधान गर्नका लागि प्रयोग गर्नु हुँदैन जसलाई वर्तमान फेडेरल, राज्य वा स्थानीय नियमनहरूले नियमन गर्छन्, जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् – विद्यार्थी निलम्बन र निष्कासन, कर्मचारी गुनासो, विशेष शिक्षा अपीलहरू, एफइआरपिए(फर्पा) वा एडिए।

अभिभावक कार्य परिषद् (पिएसि) डिस्ट्रिक्ट-व्यापी अभिभावक सङ्गठन

अभिभावक कार्य परिषद्ले डिस्ट्रिक्ट अभिभावकीय संलग्नता सङ्गठनका रूपमा सेवा दिन्छ। परिवार तथा समुदाय संलग्नता कार्यालयको साझेदारीमा अभिभावक कार्य परिषद्मा सेन्ट लुइस पब्लिक स्कूलबाट तीन जना अभिभावक प्रतिनिधिहरू रहनेछन्। *सफल साझेदारीको* कुन्जी कार्यान्वयन गर्नका लागि अभिभावक कार्य परिषद्ले मासिक बैठकहरू आयोजना गर्नेछ। *छ किसिमका संलग्नताहरू।*

- भिजन: सेन्ट लुइस पब्लिक स्कूल्स अभिभावक कार्य परिषद्ले डिस्ट्रिक्ट अभिभावकीय संलग्नता सङ्गठनका रूपमा काम गर्नु पर्नेछ जसले विद्यार्थीको शैक्षिक विकासलाई सहयोग गर्नका लागि परिवारहरू, स्कूलहरू र समुदायबीच प्रभावकारी साझेदारी प्रदान गर्न मद्दत गर्छ।
- मिसन: सेन्ट लुइस पब्लिक स्कूल्सको अभिभावक कार्य परिषद्ले सम्पूर्ण सेन्ट लुइस पब्लिक स्कूल्सलाई विद्यार्थी शिक्षा र उपलब्धिका सम्बन्धमा फेडेरल, राज्य, सहर तथा डिस्ट्रिक्ट नीतिहरू, कार्यविधिहरू, कार्यक्रमहरू र पर्सोनेलका विषयमा साउन्डिङ बोर्ड र कार्य सञ्चालका रूपमा सेवा दिनुपर्नेछ।

अभिभावक कार्य परिषद्लाई (३१४) ३४५-५७२२ मा फोन गरेर वा pac@slps.org मा इमेल गरेर सम्पर्क राख्न सकिन्छ।

पोसाक/ड्रेस कोड अपेक्षाहरू

स्कूल स्थलले विद्यार्थीहरू, आमाबाबु/आधिकारिक अभिभावक(हरू), र स्कूल पर्सोनेलसँग साझेदारी गरेर पोसाक/ड्रेस कोड नीति विकसित गर्नेछ। ड्रेस कोड नीतिले विद्यार्थी सुरक्षा र विद्यार्थी स्वास्थ्य प्रवर्द्धन प्रवर्द्धन गर्ने किसिमसको पोसाक पहिचान गरेर सकारात्मक स्कूल संस्कृतिलाई सहयोग गर्छ। सम्पूर्ण केसहरूमा स्कूल प्रिन्सिपल वा प्रतिनिधिले विद्यार्थी, आमाबाबु/आधिकारिक अभिभावक(हरू) र स्कूल समुदायलाई स्कूल पोसाक/ड्रेस कोड नीतिबारे सूचीत गर्नेछन्। यो लिखित नीतिको पालना सम्पूर्ण विद्यार्थीहरू र आमाबाबु/अभिभावक(हरू)ले गर्ने अपेक्षा गरिन्छ।

स्कूल पोसार/ड्रेस कोड नीतिका बारेमा प्रश्नहरू स्कूल प्रिन्सिपल वा प्रतिनिधिलाई सोध्नु पर्नेछ।

<u>अनुपयुक्त पोसाक सच्याउनका लागि कार्यविधि:</u>
स्कूल प्रिन्सिपल स्टाफले विद्यार्थीहरूले अनुपयुक्त पोसाक लगाएको परिस्थितिमा निम्नलिखित कार्यविधिहरू समान रूपमा लागू गर्नुपर्नेछ। विद्यार्थीले अनुपयुक्त पोसाक लगाएको स्थितिमा स्कूल स्टाफले विद्यार्थीलाई शैक्षणिक प्रक्रियाबाट निकाल्नु वा घर पठाउनु हुँदैन। स्टाफले तुरुन्त सुधार गर्न सकिने अनुपयुक्त पोसाक सुधार गर्न निर्देशन दिनेछन् र यसका लागि अरू कार्बाही आवश्यक छैन।
यदि अनुपयुक्त पोसाक तुरून्तै सुधार गर्न सकिँदैन भने, स्टाफले निम्न चरणहरू अपनाउनु पर्नेछ:
तह १ – सुरुको वा विरल उल्लङ्घन (शिक्षक नेतृत्वमा)

- अभिभावक सम्पर्क
- पहिचान प्रणालीसँग व्यवहार करार
- विद्यार्थीसँग निजी बैठक

तह २ – तह १ लागू गरेपछि पछि बारम्बार दोहोरिने उल्लङ्घनहरू (प्रशासक वा टोलीको नेतृत्वमा)

- पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने
- गृह भ्रमण

तह ३ – निरन्तर र बारम्बारका उल्लङ्घनहरू

- सुविधाहरूबाट बञ्चित गर्नु (स्कूल र कक्षाकोठा

उपस्थिति अपेक्षाहरू

विधान १६७.०३१, आसएसएमओले सात (७) वर्षदेखि सत्र (१७) वर्षसम्म उमेरका बच्चाहरूको नियन्त्रण वा रक्षा गर्ने कुनै पनि आमाबाबु, अभिभावक वा अन्य व्यक्तिले बच्चा स्कूल वर्षको पूर्णावधिका लागि सामुदायिक, निजी, पारोकियल स्कूल, गृह स्कूल वा विभिन्न स्कूलहरूको योगमा भर्ना भएको र नियमित रूपमा ती स्कूलमा जाने कुरा सुनिश्चित गर्नु पर्नेछ।

- "डिस्ट्रिक्टका लागि अनिवार्य उपस्थिति उमेर" पदावलीले सत्र (१७) वर्षको उमेर जनाउँछ।
- पाँच (५) देखि सात (७) वर्षसम्मका बच्चाहरूले स्कूल जानु पर्दैन। यद्यपि, यदि उनीहरूलाई सामुदायिक (पब्लिक) स्कूलमा भर्ना गरिएको छ भने आमाबाबु वा अभिभावकले उनीहरू नियमित रूपमा स्कूल गेको सुनिश्चित गर्नुपर्नेछ।

उपस्थिति नियमनको अपवाद गणना गरिएको लघुकारक परिस्थितिहरू हुनेछन् जसलाई स्कूलले प्रमाणीकरण गर्नु पर्ने र छूट दिनु पर्नेछ। विद्यार्थीहरूलाई उपस्थिति नियमनबाट निम्न कारणका लागि अस्थायी रूपमा छूट दिइनेछ:

- अस्पताल भर्ना – डिस्चार्ज वक्तव्यले प्रमाणीकरण गरेको विस्तारित अस्पताल बसाइ
- विद्यार्थी बिरामी – व्यक्तिगत, शारीरिक, वा भावनात्मक बिरामी वा दुर्घटनाबाट विस्तारित स्वास्थ्य लाभ जसलाई फिजिसियन, दन्तचिकित्सक, वा नर्स प्र्याक्टिसनरले तलका मध्ये एक विधिले प्रमाणीकरण गर्छन्:
    - डाक्टर/नर्स प्र्याक्टिसनरबाट प्रमाणीकरण सहित सङ्क्रामक
    - अनुपस्थिति समय सिफारिस सहित फिजिसियनको नोट
    - दीर्घकालीन/बारम्बार दोहोरिने बिरामीको वक्तव्य सहितको फिजिसियनको नोट
    - ५०४ योजना जसले दीर्घकालीन/बारम्बार दोहोरिने बिरामीको सम्बोधन गर्छ
- टाउकाको जुम्रा – एक दिनमा सीमित (स्कूल नर्सद्वारा जुम्रा जाँच बाँकी हुने)
- अभिभावकको पत्र (मातृ भाषामा) उल्लेख भए अनुसार विद्यार्थीको आस्थाका लागि विशेष र मान्यताप्राप्त विदाहरू र इएसओल कार्यक्रमले धार्मिक विदाहरूको क्यालेन्डरले प्रमाणीकरण गरे अनुसार।
- उल्लिखित पारिवारिक आकस्मिकता
- एजेन्सीले आवश्यक गरेका बैठकहरू (जस्तै अदालतको तारिख, बच्चा विभाग परिरवार सहयोग बैठक, इएसओएलका लागि आप्रवासन)

अन्य कुनै लघुकारक परिस्थितिहरूका लागि, विद्यार्थीको आमाबाबु/आधिकारिक अभिभावक(हरू)ले भवन प्रिन्सिपल सामु औपचारिक अपील गर्नुपर्नेछ। उपस्थितिका अर्को एक मात्र छूट भनेको ती अनुपस्थितिहरू हुन् जुन प्रिन्सिपल वा उनका प्रतिनिधिले प्रमाणित गरेका हुनेछन् जसलाई तल उल्लेख गरिएको छ:

- शिक्षाका लागि पूर्व स्कूल प्रणाली स्वीकृत यात्रा
- परिवारमा कसैको मृत्यु (एक हप्ताभन्दा बढी हुनु नहुने)
- प्राकृतिक प्रकोप र/वा विपत्ति

कुनै जागिरका लागि काम गर्न विद्यार्थीलाई स्कूलबाट छूट दिइनेछैन, जबसम्म त्यो स्वीकृत शैक्षिणिक कार्यक्रमको अंश हुँदैन।

आधारभूत र माध्मिक स्कूल विद्यार्थीहरूका लागि अनुपस्थित हुने दिनमा अस्थायी रूपमा छूट दिइएका अनुपस्थितिहरू, छूट नदिइएका अनुपस्थितिहरू र निलम्बनहरू सामेल छन्।

पूर्ति काम:

- लघुकारक परिस्थितिहरूमा अल्झिएका प्रमाणीत भएका, र त्यसकारण ग्रेडहरू प्राप्त गर्न योग्य भएका विद्यार्थीहरूले कोर्स पास गर्नका लागि छुटेको कामको पूर्ति नगरी ग्रेडहरू पाउनेछैनन्।
- स्कूल-स्वीकृत क्षेत्र भ्रमणहरू वा अन्य शैक्षिणिक क्रियाकलापहरूमा सहभागी हुने विद्यार्थीहरू जसलाई ती कामका लागि स्कूलबाट बाहिर हुनुपर्ने आवश्यकता हुन्छ तिनीहरूलाई उपस्थित मानिनेछ र काम पूर्ति गर्ने अवसर दिइनेछ।

- व्यक्तिगत बिमारी, परिवारमा गम्भीर बिमारी, परिवारमा मृत्यु (एक हप्ता ननाघ्नेगरी), वा विद्यार्थीको आफ्नै आस्थासँग सम्बन्धित स्वीकृत धार्मिक विदाका लागि विद्यार्थीला अस्थायी छूट प्रदान गरिनेछ र काम पूर्ति गर्ने अवसर प्रदान गरिनेछ।

<u>अनुपस्थिति वा ढिलासुस्तीको सूचना:</u>

- स्वास्थ्यका कारणले विद्यार्थीले घरमा बस्नु पर्ने भएमा अभिभावकले स्कूल प्रशासन कार्यालय र स्कूल नर्सलाई सूचीत गर्नु पर्नेछ। विद्यार्थी स्कूल फर्किँदा, आफ्नो अनुपस्थितिको कारण उल्लेख भएको आमाबाबु/अभिभावक(हरू)को हस्ताक्षरित वक्तव्य विद्यार्थीले स्कूल ल्याउनु पर्नेछ। माथि रेखाङ्कित गरिए अनुसार अन्य दस्ताबेजहरू आवश्यक हुन सक्छन् (जस्तै फिजिसियनको पत्र, डिस्चार्ज वक्तव्य, अदालती दस्ताबेज, आदि।)
- विद्यार्थी स्कूलमा ढिलो आउँदा आमाबाबु वा अभिभावकले सो ढिलासुस्तीको लिखित कारण प्रदान गर्नु पर्नेछ।
- यदि कुनै विद्यार्थी अनुपस्थित छ वा ढिलो आएको छ र आमाबाबु/अभिभावकले अनुपस्थिति वा ढिलासुस्तीको कारण सूचीत गरेको छैन भने, स्कूलले आमाबाबु/अभिभावकलाई सम्पर्क गर्नेछ।

विद्यार्थी लगातार तीन (३) दिनका लागि अनुपस्थित(छूट नदिइएका वा उल्लेख नगरिएका) हुन्छ भने वा जम्मा अनुपस्थिति ३-५ छ भने, स्कूलले पहिलो पत्र तयार गरी आमाबाबु/अभिभावकलाई पठाउनेछ। अतिरिक्त अनुपस्थितिहरू, छूट दिइएका/नदिइएका, लाई निम्न तरिकाले सम्बोधन गरिनेछ।

- ६-९ अनुपस्थिति = दोस्रो अभिभावक पत्र
- १० वा बढी अनुपस्थितिहरू = तेस्रो अभिभावक पत्र र बच्चा सेवाको मिजौरी शाखा, जुभेनाइल अदालत र/वा सहर अदालतमा सूचना पठाइने।

अनुपस्थित भएका विद्यार्थीहरूका अभिभावकहरूलाई सामाजिक कार्यकर्ताले सम्पर्क गर्नेछन्। स्कूल सामाजिक कार्यकर्ताले आमाबाबु/अभिभावक(हरू)को सहयोग सूचीकृत गर्नेछन् र विद्यार्थीलाई उपस्थिति र/वा समयनिष्ठता सुधार गर्न हरेक युक्तिसङ्गत प्रयास गर्नेछन्, र पनि निरन्तर र अत्यधिक अनुपस्थिति अनुशासनात्मक कार्बाहीका लागि पर्याप्त कारण हुनेछन् जसमा निम्न सामेल छन् – अतिरिक्त क्रियाकलापहरूमा सहभागिताबाट वर्जित गरिने, समुदाय सहयोग एजेन्सीहरू वा अन्य परिवार सहयोग समुदाय आधारित एजेन्सीहरूमा रेफरल गरिने, र/वा जुभेनाइल अदातल, सहर अदालत र/वा बच्चा सेवाको मिजौरी शाखामा रेफरल गरिने।

राष्ट्रिय स्कूल लन्च कार्यक्रम/स्कूल ब्रेकफास्ट कार्यक्रम

२०१४-१५ स्कूल वर्षदेखि, सेन्ट लुइस पब्लिक स्कूलहरू परिमार्जित खाना सेवा नीति अन्तर्गत निरन्तर सञ्चालन भैरहेका छन्, जसलाई सामुदायिक योग्यता प्रावधान (सिइपि) कार्यक्रम भनिन्छ। सिइपि कार्यक्रमको उद्देश्य परिवारका आवेदनहरू सङ्कलन गर्ने **प्रशासकीय बोझ हटाउने हेतुले** योग्य उच्च गरिबी सिकाइ शिक्षा एजेन्सी (एलइए) र स्कूलहरूमा निशुल्क स्कूल खानाको लागि **पहुँच सुधार** गर्नु हो। सिइपि कार्यक्रम मार्फत एसएलपिएसका सम्पूर्ण विद्यार्थीहरूले निशुल्क ब्रेकफास्ट र लन्च खाना प्राप्त गर्छन्।

खाद्य र पोषण सेवा विभाग बारे बढी जानकारीका लागि कृपया (३१४) ३४५-४५१९ वा (३१४)३४५-२३०८ मा सम्पर्क राख्नुहोस्। स्वस्थकर खाना, मासिक मेनु र प्रवर्द्धन सम्बन्धी अतिरिक्त जानकारीका लागि। **www.slps.org मा जानुहोस्, आमाबाबु र विद्यार्थी ट्याबमा क्लिक गर्नुहोस्, खाद्य र पोषण सेवामा** जानुहोस्।

तपाईंको सुविधाका लागि स्वास्थ्य र तन्दुरुस्ती नीति एसएलपिएस डिस्ट्रिक्टको वेबपेज www.slps.org मा छ, **आमाबाबु र विद्यार्थी ट्याबमा क्लिक गर्नुहोस्, खाद्य र पोषण सेवामा जानुहोस्**□ यदि तपाईंसँग प्रश्नहरू छन् भने खाद्य र पोषण सेवा विभागलाई (३१४) ३४५-४५१९ वा (३१४) ३४५-२३०८मा सम्पर्क राख्नुहोस्।

विशेष आहार आवश्यकता

विशेष खाद्य योजना आवश्यक पर्ने विद्यार्थीहरूले वा विशेष खाद्य एलर्जी भएका विद्यार्थीहरूले ओएचएस १८ (विशेष आहारका लागि प्रेस्क्रिप्सन) पूरा गरेको हुनुपर्नेछ। यो फाराम स्कूलको नर्सबाट वा **www.slps.org** मा आमाबाबु र अभिभावकहरू, विद्यार्थी स्वास्थ्य मा गएर प्राप्त गर्न सकिनेछ। मेडिकल प्रदायकको हस्ताक्षर र अभिभावकको हस्ताक्षर दुवै हुनु जरुरी छ। जीवन जोखिममा पार्ने खाद्य एलर्जी भएका विद्यार्थीहरूका लागि खाद्य एलर्जी कार्ययोजनाका साथै प्रेस्क्राइब गरेका औषधिहरू (जस्तै बेनाड्रिल, एपिमेन्स) स्कूल स्वास्थ्य कार्यालयलाई प्रदान गरिनुपर्नेछ। औषधिहरू दिनका लागि ओएचएस १४ (औषधि दिनका लागि अधिकार) पूरा गरिएको हुनु आवश्यक छ, जसलाई अभिभावक र डाक्टरले भरेको हुनुपर्छ। औषधिहरूमा प्रेस्क्रिप्सन लेबल भएको हुनुपर्नेछ र ती वास्तविक कन्टेनरमा हुनुपर्नेछ। आमाबाबु/अभिभावक(हरू)ले आफ्नो स्कूल नर्सलाई वा (३१४) ३४५-४४०१ मा स्वास्थ्य सेवा नर्स संयोजकलाई सम्पर्क गर्नुपर्नेछ।

स्कूलहरू र तिनीहरूको फोन नम्बरको सूचीका लागि, कृपया डिस्ट्रिक्ट वेबसाइट www.slps.org हेर्नुहोस्। स्कूल पुगेपछि, स्कूल नर्सलाई सोध्नुहोस्।

प्रारम्भिक बाल्यावस्था शिक्षा

हाम्रो मिसन एसएलपिएसका सम्पूर्ण प्रि-केजी विद्यार्थीहरू किन्डरगार्टन र त्यसपछिका लागि तयार भएको सुनिश्चित गर्नु हो।

मान्यताहरू

- सामाजिक-आर्थिक दर्जा, जात, वा लिङ्ग जेसुकै भएता पनि सबै बच्चाहरूले सिक्न सक्छन्।
- सिकाइ जन्मबाट सुरु हुन्छ।
- शैक्षिक प्रक्रियामा आमाबाबुहरूलाई सामेल गरिनुपर्छ।
- विद्यार्थी सिकाइका लागि दक्ष, संवेदनशील र उपयुक्त रूपमा प्रोत्साहित शिक्षकहरू आवश्यक छन्।
- सबै विद्यार्थीहरूका लागि उच्च उपलब्धि प्रोत्याहित गर्न समुदाय संलग्न हुनुपर्नेछ।
- सेन्ट लुइस पब्लिक स्कूलहरू स्कूल समुदायभरि साझेदारीहरू निर्माण गरेर विद्यार्थीहरूलाई उनीहरूको सिकाइमा बाधा दिने कुनै पनि अवरोधलाई परास्त गर्न प्रतिबद्ध छन्।

लक्ष्यहरू

- जन्मदेखि प्रिस्कूलको उमेरसम्म बच्चाहरूको भावनात्मक, शारीरिक, संज्ञानात्मक, र भाषा विकास प्रवर्द्धन गर्नु।
- हरेक बच्चाको विकासात्मक सीपहरूको सुधारतर्फ डोऱ्याउने विकासात्मक रूपले उपयुक्त क्रियाकलापहरूमा प्रत्येक परिवारलाई संलग्न गराउने।
- घरहरू तथा स्कूलहरूको सम्बन्ध बलियो बनाउने अनुभवहरूको आदानप्रदान र योजनामा अभिभावकहरू, बच्चाहरू, स्टाफ र समुदायका सदस्यहरूलाई संलग्न गराउने।
- सेन्ट लुइस सहरमा बस्ने सम्पूर्ण ३ र ४ वर्षका बच्चाहरूलाई सिकाइको पहुँच प्रादन गर्ने।

भर्ना

आगामी वर्षका लागि एसएलपिएस प्रि-केजी कार्यक्रमका लागि रजिस्ट्रेसन फेब्रुअरीको सुरुमा सुरु हुन्छ। बढी जानकारीक लागि, (३१४) ३३१-६१५० मा फोन गर्नुहोस् वा Slps.org/Early Childhood Education को सन्दर्भ लिनुहोस्।

रजिस्ट्रेसनका बेला स्कूल निर्धारण प्राप्त गर्नक लागि परिवारहरूले सम्पूर्ण निम्नलिखित दस्ताबेजहरू ल्याउनु पर्नेछ। आवश्यक सम्पूर्ण कागजपत्रहरू इसिइ कार्यालयमा नबुझाउन्जेल, तपाईंको रजिस्ट्रेसन प्रक्रिया सुरु हुँदैन भन्ने कुरा कृपया नोट गर्नुहोस्।

- आधिकारिक राज्यले जारी गरेको जन्म प्रमाणपत्र, वा उठेको छाप भएको पासपोर्ट।
- आमाबाबु/आधिकारिक अभिभावक पहिचान – सरकारले जारी गरेका वैध परिचयपत्र वा पासपोर्ट।
- आवासको प्रमाण – आफ्नो नाम, र वर्तमान ठेगाना (अमरिन, स्पायर, वा सेन्ट लुइस सहर पानी विभाग) वर्तमान युटिलिटी बिलसहितको सेन्ट लुइस सहरको वासिन्दा हुनुपर्ने। डिस्ट्रिक्ट कर्मचारीहरूले पनि आवासका आवश्यकताहरू पूरा गर्नुपर्नेछ।
- वार्षिक आयको प्रमाण – तलका मध्ये एक: वर्तमान कर फिर्ती; डब्लु-२, एसएसआइ वक्तव्य पत्र; एसएसए बजेट/लाभ प्रमाणीकरम पत्र; टिएएनएफ पत्र; वा तपाईंको आय सामेल भएको सबैभन्दा पछिल्लो फुड स्ट्याम्प बजे सारांश (*त्यसमा $०.०० नगद भएता पनि*)□
- आफ्नो बच्चाक लागि वर्तमान खोप (इम्युनाइजेसन) रेकर्ड, पछिल्लो वर्ष भित्रमा।
- बच्चाको वर्तमान स्वास्थ बीमाको प्रमाण, यदि लागू हुने भए।
- वर्तमान शारीरिक जाँच – बच्चाको फिजियसनले पूरा गरेको, पछिल्लो वर्ष भित्रको, र लिड तथा हेमोग्लोबिन साङ्ख्यिक नतिजा भएको।
- पछिल्लो वर्षभित्रमा बच्चाको दन्तचिकित्सकले पूरा गरेको वर्तमान दन्त फाराम।

इसिइ पाठ्यक्रम जानकारी

सेन्ट लुइस पब्लिक स्कूल्सको इसिइ पाठ्यक्रमले मूलभूत शैक्षिक क्षेत्रहरूमा औपचारिक अध्ययन प्रदान गर्नेछ। पाठ्यक्रम क्षेत्रहरूमा कला (अङ्ग्रेजी), गणित, सामाजिक अध्ययन, र विज्ञान सामेल छन्। यस पाठ्यक्रमले विद्यार्थीहरूलाई सम्पादन कला, प्रायोगिक कला, व्यावसायिक वा प्राविधिक शिक्षार अन्य क्षेत्रहरूमा विशेष ट्यालेन्ट र रुचिहरू विकसित गर्नका लागि अवसर प्रदान गर्दछ। शिक्षण र सिकाइ प्रक्रियामा कल्पनाशीलता र सिर्जनात्मकताका लागि पर्याप्त अवसरहरू हुने भएता पनि, सिकाइको निरन्तरता सुनिश्चित गर्न समग्र पाठ्यक्रम समग्र स्कूल प्रणालीभरि एउटा हुनेछ।

यो पाठ्यक्रम मिजौरी प्रारम्भिक सिकाइ स्तरले मार्गनिर्देशित गरेको विद्यार्थीको क्रमागत शैक्षिक अनुभव तथा परियोजना संरचना (कन्सट्रक्ट) का लक्ष्य र उद्देश्यहरूको कुल योग हो। यस पाठक्रमले क्षमता, विकासको दर र सिकाइ शैलीमा बच्चाका भिन्नताहरूको पहिचान गर्छ।

हरेक विषयक्षेत्र र/वा एकल कोर्सका लागि लिखित पाठ्यक्रम शिक्षा बोर्डद्वारा स्वीकृत हुनेछ र त्यसले शैक्षिक उपलब्धि सुधार गर्ने बोर्डको प्रमुख प्राथमिकता प्रतिबिम्बित गर्नेछ। सो पाठ्यक्रमले बोर्डले स्वीकृत गरेको रणनैतिक योजनामा भएका सिफारिसहरू प्रतिबिम्बित गर्नेछ। डिस्ट्रिक्टले विद्यार्थीको आवश्यकतामा आधारित रहेर पाठ्यक्रमको मूल्याङ्कन, अनुगमन र परिमार्जन गर्नेछ।

एसएलपिएस प्रि-केजी कक्षाकोठाहरूले परियोजना संरचना कार्यान्वयन गर्नेछन्, जुन *एउटा प्रारम्भिक बाल्यावस्था पाठ्क्रम संरचना हो जहाँ शिक्षकहरूले* प्रत्येक विद्यार्थीलाई भौतिक र सामाजिक विश्वसँग उनीहरूको अन्तर्क्रियाको नतिजास्वरूप उनीहरूको आफ्नै ज्ञान र मान्यताहरू निर्माण गर्न *प्रोत्साहित गर्दछ*□ हाम्रा कक्षाकोठाहरूले मिजौरी प्रारम्भिक सिकाइ स्तरहरू र डिस्ट्रिक्टको परिपूरकीय पाठ्यक्रमबाट एकल र सामुहिक क्रियाकलापहरूको योजना पनि गर्दछन्।

एसएलपिएसले एलिमेन्टरी र माध्यमिक शिक्षाको मिजौरी विभागले सिफारिस गरेको मूल्याङ्कन अपेक्षित नतिजा विकासात्मक प्रोफाइल (डिजायर्ड रिजल्ट्स डेभलपमेन्टल प्रोफाइल) "डिआरडिपि" अगाँलेको छ। साना बच्चाहरू तथा परिवारहरूका लागि डिआरडिपि एउटा गुणात्मक मूल्याङ्कन उपकरण हो, जसलाई शिक्षण र कार्यक्रम विकासलाई सूचीत गर्न प्रयोग गरिन्छ।

अतिरिक्त जानकारीका लागि, कृपया हेर्नुहोस्

- एसएलपिएस पाठ्यक्रम सिंहावलोकन: *http://sab.slps.org/Board_Education/policies/6140.htm*
- परियोजना संरचना: *projectconstruct.orgv*
- अपेक्षित नतिजा विकासात्मक प्रोफाइल (डिआरडिपि): *desiredresults.us*
- सहभागितात्मक कक्षाकोठाका लागि केन्द्र (सिसिसि): *collaborativeclassroom.org*
- एलिमेन्टरी र माध्यमिक शिक्षा विभाग (डिइएसइ): *dese.mo.gov*

अनुशासन अपेक्षाहरू

- बच्चा र परिस्थितिमा आधारित रहेर शिक्षकहरूले विविध रणनीतिहरू अपनाउन सक्छन्। त्यस्ता रणनीतिहरूमा यी सामेल छन् तर त्यतिमै सीमित छैनन् – बच्चाको ध्यान तान्ने, बच्चाको छेउमा जाने र बस्ने, नियम र अपेक्षाहरू बच्चालाई स्मरण गराउने, सीमाहरू स्थापित हुनु अघि भावनाहरू स्वीकार गर्ने, व्यवहार पुनर्निदेशन वा पथान्तर गर्ने, उमेर उपयुक्त छनोटहरूको प्रस्ताव गर्ने, प्राकृतिक परिणामहरू परिभाषित गर्ने।
- अनुशासन ती वयस्कहरूको जिम्मेवारी हुनेछ, जो बच्चासँगको चालू सम्बन्धमा हुनेछन्। बच्चाले अस्वीकारयोग्य व्यवहारको ढाँचा प्रदर्शित गर्दा शिक्षक/प्रिन्सिपलले अभिभावकहरूलाई सूचीत गर्छन्।
- शिक्षक/प्याराप्रोफेसनल स्टाफ, वा प्रिन्सिपलले योजना निर्माण गर्नका लागि बच्चाका आमाबाबु/अभिभावक(हरू)सँग बैठक गर्नेछन् जसमा बच्चाका आवश्यकताहरू पूरा गर्नका लागि बाहिरी रेफरल पनि सामेल छ तर त्यतिमै सीमित छैन।
- बढी जानकारीका लागि,www.sab.slps.org/board_education/policies/5144.1.htm हेर्नुहोस्।

प्रारम्भिक बाल्यावस्था विशेष शिक्षा, उपस्थिति, मेडिकल जानकारी, अभिभावक स्रोतहरू:
Please visit http://www.slps.org//Domain/36

शारीरिक जाँचहरू, खोपहरू, र औषधिहरू

कृपया आफ्नो स्कूलको नर्सलाई आफ्नो बच्चाको स्वास्थ्य स्याहार टोलीमा सामेल गर्नुहोस्। तपाईंको बच्चाको डाक्टरबाट सन्देश र आदेशहरूलाई स्कूलसँग जोड्ने लिङ्क तपाईं हुनुहुन्छ। आफ्नो बच्चाले नयाँ खोप लगाउने बित्तिकै स्कूलमा खोपका रेकर्डहरू अपटुडेट रहेको निश्चित गर्नुहोस्, स्कूलमा दिनका लागि एक प्रति माग्नुहोस्। सम्झिनुहोस्, नर्सले तपाईंको बच्चाको इलेक्ट्रोनिक फाइल राख्छन्, र त्यसलाई अपटुडेट राख्नका लागि तपाईंमा भर पर्छन्।

हामीसँग तपाईंले प्रयोग गर्न सक्ने मेडिकल फारामहरू छन् www.slps.org>>Parents **and Students>>> Student Health** मा जानुहोस्☐

शारीरिक जाँच

यदि तपाईंको बच्चाको विशेष मेडिकल स्थिति छ वा विशेष स्वास्थ्यस्याहार आवश्यकताहरू छन् भने, जसमा नियमित स्कूल समयमा औषधि लिनु पर्ने आवश्यकता सामेल छ, अभिभावक र डाक्टरले हस्ताक्षर गरेको शारीरिक जाँच(ओएचएस १९) र औषधि अनुमति पर्चा (ओएचएस १४) हरेक स्कूल वर्षका लागि आवश्यक छ। कृपया बचेको औषधि कृपया स्कूलको अन्तिम दिन अघि नै उठाउनुहोस्, नत्र त्यसको व्यवस्थापन गरिनेछ, र अर्को वर्ष प्रयोग गर्नका लागि स्कूलमा राख्नुहोस्।

तपाईंको बच्चाको डाक्टरले "कार्य योजना (एक्सन प्लान)" भरेको हुन्छ, जसले स्कूललाई उनीहरूको अवस्थामा कसरी स्याहार गर्ने बताउँछ। यी धेरै महत्त्वपूर्ण छन्:

- **दम** भएका विद्यार्थीहरूका लागि दम कार्य योजना
- **मधुमेह** भएका विद्यार्थीहरूलाई मधुमेह कार्य योजना
- **सिजर** विकार भएका विद्यार्थीहरूका लागि सिजर कार्य योजना
- **खाद्य एलर्जीहरू** र ओएचएस-१८ भएका विद्यार्थीहरूका लागि खाद्य एलर्जी कार्य योजना
- **सिकल सेल** भएका विद्यार्थीहरूकाल गि सिकल सेल कार्य योजना
- विद्यार्थीलाई औषधि दिनका लागि अख्तियारी (अधिकार)

अभिभावक र डाक्टरद्वारा हस्ताक्षर गरिएको ओएचएस १८ प्रेस्क्रिप्सन नामाकरण गरिएको फाराम नर्सलाई आवश्यक हुन्छ जुन उनले प्रतिस्थापित खाना(जस्तै ल्याक्टोजरहित दूध, प्यूरिड खाद्य वा खानामा अन्य परिवर्तन) प्रदान गर्नका लागि क्याफ्टेरियामा दिन्छन्☐

प्रशंसाकार्य (चियरलिडिङ) र खेलकूद टोलीहरूमा भाग लिने सबै विद्यार्थीहरूको वार्षिक खेलकूद शारीरिक जाँच रिपोर्ट स्कूल नर्स र खेलकूद कार्यालयको फाइलमा हुनु आवश्यक छ☐ उपयुक्त फारामका लागि स्कूल नर्ससँग भेट्नुहोस् वा डिस्ट्रिक्टको वेबसाइट (http://www.slps.org/Domain/71) मा हेर्नुहोस्।

खोपहरू

(राज्य कानुन खण्ड -१६७.१८१आरएसएमओ) ले विद्यार्थीहरूलाई स्कूल आउनका लागि अपटुडेट गरिएको खोप रेकर्ड आवश्यक गरेको छ। प्रिस्कूल र स्कूल उमेर भएका बच्चाहरूका लागि तालिका स्कूल डिस्ट्रिक्टको वेबसाइटमा अभिभावक र विद्यार्थी लिङ्कमा, स्कूल स्वास्थ्य अन्तर्गत पर्छन्। १० दिनको ग्रेस अवधि (क्यालेन्दर दिन) र स्थानान्तरणमा भएका विद्यार्थीहरूका लागि ३० दिन छन्। यदि खोप छूटका बारेमा जानकारी अपेक्षा गरिएको छ भने, आमाबाबु/अभिभावकहरूलाई सेन्ट लुइस स्वास्थ्य विभागमा रेफर गरिनेछ, जहाँ शिक्षा र फारामहरू (अनुरोध गरिएमा) प्रदान गरिनेछन्। आफ्नो बच्चालाई खोपले निषेध गर्ने बिमारीबाट बचाउन र मिथकबाट बच्नुका फाइदा र बेफाइदा तौलिनुहोस्।

रेकर्ड पूर्ण हुनका लागि, त्यसमा महिना, मिति, र वर्ष भएको निश्चित गर्नुहोस्।

आफ्नो बच्चाले नयाँ खोप लगाएको बेला जहिले पनि स्कूल नर्सलाई सूचीत गर्नुहोस् र स्कूललाई एक प्रति प्रदान गर्नुहोस् वा सो रेकर्ड कपी गर्ने अवसर दिनुहोस्। कुनै महामारी फैलिएमा तपाईंको बच्चालाई स्वास्थ्य विभागले निर्धारण गरेको समयका लागि अलग्गै राख्नुपर्ने हुनसक्छ। खोपक लागि जाने स्थानहरूको सूची डिस्ट्रिक्टको वेबसाइटको विद्यार्थी स्वास्थ्य पृष्ठमा उपलब्ध छ।

औषधिहरू

स्कूलमा औषधि लिने बारे बोर्डको नीति पि५१४१.५ हो। यस नीति अनुसार शिक्षा बोर्डले बच्चाहरूलाई स्कूलमा औषधि दिने कुरा निरुत्साहित गर्दछ।

स्कूलमा औषधि दिनका लागि अनुमति(ओएचएस-१४) र/वा स्कूलमा औषधि आफैँ खानका लागि अनुमति (ओएचएस-१५) फाराम, जसलाई विद्यार्थी स्वास्थ्य वेबसाइट वा स्कूल नर्सबाट प्राप्त गर्न सकिन्छ, यो प्रक्रिया स्कूलमा औषधि लिने प्रत्येक विद्यार्थीका लागि गरिनुपर्नेछ। **आमाबाबु/अभिभावकहरू सबै औषधिहरू फार्मेसी वा उत्पादनकर्ताको लेबल लागेको कन्टेनर वा प्याकेजमा प्रदान गर्नका लागि जिम्मेवार छन्।** स्कूलले औषधि भन्डारण गर्नका लागि एउटा सुरक्षित ताला लगाउने भन्डार प्रदान गर्नेछ, जसमा अधिकारप्राप्त व्यक्तिहरूको मात्र पहुँच हुनेछ। यदि प्रेस्क्रिप्सन स्कूल र घरका बीचमा बाँड्नुपर्‍यो भने, स्कूल मा प्रयोग गरिने कन्टेनरमा प्रेस्क्रिप्सन लेबल भएको कुरा निश्चित गर्नुहोस्।

आमाबाबु/अभिभावक र डाक्टरले हस्ताक्षर गरेको औषधि आफैँ बोक्ने र लिने अनुमति(ओएचएस १५) नहुँदासम्म विद्यार्थीसँग औषधिहरू स्कूल नपठाउनुहोस्। आमाबाबु/अभिभावकहरू, वा आमाबाबु/अभिभावकले नियुक्त गरेको जिम्मेवार वयस्कले सबै औषधिहरू स्कूल पुर्‍याउनु पर्नेछ र सोझै स्कूल नर्स वा प्रतिनिधिलाई हस्तान्तरण गर्नु पर्नेछ। सेड्युल २एस भनिने निश्चित किसिमका औषधिहरूलाई वास्तवमा बोकी ल्याउने वयस्कले र प्राप्त गर्ने स्टाफ सदस्यले गणना गर्नु पर्नेछ।

तपाईं वा प्रेस्क्राइब गर्ने डाक्टरका लागि स्वीकृति फारामहरू हाम्रो वेबसाइट www.slps.org मा अभिभावक तथा विद्यार्थी लिङ्कमा विद्यार्थी स्वास्थ्यमा क्लिक गरेर लिन सकिन्छ। कृपया अतिरिक्त जानकारीका लागि आफ्नो बच्चाको स्कूलको नर्ससँग सम्पर्क राख्नुहोस्।

विशेष आहार आवश्यकता

विशेष खाद्य योजना (उदाहरणका लागि खाद्य एलर्जीहरू, वा टन्सिलेक्टोमी) आवश्यक हुने विद्यार्थीहरूसँग आफूलाई आवश्यक पर्ने खाद्य योजना देखाउने डाक्टरको प्रेस्क्रिप्सन हुनु आवश्यक छ। बढी जानकारीका लागि आमाबाबु/अभिभावक(हरू)ले खाद्य सेवालाई (३१४) ३४५-२३०८ मा वा (३१४) ३४५-४५१९ मा सम्पर्क गर्नु पर्नेछ। **(ओएचएस-१८ फाराम – *विशेष आहारका लागि प्रेस्क्रिप्सन*– कृपया फारामको कुनामा आफ्नो बच्चाको अपटुडेट फोटो राख्नुहोस्।)** यो फाराममा अभिभावक र मेडिकल प्रदायकले हस्ताक्षर गर्छन्। यो डिस्ट्रिक्ट वेबसाइट http://www.slps.org/Domain/71 मा छ।

जीवन जोखिममा पार्ने खाद्य एलर्जीहरू

कार्य योजनामा आदेश गरिएका एपि पेन्स वा बेनाड्रिल जस्ता आकस्मिक औषधिहरूलाई फार्मासिस्टले उपयुक्त लेबल गरेको हुनुपर्छ र स्कूल नर्सलाई दिएको हुनुपर्नेछ। औषधिहरूमा कार्य योजनाका आदेशहरूसँग मिल्ने फार्मेसी लेबल हुनुपर्नेछ। कृपया प्रेस्क्राइब गरिएको आकस्मिक औषधि र औषधि दिनका लागि अनुमति फाराम (ओएचएस १४) स्कूलको पहिलो दिन मै स्कूल नर्सलाई दिनुहोस्। खाना प्रतिस्थापनको प्रावधान डाक्टरको आदेशबाट मात्र हुनेछ – ओएचएस-१८ एलिमेन्टरी र माध्यमिक शिक्षा विभाग (डिइएसइ)ले सामान्य दिइनेभन्दा केही भिन्न विद्यार्थीलाई दिनु परेमा डाक्टरको आदेश जरुरी गरेको छ। हाम्रा सम्पूर्ण एलर्जी नीतिहरू र कार्यविधिहरू यहाँ स्छन् बोर्ड नीतिहरू www.slps.org >>Board Policies>>Article 5, 5142P and 5142R.

समुदाय साझेदारी

हाम्रो सबैभन्दा ठूलो लक्ष्यमध्ये एउटा सबै परिवारका सबै सदस्यहरूका लागि हो र सो उनीहरू शारीरिक रूपमा, मानसिक रूपमा, आध्यात्मिक रूपमा, सामाजिक रूपमा र भावनात्मक रूपमा सर्वोत्तम अवस्थामा हुन् भन्ने हो। हाम्रो डिस्ट्रिक्टसँग बोर्ड स्वीकृत सहमति हस्ताक्षर गर्ने समुदायका स्वास्थ्य साझेदारहरूले दन्त, शारीरिक र दृष्टि स्वास्थ्यमा मद्दत गर्नका लागि आफ्ना मोबाइल एकाइहरू र/वा आपूर्तिहरू स्कूलमा ल्याउँछन्। उचाइ, तौल, श्रवण र दृष्टि सम्बन्धी जाँचहरूका लागि अभिभावकको सहमति आवश्यक हुँदैन। अन्य सेवाहरूका लागि आवश्यक हुन्छ। अभिभावकहरूले सहमति फाराम भरेका खण्डमा धेरै साझेदारहरूले चस्मा, दाँत भर्ने, खोप र शारीरिक जाँचमा मद्दत गर्छन्। यदि कुनै फाराम स्पष्ट छैनन् भने वा यदि कुनै छलफल गर्नुछ भने स्कूल नर्ससँग सम्पर्क राख्नुहोस्। यी सेवाहरूले उपलब्ध हुँदा पनि तपाईंको आफ्नै प्राथमिक स्याहारकर्ताको ठाउँ यसले लिँदैन, जसले तपाईंको स्याहार स्कूलका एकल जाँचबाट बाहिर गर्नेछन्।

आफ्नो बच्चाको स्याहारमा तपाईंले गरेका सबै कामका लागि, र सेन्ट लुइस पब्लिक स्कूल्सलाई त्यसको अंश हुने अवसर दिनुभएकामा तपाईंलाई धन्यवाद। हामी सँगै मिलेर सबल स्कूलहरू, सबल बच्चाहरू, र सबल समुदायहरू निर्माण गर्नेछौं!
अरू मद्दत आवश्यक भए स्कूल नर्स संयोजकसँग सुरिल्ला सलाई ३१४-३४५-४४०१मा फोन गरेर वा Surilla.shaw@slps.org मा इमेल गरेर सम्पर्क गर्नुहोस्।

सुरक्षा र सेक्युरिटी

सेन्ट लुइस पब्लिक स्कूल सुरक्षा र सेक्युरिटी विभागले हाम्रा विद्यार्थीहरू, स्टाफ, कर्मचारीहरू, र आगन्तुकहरूलाई सुरक्षित र सेक्युर सिकाइ र कार्यवातावरण प्रदान गर्नका लागि उद्योगकै सर्वोत्तम अभ्यासहरू र अत्याधुनिक सेक्युरिटी प्रविधि प्रयोग गर्दछ। सुरक्षा र सेक्युरिटी विभाग सबै मानिसहरूलाई निष्पक्षता, सम्मान र आदरका साथ व्यवहार गरेर सर्वसाधारणको विश्वास र आत्मविश्वास कायम राख्ने कुरामा सधैँ सजग छ।

व्यवस्थापन, सुपरिवेक्षकहरू र स्टाफहरू सेन्ट लिस सहरको पुलिस कमिसनर बोर्डबाट लाइसेन्सप्राप्त राम्ररी तालिमप्राप्त विशेषज्ञहरू हुन् र उनीहरू सेन्ट लुइस पब्लिक स्कूल्सका विद्यार्थीहरू, स्टाफ, आगन्तुकहरूलाई सुरक्षा दिन सशक्तिकृत छन्। आगन्तुक प्रवेश अनुगमन गर्नका लागि हाम्रा हरेक स्कूलसँग एकल-स्थान प्रवेश पद्धति, भिडियो सुपिवेक्षण, र इन्टरकम भएको सुनिश्चित गरेर हामी त्यसो गर्दछौँ। सेक्युरिटी विभागसँग १२६ जना अधिकारीहरू छन् जो सबै मिडल र हाइ स्कूलहरूमा नियुक्त छन्। एलिमेन्टरी स्थानहरू १४ जना मोबाइल निरीक्षकहरूद्वारा दैनिक अनुगमन गरिन्छ।

तालिम र शैक्षिक अवसरहरूका लागि सेक्युरिटी विभागले स्कूल प्रशासकहरू, जोखिम व्यवस्थापन टोली, अभिभावक र विद्यार्थी संलग्नता विभाग, परिवार अदालत, फेडेरल आकस्मिक व्यवस्थापन एजेन्सी, शिक्षा विभाग, सेन्ट लुइस मेट्रोपोलिटन पुलिस विभाग र अन्य बाह्य एजेन्सीहरूसँग नजिकमा रहेका काम गर्छ।

सबै समयमा एसएलपिएस परिसरको भित्री र बाहिरी भागको गस्ती गर्न, र त्यहाँ हुनसक्ने घटनाहरूमा प्रतिक्रिया दिन, मिडल र हाइ स्कूलका ठाउँहरूमा, भवनमा प्रवेश गर्ने प्रत्येक व्यक्तिको स्थिर मेटल डिटेक्टरले जाँच गर्न र त्यसपछि हाते मसिनले जाँच गर्न, उनीहरूको थातठेगान पत्ता लगाउन सेक्युरिटी पर्सोनेलहरू जिम्मेवार हुन्छन्। निरीक्षण हुँदा कर्मचारीहरूलाई देखिने गरी कम्पनीको परिचयपत्र देखाउने अधिकार दिइएको छ।

विद्यार्थी संलग्न भएको घटनाहरूका विषयमा सोधपुछ सबैभन्दा पहिले स्कूल प्रशासकसँग गर्नु पर्नेछ, र त्यसपछि अनुसन्धान फलो अप गर्नका लागि उपयुक्त सूचनाहरू निर्माण गरिनेछ।

यातायात

स्कूल बसमा यात्रा एउटा सुविधा हो – अधिकार होइन अनुपयुक्त व्यवहारले विद्यार्थीलाई अस्थायी वा स्थायी रूपमा बसबाट यात्रा गर्नबाट रोकिन सक्नेछ। यसका लागि बस चालक जिम्मेवार छन्। विद्यार्थीहरूले चालकले भनेको मान्नु पर्नेछ। कुनै विद्यार्थीले डिस्ट्रिक्टको स्वामीत्व भएको वा ठेक्कामा लिएको बसमा कुनै अपराध गरेमा, सो विद्यार्थीलाई सो अपराध उसले आफ्नो निर्धारित स्कूलमा गरेकै तरिकामा दण्डित गरिनेछ। बस कक्षाकोठाकै विस्तारित रूप हो र त्यहाँ दुर्व्यवहार सहन गरिनेछैन। विद्यार्थीहरूले आफूहरूलाई निर्धारित गरिएको बस चढ्नुपर्नेछ। बसभरि र बसको ढोकामा भएका क्रियाकलापहरू रेकर्ड गर्नका लागि हरेक बसमा दुईवटा डिजिटल क्यामेराहरू लगाइएका छन्।

बस चढ्नका लागि प्रतीक्षा गर्दा विद्यार्थीका जिम्मवारीहरू

1. निर्धारित समयभन्दा पाँच (५) मिनेट अगावै बस बिसौनीमा आइपुग्ने बस निर्धारित समयमा नै छुट्नु पर्नेछ□
2. बस रोकिउन्जेल पर्खिने।
3. बस आउँदै गर्दा प्रमुख सडकाबाट टाढा रहने
4. चढ्नका लागि शान्त समान लाइन बनाउने
5. बसमा वा बस छेउ छाउमा सामान छर्न वा सम्पति क्षति गर्न निषेध गरिएको छ। बसको हिँड्ने ठाउँमा पुस्तक, कपडा वा अन्य वस्तु नराख्ने।
6. विद्यार्थी व्यवहार सञ्चालित गर्ने सबै नियमनहरूको पालना गर्ने
7. शङ्कास्पद व्यक्तिहरू वा क्रियाकलापहरूको रिपोर्ट प्रिन्सिपल, आमाबाबु/अभिभावकलाई गर्ने।
8. समूह मै रहने र अपरिचितसँग नबोल्ने वा अपरिचितको कारको नजिक नजाने।

बस चढ्दा विद्यार्थीको जिम्मेवारीहरू

1. तुरुन्तै बस्ने र अगाडि फर्किने आफ्नो बिसौनीमा बस नपुगुन्जेल बसमै बसिरहने र ओर्लिनका लागि निर्देशन पर्खिने
2. आफ्ना पुस्तकहरू र अन्य व्यक्तिगत सामग्री काखमा राख्ने। हिँड्ने ठाउँमा बाधा नगर्ने।
3. घरपालुवा र कुनै पनि किसिमका जनावरहरू बसमा ल्याउन पाइनेछैन।
4. हात, खुट्टा, वा टाउको बस बाहिर निकाल्न निषेध गरिएको छ।
5. बसभित्र वा बाहिर वस्तुहरू फ्याँक्न निषेध गरिएको छ।
6. आकस्मिक स्थितिमा बाहेक चालकलाई अलमल्याउन वा चालकसँग गफ गर्नबाट बच्ने।
7. बसको उपकरणसँग खेल्न र क्षति गर्न निषेध गरिएको छ। विद्यार्थी र/वा आमाबाबु/अभिबावकलाई जिम्मेवार बनाइनेछ।
8. झगडा गर्न, ठेल्न, धक्का दिन वा ठूलो स्वरले कराउन निषेध गरिएको छ।
9. धूमपान, खान र पिउन अनुमति छैन।
10. फ्याँक्ने कुराहरू बसको अघिल्लो भागमा राखेको डब्बामा राख्ने।
11. अपवित्र आचारण वा अश्लील मुद्राहरू निषेध गरिएको छ।
12. कुनै पनि किसिमको हतियार वा खतरनाक उपकरण ल्याउन निषेध गरिएको छ।
13. गैर कानुनी वस्तुहरूका लागि कुनै पनि स्कूलको कुनै पनि बसलाई सेन्ट लुइस मेट्रोपोलिटन पुलिसले रोक्न र खोजी गर्न सक्नेछ भन्ने कुरा सम्झिने। हतियारहरू, मदिरा, लागू पदार्थ आदिसँग भेटिएका विद्यार्थीहरूलाई पक्राउ गरिनेछ।
14. विद्यार्थी व्यवहार निर्देशित गर्ने सबै नियमहरूको पालना गर्ने।

अभिभावकहरूको जिम्मेवारी

1. यो खण्ड र पृष्ठ १८ को यातायात खण्ड पढ्नुहोस्, छलफल गर्नुहोस् र समीक्षा गर्नुहोस्
2. सबै स्थापित मार्गदर्शनहरूको पालना गर्न आफ्ना बच्चाहरूलाई प्रोत्साहित गर्नुहोस्।
3. आफ्नो बस चालकलाई चिन्नुहोस्।
4. देखिएको ट्राफिक सम्बन्धी कुनै पनि विपत्ति वा कुनै पनि लापरवाहीले सञ्चालन गरिएको स्कूल बसको दुरुपयोग (३१४)६३३-५१०७ मा रिपोर्ट गर्नुहोस्।
5. स्कूल बसमा र स्कूल बस बिसौनीमा देखिएका सबै दुर्व्यवहारहरू प्रिन्सिपललाई रिपोर्ट गर्नुहोस्।
6. आवश्यक भएमा, आफ्नो बच्चाको पहिचान पत्र बस चालकले लिन सक्ने ठाउँमा राख्नुहोस्।
7. बस चढ्ने/ओर्लने स्थान वा वरपर देखिएका कुनै पनि अपरिचितको रिपोर्ट पुलिसलाई गर्नुहोस्।
8. बस छुट्नुभन्दा पाँच (५) मिनट अगावै बच्चाहरू बस बिसौनीमा पुगेको कुरा हेर्नुहोस्।
9. प्रिस्कूल र किन्डरगार्टनका विद्यार्थीहरूलाई दिवा बस बिसौनीमा आमाबाबु/अभिभावकले भेटेको वा जिम्मेवार, निर्धारित दाजुदिदीसँग भएको सुनिश्चित गर्नुहोस्□

यातायात बारेका सरोकारहरूका लागि, कृपया सम्पर्क राख्नुहोस्:

(३१४) ३८९-२२०२ मार्ग परिवर्तन, सरोकार, वा बस मुद्दाहरूका लागि, वा (३१४)३८९-११११ एक्स्टे २

(३१४)३८९-११११, एक्स्टे १ "**२**" बाट सुरु हुने सबै बस मार्गहरूका लागि बसको स्तिति वा यदि आफ्नो बच्चा बसमा हरायो भने

(३१४) ७७२-३१८४ "**१**" बाट सुरु हुने सबै बस मार्गका लागि बसको स्तिथि वा आफ्नो बच्चा बसमा हरायो भने

बस यातायात र विद्यार्थी व्यवहारबारे बढी विशिष्ट जानकारीका लागि पृष्ठ ५९ को सन्दर्भ लिनुहोस्

क्याम्पस आउने आगन्तुकहरू

सेन्ट लुइस पब्लिक स्कूल्सले हाम्रा विद्यार्थीहरू, स्टाफ र आगन्तुकहरूका लागि आकर्षक र सुरक्षित वातावरण प्रदान गर्ने प्रयास गर्छ। हाम्रा स्कूलमा भएका प्रत्येकलाई सुरक्षित पार्न, र अनुशासित सिकाइ वातावरण व्यवस्थित गर्न, निम्नलिखित नियमनहरू सबै डिस्ट्रिक्ट स्कूलहरूमा कार्यान्वयन गरिएका छन्:

- अभिभावकहरू, डिस्ट्रिक्टका कर्मचारीहरू र स्वयम्सेवकहरूसहित सम्पूर्ण आगन्तुकहरूले भवनमा प्रवेश गरेपछि स्कूल कार्यालयमा रिपोर्ट गर्नुपर्नेछ। आगन्तुकहरूलाई आगन्तुक ब्याज प्रदान गरिनेछ जुन उनीहरूले स्कूल परिसरमा हुँदा देखिने गरी लगाउनुपर्नेछ।
- कक्षाकोठा अवलोकन गर्न चाहने आमाबाबु/अभिभावकहरूले स्कूल प्रिन्सिपल वा प्रिन्सिपलको प्रतिनिधिको अनुमति लिएर त्यसो गर्न सक्छन्।
- सबै आगन्तुकहरूलाई व्यक्तिगत परिचय पत्र प्रदान गर्न भनिनेछ।
- सबै आगन्तुकहरूले स्कूलको सिकाइ वातावरणको आदर गर्ने अपेक्षा गरिन्छ। बाधाकारी व्यवहारमा संलग्न हुने जोकोहीलाई भित्र जाने अनुमति रद्द गरिने, पक्राउ गरिने र अभियोग लगाइने हुन सक्छ।

बुली सचेतना

"बुलीइङ" भन्नाले हकार्नु, अवाञ्छित आक्रामक व्यवहार गर्नु, उत्पीडन गर्नु बुझिन्छ जुन दोहोरिइरहने वा धेरै हदसम्म दोहोरिने सम्भावना हुन्छ र यसले विद्यार्थीका लागि उसको वा उनको शारीरिक सुरक्षा वा सामग्रीको पर्याप्त भय सिर्जना गर्छ; कुनै अपवाद बिना जुन सुकै विद्यार्थीलाई धेरै हदसम्म शैक्षणिक कार्यसम्पादन, अवसरहरू वा लाभहरूमा हस्तक्षेप गर्छ; वा धेरै हदसम्म स्कूलको अनुशासित सञ्चालनमा बाधा गर्छ। बुलीइङमा विभिन्न मुद्रासहितका शारीरिक कार्यहरू, वा मौखिक, साइबरबुलीइङ, इलेक्ट्रोनिक, वा लिखित सञ्चार, र त्यस्तो कुरा रिपोर्ट गरेमा प्रतिकारको धम्की सामेल हुन सक्छन्। स्कूल परिसर, कुनै स्कूल समारोह वा स्कूल बसमा विद्यार्थीहरूलाई बुली गर्न निषेध गरिएको छ।

बुलीइङ तथ्यहरू
- बुलीइङ त्यत्तिकै जिस्क्याउनुभन्दा बढी हो।
- बुलीइङ कसैको सामाजिक दर्जामा क्षति पुऱ्याउनका लागि जानाजान गरिन्छ।
- जोसुकैले बुली गर्न सक्छ।
- जोसुकै पीडित हुन सक्छ।
- बुलीइङ आधुनिक समस्या होइन।
- बुलीइङ ले सबैलाई असर गर्छ।
- बुलीइङ एउटा गम्भीर समस्या हो।
- स्कूलहरू, परिवारहरू र समुदायले समाधान पत्ता लगाउनका लागि सँगै काम गर्न सक्छन्।
- विस्तारित योजनाले सर्वोत्तम नतिजाहरू दिन सक्नेछ।
- जोखिममा भएका बच्चाहरूलाई मद्दत गर्न सकिनेछ।
- बच्चाहरूको सुरक्षाका लागि स्कूल, परिवारहरू र समुदाय जिम्मेवार छन्।
- बुलीइङ अमेरिकामा मात्र नभएर संसारभरि हुन्छ; यो विश्वव्यापी हो।

बुलिइङका प्रकार
- शारीरिक – ठेल्नु, घचेट्नु, हिर्काउनु, लात्ती हिर्काउनु, ठोक्काउनु, चिमोट्नु आदि
- शाब्दिक – जिस्क्याउनु वा नाम काड्नु, अपमानजनक वा लज्जाजनक टिप्पणी गर्नु, धमकी दिनु, आदि।
- सामाजिक – हल्ला, असत्य वा चुगली फैलाउनु; हकार्नु, दबाव दिनु, बहिस्कार गर्नु।
- साइबर बुलीइङ – अर्को विद्यार्थीलाई हकार्न, उत्पीडन गर्न वा लज्जित बनाउन प्रविधिको प्रयोग गर्नु।
- प्रत्यक्ष – शारीरिक र शाब्दिक बुलीइङजस्तो तुरुन्तै गरिने बुलीइङ यो पहिचान गर्न सजिलो हुन्छ।
- अप्रत्यक्ष – तुरुन्त नहुने र पहिचान गर्न कठिन हुने बुलीइङ। यसमा शाब्दिक, सामाजिक र साइबरबुलीइङ सामेल छन्।

विद्यार्थीले किन बुली गर्छन्
विद्यार्थीहरूले किन बुली गर्छन् भन्ने कुराका केही साझा कारणहरू छन् कनकि उसले/उनले:
- अन्य विद्यार्थीमाथि शक्ति वा नियन्त्रण राख्न चाहन्छन्।
- साथीहरूलाई जोगाउन वा बदला लन चाहन्छन्।
- विरक्तिलाई हटाएर रमाइलो गर्न चाहन्छन्।
- व्यवहार लुकाउन सिपालु हुन्छन् वा वयस्कले नदेख्ने गरी गर्न चाहन्छन्।
- अरूहरूबीचको द्वन्द्व रमाइलो हुन्छ।
- उसको/उनको समस्या र आचरणका लागि अरूलाई दोष दिन्छन्।
- अरूलाई प्रभावित पारेर ध्यानको केन्द्र हुन चाहन्छन्।
- अरूमाथि प्रभुत्व राख्ने वा हेरफेर गर्न चाहन्छन्। अरूलाई आदर गर्दैनन्।
- अन्य विद्यार्थीको भय, असजिलो वा पीडाबाट सन्तुष्टि वा आनन्द प्राप्त गर्छन्।
- अरूप्रति थोरै परानुभूति राख्छन वा राख्दै राख्दैनन्।
- अरूप्रति असहिष्णुता वा पूर्वाग्रह राख्छन्।
- धेरै बुलीहरू पहिले कहीँ आफैँ बुली भएका हुन्छन् वा हिंसा वा दुर्व्यवहार भएको परिवारबाट आएका हुन्छन्।

विद्यार्थी बुली हुन सक्ने सङ्केतहरू

- स्कूलको कार्यमा घट्दो रुचि वा कामको घट्दो स्तर।
- अनियमित स्कूल उपस्थिति, उच्च अनुपस्थिति।
- रिसेसमा ढिलो जाने र छिटो फर्किने लन्चको समयमा वा खाली समयमा वयस्कहरूसँग रहन चाहने।
- कुनै बेला रमाएका स्कूल क्रियाकलापहरू छोड्छन्।
- कक्षामा ध्यान केन्द्रित गर्न कठिनाइ वा मनस्थिति अथवा व्यवहारको अचानक परिवर्तन।
- एक्लिएको, अन्तर्मुखी, चिन्तित, भयभीत, आत्म-दोषी देखिन्छन्।
- "पीडित" शरीरको भावभङ्गिमा प्रयो गर्छन् – झुकेको काँध, निहुरिएको शिर, आँखामा सोझै हेर्न नचाहने।
- कमजोर वा कम सामाजिक सीपहरू, साथीहरू नहुने वा कम हुने।
- विनोद प्रवृत्ति हुँदैन वा अनुपयुक्त विनोद प्रयोग गर्छन्।
- अचानक अरू विद्यार्थीहरूलाई बुली गर्न सुरू गर्छन्।
- आत्मविश्वास वा आत्मसम्मान हुँदै नहुने वा कम हुने। अवसादको दर बढी हुने।
- बारम्बार बिरामी हुने वा अनुल्लेखित कोतर्ने, घाउ लाग्ने वा आफ्ना कपडा वा सामानमा क्षति पुऱ्याउने
- उसलाई वा उनलाई अन्य विद्यार्थीहरूबाट भिन्न बनाउने प्रवृत्तिप्रति लज्जित देखिने
- भाग्ने, आत्महत्या गर्ने वा अन्य खतरनाक व्यवहारका बारेमा कुरा गर्ने।

विद्यार्थीहरू: कसैले बुली गऱ्यो भने के गर्ने
गर्ने:
- छिटोभन्दा छिटो त्यहाँबाट हिँड्ने।
- आफूले विश्वास गरेको वयस्कलाई भन्ने जसले गर्दा उसले/उनले बुलीइङ रोक्नका लागि मद्दत गर्न सकून्। आफूलाई कसले बुली गऱ्यो, कसले गऱ्यो, कहाँ र कतिबेला गऱ्यो भन्ने कुरा रिपोर्ट गर्ने। रिपोर्ट गर्नु भनेको चुगली गर्नु होइन – यसले तपाईं र अरूलाई सुरक्षित पार्नेछ।
- साथी वा सहपाठीसँग घनिष्ठता विकसित गर्ने। बुलीहरूले प्राय ती विद्यार्थीहरू पछि लाग्छन् जो एक्ला हुन्छन्।
- आफूले उसलाई/उनलाई सामना गर्ने समय सोचेर र ती ठाउँबाट टाढा रहेर बुलीबाट बच्ने। यदि ती स्थानमा तपाईं जानैपर्छ भने, एउटा साथी लिएर जाने।
- आफू खतरामा नभएका बेला आफ्नालागि स्थितिको सामना गर्ने। सीधा उभिने, बुली गर्नेको आँखमा हेर्ने, र आत्मविश्वासी स्वरमा भन्ने, "मलाई एक्लै छोड।"

नगर्ने:
- बुलीसँग फिर्ता झगडा नगर्ने किनकि यसले बुलीलाई अरू निराश बनाउन सक्छ र चोटपटक लाग्न सक्छ।
- बुलीइङ परिस्थितिको बेवास्ता नगर्ने र त्यो अन्त्य हुने अपेक्षा गर्ने।
- त्यसलाई आफैँ भित्रमात्र नराख्ने। वयस्कलाई बताउने कुरा निश्चित गर्ने।

अभिभावकहरू: आफ्नो बच्चा बुली भए के गर्ने
- यदि स्कूलले सम्पर्क गऱ्यो भने, शान्त बस्ने र रक्षात्मक वा क्रोधी नबन्ने।
- यसलाई गम्भीरतापूर्वक लिने र बहाना नबनाउने।
- बुलीइङका परिणामहरूबारे निर्णय गर्ने, आफ्नो बच्चाले त्यसका परिणामहरूबारे थाहा पाएको कुरा निश्चित गर्ने र तिनलाई निष्पक्ष र निरन्तर लागू गर्ने।
- क्रोध र कुण्टाको सामना गर्ने उपयुक्त विधिहरू आफ्नो बच्चालाई सिकाउने।
- आफ्नो बच्चालाई स्पष्ट र दृढतासहित बुलीइङ स्वीकार गरिँदैन भन्ने।
- सकारात्मक व्यवहारका लागि आफ्नो बच्चालाई पुरस्कृत गर्ने।
- अरूलाई बुली गर्दा पर्ने प्रभावबारे बुझ्न आफ्नो बच्चालाई सहयोग गर्ने।
- बुलीइङ संसोधन गर्नका लागि एउटा मार्ग आफ्नो बच्चालाई बनाइदिने।
- यदि बुलीइङ निरन्तर जारी रह्यो भने मद्दत माग्ने।

अभिभावकहरू: यदि तपाईंको बच्चालाई बुली गरिँदैछ भने के गर्ने
गर्ने:
- आफ्नो बच्चालाई आफूमाथि बुली गरिनु आफ्नो गलती होइन भन्ने बुझाएको सुनिश्चित गर्ने।
- आफ्नो बच्चालाई बुलीको सामना उसले/उनले मात्र गर्नुपर्दैन भन्ने कुरा जानकारी दिने।
- बुलीइङबाट आफ्नो बच्चालाई सुरक्षित राख्ने तरिकाहरूबारे स्कूल/प्रिन्सिपल/शिक्षकसँग कुरा गर्ने।
- बुलीहरूप्रति प्रतक्रिया दिने उपयुक्त तरिकाहरूबारे आफ्नो बच्चासँग कुरा गर्ने।
- आफ्नो बच्चालाई प्रतिक्रिया नदिन, तर त्यहाँबाट हिँड्न र जारी रहे मद्दत प्राप्त गर्न भन्ने।
- आफ्नो बच्चालाई धेरै आक्रामक नभएर निश्चयात्मक हुन सिकाउने।

- आफ्नो बच्चालाई बुली हुनेबित्तिकै विश्वासयोग्य वयस्कलाई छिटोभन्दाछिटो रिपोर्ट गर्न भन्ने।
- आफ्नो बच्चाको व्यवहार र अन्तर्क्रियाको शैली हेर्ने र भविष्यमा उसले/उनले त्यस्तो परिस्थितिको सामना गर्नका लागि आफूले कसरी मद्दत गर्न सक्ने विचार गर्ने।
- सहयोगका लागि स्कूलमा सम्पर्क राख्ने।
- उपयुक्त भएमा, आफ्नो बच्चाका लागि परामर्श खोज्ने।

नगर्ने:

- आफ्ना बच्चाहरूलाई बुलीइङको समस्या आफैँ समाधान गर नभन्ने। शक्तिको भिन्नताका कारण, बुलीको सिकार हुने बच्चाले अझ बढी दुःख पाउन सक्छ। बुलीइङको समस्यामा वयस्कहरूको मद्दत चाहिन्छ□
- बुलीको सिकार भएको बच्चालाई बुलीसँग झगडा गर्न नभन्ने। यसले कुनै समस्या समाधान गर्दैन, कसैलाई चोटपटक लाग्न सक्छ, र झगडा स्कूल नीति विपरीत पनि हो।
- बुलीइङको परिस्थितिमा मध्यस्थता गर्न नखोज्ने। बुली गर्नेहरू र बुलीबाट पीडितहरूलाई सँगै राखेर "समस्याको समाधान गर्ने" कहिल्यै पनि राम्रो विचार होइन। बुली हुने बच्चाले केही गलत गरेको हुँदैन, त्यसैले मध्यस्थताले गलत सन्देश प्रवाह गर्छ।
- तुरुन्तै बुली वा पीडित कसैलाई पनि दोष नदिने। त्यसको साटो, के भैरहेको छ भन्ने बारे बढीभन्दा बढी जानकारी सङ्कलन गर्ने, र सहयोगका लागि स्कूलमा सम्पर्क गर्ने।

बुली-विरोधी नीति

I. उद्देश्य

डिस्ट्रिक्टको बुली-विरोधी नीति सबै विद्यार्थीहरूलाई एउटा सुरक्षित सिकाइ वातावरण चाहिन्छ भन्ने मान्यतामा आधारित छ। यस नीतिका उद्देश्यहरू स्कूल वातावरणमा विद्यार्थीको बुलीइङ, उत्पीडन र डरधम्की विरुद्ध तथा पीडितहरू, साक्षीहरू, दर्शकहरूको बुलीइङ, उत्पीडन वा डरधम्कीको रिपोर्ट गर्ने कुनै व्यक्तिप्रति प्रतिशोध वा प्रतिकार डिस्ट्रिक्टको निषेध गर्न स्थापना गर्ने; र डिस्ट्रिक्टलाई रिपोर्टिङ र अनुसन्धान कार्यविधिहरू स्थापना गर्न र यस नीतिलाई उल्लङ्घन गरे अनुशासनात्मक परिणामहरू हुन सक्ने कुरा निर्देशित गर्नु हुन्।

II परिभाषाहरू

A. "बुलीइङ" भन्नाले हकार्नु, अवाञ्छित आक्रामक व्यवहार गर्नु, उत्पीडन गर्नु बुझिन्छ जुन दोहोरिइरहने वा धेरै हदसम्म दोहोरिने सम्भावना हुन्छ र यसले विद्यार्थीका लागि उसको वा उनको शारीरिक सुरक्षा वा सामग्रीको पर्याप्त भय सिर्जना गर्छ; कुनै अपवाद बिना जुन सुकै विद्यार्थीलाई धेरै हदसम्म शैक्षिणिक कार्यसम्पादन, अवसरहरू वा लाभहरूमा हस्तक्षेप गर्छ; वा धेरै हदसम्म स्कूलको अनुशासित सञ्चालनमा बाधा गर्छ।

बुलीइङमा विभिन्न मुद्रासहितका शारीरिक कार्यहरू, वा मौखिक, साइबरबुलीइङ, इलेक्ट्रोनिक, वा लिखित सञ्चार, र त्यस्तो कुरा रिपोर्ट गरेमा प्रतिकारको धम्की सामेल हुन सक्छन्।

स्कूल परिसर, कुनै स्कूल समारोह वा स्कूल बसमा विद्यार्थीहरूलाई बुली गर्न निषेध गरिएको छ।

B. "साइबरबुलिङीइङ" भन्नाले II (A) मा परिभाषिक गरे अनुसारको बुलीइङ बुझिन्छ जो निम्न तरिकाले प्रसारित गरिन्छ, तर त्यतिमै सीमित भन्ने छैन, - टेलिफोन, ताररहित टेलिफोन, वा अन्य ताररहित सञ्चार उपकरण, कम्प्युटर, वा पेजर (यतिमै सीमित छैनन्) मार्फत सन्देश, टेक्स्ट, श्रव्य, वा चित्र।

III. नीति मापदण्ड

A. निषेध

1. डिस्ट्रिक्टले कुनै पनि विद्यार्थीलाई स्कूल परिसरमा वा स्कूलले प्रायोजित गरेका आयोजनाहरूमा वा पब्लिक स्कूलमा इलेक्ट्रोनिक उपकरणको प्रयोगद्वारा बुलीइङ गर्न, उत्पीडन गर्न, वा गाली गर्न निषेध गरेको छ।

2. डिस्ट्रिक्टले बुलीइङ, उत्पीडन, वा गालीका घटनाहरूको रिपोर्ट गर्ने व्यक्तिहरू, वा पीडितहरू, साक्षीहरू, दर्शकहरू वा बुलीइङ, उत्पीडन वा गाली विषयमा भरपर्दो जानकारी भएका अन्य विरूद्ध प्रतिकार वा प्रतिशोध निषेध गरेको छ।

B. बुलीइङको परिणाम

1. बुलीइङ, उत्पीडन, वा गाली गर्नमा संलग्न भएर यो नीति उल्लङ्घन गर्ने व्यक्तिहरू; प्रतिशोध वा प्रतिकारमा संलग्न हुनेहरू; वा यो नीति उल्लङ्घन भएको छ भनी गलत आरोप लगाउनेहरू विरूद्ध परिणामहरू र सुधारात्मक कार्बाहीहरू लागू गरिनेछ।

2. सुपरिन्टेन्डेन्टले विकसित गरेका यी परिणामहरू र सुधारात्मक कार्बाहीहरू, उपयुक्त अनुसन्धानले यस नीतिको उल्लङ्घन भएको छ भन्ने कुरा पत्ता लगाएपछि नियमित र निष्पक्ष रूपमा लागू गरिनेछ।

C. यस नीति अन्तर्गत राम्रो मनसाय राखी बुलीइङ, उत्पीडन वा गालीका कार्यहरू रिपोर्ट गर्ने सेन्ट लुइस पब्लिक स्कूल्सका कर्मचारीहरू, रिपोर्टिङमा कुनै कार्य वा चुक वा बुलीइङ, उत्पीडन, वा गालीको रिपोर्ट नगरेबापत नागरिक रूपमा उत्तरदायी हुँदैनन्।

IV. कार्यान्वयन रणनीतिहरू

A. रिपोर्टिङ

1. बुलीइङ, उत्पीडन, वा गालीका घटना रिपोर्ट गर्नकालागि डिस्ट्रिक्टले स्थापित कार्यविधिहरू व्यवस्थित गरेको छ (बुलीइङ रिपोर्टिङ तथा अनुसन्धान नियमन हेर्नुहोस्)☐

2. बुलीइङका घटनाहरूको रिपोर्ट प्राप्त गर्नका लागि डिस्ट्रिक्ट भित्र प्रत्येक स्कूलमा डिस्ट्रिक्टले एक जना व्यक्ति नियुक्त गर्नेछ। प्रत्येक स्कूलमा त्यस्तो व्यक्ति प्रिन्सिपल वा उसको/उनको प्रतिनिधि व्यक्ति(शिक्षक तह वा उच्च) हुनेछ र उसले/उनले बुलीइङका घटनाहरू प्राप्त गर्नेछ। बुलीइङका घटनाहरू रिपोर्ट गर्नका लागि, प्रिन्सिपल वा उसको/उनको प्रतिनिधिले पूरा भरिएको कागजी प्रति वा इलेक्ट्रोनिक प्रति बुलीइङ रिपोर्ट फाराम बुझाउनु पर्नेछ (बुलीइङ रिपोर्ट फाराम हेर्नुहोस्)☐

3. कर्मचारीको प्रत्यक्ष ज्ञानमा भएको बुलीइङको कुनै पनि घटनाको रिपोर्ट सम्पूर्ण डिस्ट्रिक्ट कर्मचारीहरूले गर्नुपर्नेछ, र सो घटनाको साक्षी भएको दुई दिनभित्र स्कूलमा नियुक्त गरिएको व्यक्तिले बुलीइङको रिपोर्ट लिनुपर्नेछ।

B. अनुसन्धान

बुलीइङ, उत्पीडन, वा गालीका कथित घटनाहरूको चुस्त अनुसन्धानका लागि डिस्ट्रिक्टले स्थापित कार्यविधिहरूको व्यवस्था गरेको छ(बुलीइङ रिपोर्टिङ र अनुसन्धान नियमन हेर्नुहोस्)। विशिष्ट रूपमा, बुलीइङको रिपोर्ट/गुनासो प्राप्त गर्दा, भवनको प्रिन्सिपल वा उसको/उनको प्रतिनिधिले निम्नलिखित कार्यविधि पालना गर्नुपर्नेछ:

(a) बुलीइङको घटना भएको रिपोर्ट प्राप्त भएको दुई दिनभित्र, स्कूल प्रिन्सिपल, वा उसको वा उनको प्रतिनिधिले सो घटनाको अनुसन्धानको पहल गर्नुपर्नेछ।

(b) अनुसन्धानमा सहयोग गर्नका लागि स्कूल प्रिन्सिपलले अन्य स्कूल स्टाफ नियुक्त गर्न सक्नेछन्; र

(c) सो अनुसन्धान लिखित रिपोर्ट प्राप्त भएको दस दिनभित्रमा सम्पन्न गर्नुपर्नेछ जबसम्म अनुसन्धान जारी राख्नका लागि कुनै उपयुक्त कारण हुँदैन।

C. नीतिको प्रकाशन

(a) यो नीति डिस्ट्रिक्टको वेबसाइ, स्टाफ पुस्तिका, र विद्यार्थी आचार संहितामा उपलब्ध गराइनेछ। शिक्षकहरू र स्टाफबीच यस नीतिको वितरण वार्षिक सिक्षक र स्टाफ तालिमका अवसरमा गरिनेछ।

(b) यहाँ प्रस्तुत गरिएका नीति र कार्यविधिहरूको सूचना सम्पूर्ण स्कूल कर्मचारीहरूलाई र विद्यार्थीहरूसँग पर्याप्त सम्पर्क हुने स्वयम्सेवकहरूलाई डिस्ट्रिक्टले प्रदान गर्नेछ।

(c) डिस्ट्रिक्टले विद्यार्थीहरू, आमाबाबुहरू वा अभिभावकहरू, र स्टाफलाई आफ्नो बुली-विरोधी नीतिको सूचना प्रदान गर्नेछ।

D. विद्यार्थी छलफल र कर्मचारी तालिम

1. डिस्ट्रिक्टले बुलीइङ बारेको जानकारी र उपयुक्त तालिम सम्पूर्ण स्टाफ र विद्यार्थीहरूसँग पर्याप्त सम्पर्क रहने स्वयम्सेवकहरूलाई वार्षिक सिक्षक र स्टाफ इन-सर्भिसका बेला प्रदान गर्नेछ।

2. डिस्ट्रिक्टको प्रशासनले आफ्ना स्कूल परामर्शदाताहरू, सामाजिक कार्यकर्ताहरू, मानसिक स्वास्थ्य विशेषज्ञहरू र स्कूल मनोचिकित्सकहरूलाई बुलीइङबाट पीडितहरूलाई बुलीइङका नकारात्मक प्रभावहरूमाथि विजय हासिल गर्न शिक्षा दिन निर्देशन दिनेछ।

3. डिस्ट्रिक्ट प्रशासनले बुलीइङ सम्बोधन गर्न, पीडितलाई निन्दित नपारीकरन त्यस्तो व्यवहारप्रति प्रतिक्रिया दिन, र बुलीइङका पीडितहरूलाई स्रोतहरू र रेफलरहरू उपलब्ध गराउन कार्यक्रमहरू र अन्य पहलहरूको कार्यान्वयन गर्नेछ।

4. डिस्ट्रिक्टले बुलीइङ निषेध गर्ने स्कूल डिस्ट्रिक्ट नीतिका बारे, बुलीइङका हानीकारक प्रभावहरू बारे, बुलीइङ सम्बोधन गर्नका लागि, बुलीइङको घटनामा रिपोर्ट गर्नेहरू विरूद्ध बुलीइङ, प्रतिशोध वा प्रतिकारमा संलग्नहरूका लागि जबाफदेहिता र नीति कार्यान्यनय गर्न साथी-साथी पहल सहित अन्य लागूयोग्य पहलहरू बारे जानकारी सहित बुलीइङका विषयमा विद्यार्थीहरूलाई शिक्षा र जानकारी दिनेछ।

V. अन्य

डिस्ट्रिक्टले आवधिक रूपमा आफ्ना बुलीइङ-विरोधी नीतिहरूको समीक्षा गर्नेछ र आवश्यकता अनुसार परिमार्जन गर्नेछ। सो नीति समीक्षा र परिमार्जन गर्दा डिस्ट्रिक्टको स्कूल बोर्डले स्कूल पर्सोनेल, विद्यार्थीहरू र प्रशासकहरूको सुझाव लिनेछ।

यौनिक उत्पीडन/लैङ्गिक विभेद

"सहयोग, लाभहरू, सेवाहरू वा उपचारका प्रावधानहरूलाई अस्वीकृत गर्ने, सीमित पार्ने, भिन्न प्रदान गर्ने वा सर्त लगाउने कुनै कर्मचारी, विद्यार्थी वा डिस्ट्रिक्टको एजेन्टद्वारा लिङ्गका आधारमा लगाइएको यौनिक प्रकृतिको शारीरिक वा मौखिक व्यवहार शीर्षक नौ अन्तर्गत संरक्षित।"
शीर्षक नौ अन्तर्गतको यौनिक उत्पीडनको परिभाषामा निम्न सामेल छ तर यति मै सीमित छैन, अवाञ्छनीय यौनिक प्रयास, यौनिक कृपाका लागि अनुरोध, र यौनिक प्रकृतिको मौखिक वा शारीरिक व्यवहार जब:

- त्यस्तो व्यवहारको स्वीकृतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सो व्यक्तिको शैक्षिक दर्जा वा प्रगतिको नियम वा सर्त बनाइन्छ; वा
- त्यस्तो व्यवहारको स्वीकृति वा अस्वीकृतिलाई सो व्यक्तिलाई प्रभावित पार्ने शैक्षिक निर्णयहरूको आधार बनाइन्छ;
- त्यस्तो व्यवहारले लज्जित पार्ने, शत्रुतापूर्ण, वा अपमानजनक शैक्षिक वातावरण सिर्जना गर्छ; वा
- त्यस्ता यौनिक प्रयास वा यौनिक कृपका लागि अनुरोध स्वीकार गर्ने अर्को विद्यार्थीलाई शैक्षिक लाभहरू वा अवसरहरू दिएका कारण योग्य विद्यार्थीरूलाई ती लाभहरू वा अवसरहरू अस्वीकृत गरिन्छ।

कर्मचारीको व्यवहार "वाञ्छित"वा अन्यथा आमन्त्रित जेसुकै भएता पनि स्कूल कर्मचारीहरूद्वारा विद्यार्थीहरूको यौनिक उत्पीडन निषेध गरिएको छ। यस नीति र नियमनको उद्देश्यका निमित्त, यस निषेधमा निम्न सामेल छन् – स्कूलबाहिरका स्कूल प्रायोजित क्रियाकलापहरू सहित स्कूल परिसरमा र/वा स्कूल क्रियाकलापमा स्कूल आउने सबै स्वयम्सेवकहरू र गैर-कर्मचारीहरू सहित पूर्णकालीन, आंशिक, प्रतिस्थापित, र अन्य कर्मचारीहरू।

<u>यौनिक उत्पीडनका अनेकान्तिक उदाहरणहरू</u>

यौनिक प्रयासहरू
अवाञ्छित यौन प्रयासहरू केस अनुसार निर्धारित गरिनेछन् र निम्न सामेल हुनेछन् तर यति मै सीमित हुनेछैनन्:

- आमन्त्रण जतिसुकै कोमल भए पनि यौनिक सम्बन्ध हुने मनसायले गरिएको आमन्त्रण वा प्रस्ताव; वा
- सामाजिक गैर-स्कूल क्रियाकलापहरूमा आमन्त्रण, यदि यसमा सहभागी हुन अस्वीकार गर्नाले शिक्षाका अवसरहरूको क्षति वा प्रतिकूल क्रियाहरू हुनसक्छन्।

यौनिक प्रकृतिको मौखिक व्यवहार
यसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन्:

- यौनिक रूपमा उत्तेजक वा व्यक्त भाषण(बोली); वा
- सार्वजानिक रूपमा व्यक्त यौनिक स्वैरकल्पनाहरू; वा
- यौनिक वा कठोर प्रकृतिका चुटकिला(जोक)हरू; वा
- कुनै एउटा लिङ्गलाई वर्गका विषयमा लिएर अनादरपूर्ण टिप्पणीहरू; वा
- होच्याउने टिप्पणीहरू; वा
- यौनिक प्रसायहरू स्वीकार नगर्दा परिणामहरूको धम्की; वा
- यौनिक रूपमा स्पष्ट लेखन वा अन्य यौनिक वर्णन।

यौनिक प्रकृतिको शारीरिक व्यवहार
यसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन्:

- अनुचित वा अवाञ्छित स्पर्ष, चुम्बन, आदि; वा
- यौनिक रूपमा अपमानजनक मजाक; वा
- यौनिक रूपमा स्पष्ट कार्टुन, भित्तेलेखन, वा अन्य यौनिक वर्णनहरू; वा
- यौनिक रूपमा साङ्केतिक मुद्राहरू।

विद्यार्थीहरूको यौनिक उत्पीडन
माथि दिइएका उदाहरणहरूमा थप, विद्यार्थीहरूसँगको विशिष्ट परिस्थितिले विद्यार्थीको उत्पीडन गराउन सक्छ जुन वयस्कको सन्दर्भमा तुरुन्तै यौनिक उत्पीडन भनी पहिचान गर्न सकिँदैन तर जसका लागि डिस्ट्रिक्टबाट प्रतिक्रिया आवश्यक हुन्छ।

विद्यार्थीहरू लक्षित यौनिक प्रकृतिका व्यवहारहरू
यसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन्:

- स्पर्शजस्ता अवाञ्छित यौनिक व्यवहारहरू, यौनिक रूपमा स्पष्ट वा अस्पष्ट टिप्पणीहरू, यौन आधारित हल्लाहरू, चित्रहरू, मजाकहरू, चुटकिलाहरू, शारीरिक रूपमा छेउ लगाउनु/अरूको चाल अवरोध गर्नु, सार्वजानिक स्नेह प्रदर्शन गर्नु; वा
- साथीहरू र/वा कर्मचारीहरूद्वारा विद्यार्थीहरूलाई मुख्यत एक-लैङ्गिक कक्षाकोठा व्यवस्थापनमा राख्नु र यौन आधारित टिप्पणीहरू/समीक्षाहरू गर्नु; वा
- प्रमुख रूपमा वा ऐतिहासिक रूपमा एक-लैङ्गिक शैक्षिक वातावरणमा विद्यार्थीलाई औजारहरू/उपकरणहरू प्राप्त गर्न निषेध गरेर, कार्यसम्पादन मूल्याङ्कन लिङ्गका आधारमा गरेर, उपकरणहरू लुकाए, वा विद्यार्थीको लिङ्गका कारण ऊ/उनी सो शैक्षिक व्यवस्थानका होइनन् भन्ने सङ्केत गरेर विद्यार्थीको शैक्षिक अवसरमा हस्तक्षेप गर्नु।
- लिङ्गका आधारमा शैक्षिक अवसरहरूमा पहुँच सीमित पार्नु वा अस्वीकार गर्नु।

<u>यौनिक उत्पीडनको क्षेत्र</u>
यौनिक उत्पीडन पुरुषहरूले महिलाहरूतर्फ गर्नेमा मात्र सीमित नरही तलका कुनैहरूबीच हुन सक्छ:

- विद्यार्थीमा विद्यार्थी
- विद्यार्थीमा स्टाफ
- स्टाफमा स्टाफ
- पुरुषमा पुरुष
- महिलामा महिला
- महिलामा पुरुष
- पुरुषमा महिला
- स्टाफमा विद्यार्थी

<u>यौनिक उत्पीडनका गुनासाहरूको अनुसन्धान</u>

विद्यार्थी गुनासाहरू

1. आफूमाथि यौनिक उत्पीडन गरिएको भन्ने लागेमा सद्भावमा आधारित रही गुनासो/सिकायत फाइल गर्दा यहाँ स्थापित कार्यविधिहरू उपयोग गर्ने कुनै पनि विद्यार्थीविरूद्ध कुनै प्रतिकार वा प्रतिकूल व्यवहार गरिनेछैन। गुनासोकर्ता विरूद्ध कुनै पनि किसिमको प्रतिकारात्मक कार्बाहीमा संलग्न हुने कुनै पनि कर्मचारी/विद्यार्थीलाई अनुशासनात्मक कार्बाही गरिनेछ, जसमा निष्कासन वा पद बरखास्त सामेल छन्।
2. यदि विद्यार्थीलाई आफूमाथि यौनि उत्पीडन भएको छ भन्ने लागे वा यदि विद्यार्थीलाई आफ्नो सहपाठीमाथि यौन उत्पीडन भैरहेको छ भन्ने लागे, सो विद्यार्थीले सो जानकारी उनीहरूको शिक्षक/प्रिन्सिपललाई रिपोर्ट गर्नुपर्नेछ।

3. यदि विद्यार्थीलाई त्यस्तो जानकारी आफ्नो शिक्षक/प्रिन्सिपललाई रिपोर्ट गर्नु अनुपयुक्त हुन्छ भन्ने लागे, परिस्थितिलाई शिक्षक/प्रिन्सिपलले सन्तोषजनक रूपले समाधान गरेनन् भन्ने लागे, वा विद्यार्थीलाई त्यस्तो कुरा शिक्षक/प्रिन्सिपललाई रिपोर्ट गर्न असहज मात्र लागे, सो विद्यार्थी(कर्मचारी)ले निम्न स्थानमा रहेको डिस्ट्रिक्टको शीर्षक नौ संयोजकसँग सम्पर्क गर्नुपर्नेछ।

सेन्ट लुइस सिटि पब्लिक स्कूल्स
801 N. 11th St., St. Louis, MO 63101
शीर्षक नौ संयोजक
(३१४) ३४५-४४८३

यौनिक उत्पीडन नीतिको कार्यान्वयन

विद्यार्थी सुपरिवेक्षण जिम्मेवारीहरू भएको प्रत्येक भवन तहको प्रशासक वा अन्य डिस्ट्रिक्ट कर्मचारी यौन उत्पीडन रहित शैक्षिक तथा कार्य वातावरण व्यवस्थित गर्नका लागि जिम्मेवार हुन्छन्। डिस्ट्रिक्टको नीति अनुसार विद्यार्थी सुपरिवेक्षण जिम्मेवारीहरू भएको प्रत्येक भवन तहको प्रशासक वा अन्य डिस्ट्रिक्ट कर्मचारीले डिस्ट्रिक्टको यौनिक उत्पीडन नीतिहरू र नियमनहरू कार्यान्वयन गराउनक लागि तुरुन्त र उपयुक्त कार्बाहीहरू गर्नुपर्नेछ, जसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन्:

1. भवन तहको प्रशासकले यौनिक उत्पीडन (विद्यार्थीहरू संलग्न यौनिक उत्पीडन सहित)का विषयमा सबै स्टाफलाई सेवाकालीन तालिम प्रदान गर्नेछन् शैक्षित वर्षको पहिलो पूर्ण क्यालेन्डर हप्ताको अन्त्यभन्दा ढिलो हुनुहुनेछैन।
2. किन्डरगार्टन देखि बाह्रौं ग्रेडसम्मका सबै विद्यार्थीहरूलाई यौनिक उत्पीडनबारे निर्देशनहरू प्रदान गर्ने, जुन शैक्षिक वर्षको पहिलो पूर्ण क्यालेन्डर महिनाको अन्त्यभन्दा ढिलो हुनुहुनेछैन।
3. भवनबाट सम्पूरण अश्लील वा यौनिक रूपमा अपमानजनक भित्तेलेखन हटाउने।
4. सबै होमरूम शिक्षकहरूले डिस्ट्रिक्टको यौन उत्पीडन नीति र नियमनहरू आफ्ना विद्यार्थीहरूसँग शैक्षिक वर्षको पहिलो पूर्ण क्यालेन्डर हप्ताभन्दा अघि नै छलफल गर्ने। यी छलफलहरूको अंशका रूपमा, डिस्ट्रिक्टको यौनिक उत्पीडन नीतिका लिखित प्रतिहरू छैठौँ देखि बाह्रौं ग्रेडसम्मका प्रत्येक विद्यार्थीलाई प्रदान गर्ने। विद्यार्थीहरूलाई उनीहरूले कुनै पनि रूपको यौनिक उत्पीडन सहनु आवश्यक छैन भनी सूचीत गर्ने उद्देश्यले यी छलफलहरू उमेर उपयुक्त विधिले सञ्चालन गरिनुपर्छ।
5. सम्पूर्ण शिक्षकहरू, परामर्शदाताहरू, र प्रशासकहरूले शैक्षिक व्यवस्थापनमा आवश्यकता अनुसार यौनिक उत्पीडनका घटनाहरू रिपोर्ट गर्ने कार्यविधिका लागि उपयुक्त निर्देशनहरू प्रदान गर्नु पर्नेछ।
6. भवन तहको प्रशासकले यौनिक उत्पीडनका सबै गुनासोहरूलाई अनुसन्धान गर्नका लागि चुस्त कार्बाही गर्नुपर्नेछ।
7. भवन तहको प्रशासकले त्यस्ता घटनाको उपचार गर्न र भविष्यमा हुन नदिनका लागि उपयुक्त अनुशासनात्मक कार्बाही गर्नुपर्नेछ।
8. यी जिम्मेवारीहरू उपयुक्त र जिम्मेवार रूपमा कार्यान्वयन गर्न नसक्नुको नतिजा अनुशासनात्मक कार्बाही हुनसक्छ जुन रोगगारको अन्त्यसम्म वा सहित हुनसक्छ।

अनुशासन/परिणामहरू

यौनिक उत्पीडनका विद्यार्थीका गुनासाहरू

1. स्कूल परिसरमा भएका बेला, वा स्कूल क्रियाकलापमा सहभागी हुँदा (स्कूलले प्रदान गरेको यातायातमा समेत) यौनिक उत्पीडनमा संलग्न हुने कुनै पनि विद्यार्थीलाई निष्कासन सम्म वा सहितको अनुशासनात्मक कार्बाही हुनसक्छ।
2. विद्यार्थीको यौनिक उत्पीडनलाई स्वीकृति दिने वा त्यसमा संलग्न हुने कुनै पनि कर्मचारीलाई रोजगारको अन्त्य वा सहित अनुशासनात्मक कार्बाही हुनसक्छ।
3. विद्यार्थी संलग्न भएको यौनिक उत्पीडनको गुनासो प्राप्त गर्ने र सो गुनासो प्रिन्सिपल र डिस्ट्रिक्टको शीर्षक नौ संयोकलाई तुरुन्त नदिने कुनै पनि कर्मचारीलाई रोजगारको अन्त्य सम्म वा सहित अनुशासनात्मक कार्बाही हुन सक्छ।
4. यौनिक उत्पीडनको गलत अभियोग फाइल गर्ने कुनै पनि विद्यार्थीले उपयुक्त अनुशासनात्मक कार्बाही पाउनेछ, जुन निष्कासन सम्म वा सहित हुनेछ। यस नीतिको उद्देश्यका लागि "गलत अभियोग"मा सद्भाववश गरिएका गुनासाहरू, तर अनुसन्धानपछि डिस्ट्रिक्टद्वारा अप्रमाणीत अभियोगहरू सामेल छैनन्। यस नीतिको उद्देश्यका लागि "गलत अभियोग" त्यो गुनासो हो जो कुनै व्यक्तिले गुनासोको असत्यता जान्दाजान्दै गरेको हो।

विद्यार्थी आचार संहिता

विद्यार्थी आचार संहिताको उद्देश्य

- विद्यार्थी व्यवहारका लागि अपेक्षाहरूको सुसङ्गत समूह निर्माण गर्नु
- सकारात्मक व्यवहार सुदृढ पार्नु र विद्यार्थीहरूलाई उपयुक्त सामाजिक सीपहरू विकसित गर्ने अवसरहरू प्रदान गर्नु
- अनुपयुक्त व्यवहारमा संलग्न विद्यार्थीहरूका लागि हस्तक्षेपहरू र परिणामहरू रेखाङ्कित गर्ने
- स्कूल समुदायका सम्पूर्ण सदस्यहरूका अधिकारहरू र जिम्मेवारीहरूको व्याख्या गर्नु
- विद्यार्थीहरूलाई सुरक्षित, सकारात्मक र सहयोगी सिकाइ वातावरणमा संलग्न बनाउनु।

विद्यार्थी सङ्कल्प

- म हरेक दिन स्कूल आउने र कक्षामा समयमा उपस्थित हुने सङ्कल्प गर्छु
- म सुरक्षित, जिम्मेवार, र शिष्ट बन्ने सङ्कल्प गर्छु
- म समस्या समाधानकर्ता हुने सङ्कल्प गर्छु
- म कठिन परिश्रम गर्ने, आफूले सकेसम्म सर्वोत्तम काम गर्ने, र आफैँप्रति गर्व गर्ने सङ्कल्प गर्छु

व्यावहारिक अपेक्षाहरू र जिम्मेवारीहरू

स्कूल समुदायका जिम्मेवारीहरू:

सुरक्षित हुने: विद्यार्थी आचार संहिता र आचार संहितामा व्याख्या गरिएका अपेक्षाहरूको बुझ्ने र सो अनुसार चल्ने

जिम्मेवार बन्ने: अरूलाई प्रोत्साहन दिने र सहयोग गर्ने

शिष्ट बन्ने: विद्यार्थीहरू, आमाबाबु/आधिकारिक अभिभावकहरू, फ्याकल्टी, स्टाफ र आगन्तुकहरूका अधिकारहरूको आदर गर्ने

तयार रहने: सिक्नका लागि तयार भएर स्कूल आउने

डिस्ट्रिक्ट प्रशासकहरूका जिम्मेवारीहरू

- हरेक स्कूलमा सकारात्मक व्यवहार हस्तक्षेप र सहयोग, सङ्कट निवारण हस्तक्षेप(सिपिआइ) र हिंसा द्वन्द्व वर्जन तालिम कार्यक्रम लागू गर्नका लागि आवश्यक उपयुक्त तालिम र स्रोतहरू प्रदान गर्ने।
- हरेक स्कूलका सङ्कट समूहहरूले सिपिआइ प्रक्रियाहरूमा तालिम लिएको आवश्यक गर्ने
- निलम्बन/निष्कासनका अपीलहरू समीक्षा गर्ने
- स्कूल तहमा मुद्दाको समाधान गर्न नसक्ने आमाबाबु/आधिकारिक अभिभावकहरूलाई सहयोग गर्ने
- डिस्ट्रिक्ट तहका निर्णहरू निर्धारण गर्नका लागि उपस्थिति र अनुशासन तथ्याङ्क समीक्षा गर्ने
- निष्कासन सम्मेलनहरू सहित, डिस्ट्रिक्ट अनुशासन सम्मेलनहरू सञ्चालन गर्ने

स्कूल प्रशासकहरूका जिम्मेवारीहरू:

- विद्यार्थीहरू, आमाबाबु/आधिकारिक अभिभावकहरू, र सम्पूर्ण स्कूल पर्सोनेललाई विद्यार्थी आचार संहिता वितरण गर्ने
- स्कूल पर्सोनेलका लागि उपयुक्त तालिम प्रदान गर्ने
- निष्पक्ष र सुसङ्गत किसिमले विद्यार्थी आचार संहिता कार्यान्वयन गर्ने
- स्कूल तथ्याङ्कमा आधारित पिबिआइएस कार्यान्वयन गर्नक लागि आवश्यक तालिम र स्रोतहरूको पहिचान गर्ने
- सामान्ट घटनाहरूलाई प्रमुख चुनौतीहरूमा रूपान्तरण हुन नदिन अनुसन्धान-आधारित अभ्यासहरूको प्रयोग गर्ने
- अनुशासन रेफरलहरूको विद्यार्थी जानकारी प्रणाली(एसआइएस)मा सही र समयोचित प्रवेश भएको सुनिश्चित गर्ने र अनुरूपता व्यवस्थित गर्ने(जस्तै असक्तता भएका विद्यार्थीहरू योग्य ५०४ विद्यार्थी भएको, दस (१०) दिने विस्थापन नियम)
- अनुशासन रेफरलहरूको समीक्षा गर्ने र उपयुक्त हस्तक्षेप(हरू) वा परिणाम(हरू) निर्धारण गर्ने
- ग्रेड तह र उमेर उपयुक्त सुधारात्मक रणनीतिहरू कार्यान्वयन गर्ने
- सुरक्षित, सकारात्मक र सहयोगी वातावरण सिर्जना गर्ने

विद्यार्थीका जिम्मेवारीहरू:

- स्कूल जाने
- विद्यार्थी आचार संहिताको पालना गर्ने
- स्कूलका अपेक्षाहरू र नियमहरू पालना गर्ने
- स्कूलका ड्रेस कोड पालना गर्ने
- स्कूलको सम्पत्ति र अरूको सम्पत्तिको आदर गर्ने
- कठिन परिश्रम गर्ने वा आफ्नो सर्वोत्त गर्ने
- समस्या समाधान गर्नका लागि शिक्षकहरू, स्कूल सामाजिक कार्यकर्ताहरू, विशेषज्ञ स्कूल परामर्शदाता, आमाबाबु/आधिकारिक अभिभावकहरू, स्कूल प्रशासकहरू, र अन्य वयस्कहरूलाई सोध्नुहोस्।
- बुलीइङ वा साइबर बुलीइङ रिपोर्ट गर्ने
- अरूको सकारात्मक चरित्रका विशेषताहरूको नमुना लिने

आमाबाबु/आधिकारिक अभिभावकहरूका जिम्मेवारीहरू:

- विद्यार्थी आचार संहिता पढ्ने र आफ्नो बच्चासँग बसेर समीक्षा गर्ने
- आफ्नो बच्चालाई विद्यार्थी आचार संहिता पालना गर्न सहयोग गर्ने
- आफ्नो बच्चाका अधिकारहरू र जिम्मेवारीहरू बुझ्ने
- आफ्नो बच्चालाई अरूका अधिकारहरूको आदर गर्न सिकाउने
- आफ्नो बच्चा हरेक दिन समयमै र सिक्नका लागि तयार भएर स्कूल गएको सुनिश्चित गर्ने
- आफ्नो बच्चालाई स्कूलको सम्पत्ति र अरूको सम्पत्ति आदर गर्न सिकाउने
- स्कूल पर्सोनेलले विद्यार्थी आचार संहिता कार्यावन्यन गर्नु पर्छ भन्ने कुरा बुझ्ने
- स्कूल र समुदायभित्र आफ्नो बच्चालाई सहयोग गर्न र मद्दत गर्न उपलब्ध स्रोतहरूको खोजी गर्ने

शिक्षकहरूका जिम्मेवारीहरू:

- शैक्षिक सफलतालाई सहयोग गर्ने किसिमको सिकाइ वातावरण व्यवस्थित गर्नका लागि उपयुक्त कक्षाकोठा व्यवस्थापन रणनीतिहरू प्रयोग गर्ने
- विद्यार्थी आचार संहिता पढाउने र सकारात्मक रूपले पुनर्बल गराउने

- उल्लङ्घनलाई पिबिआइएस र हस्तक्षेप्रति प्रतिक्रिया (आइटिआइ) जस्ता विभिन्न किसिमका हस्तक्षेपहरू मार्फत सम्बोधन गर्ने, जसमा निलम्बन र निष्कासनका विकल्पहरू पनि सामेल छन्
- चुनौतीपूर्ण व्यवहार प्रदर्शित गर्ने विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण प्रदान गर्ने
- सुरक्षित र सकारात्मक सामुदायिक वातावरण सिर्जना गर्ने र विद्यार्थीलाई सो वातावरण कायम गर्न सिकाउने
- सामान्य घटनाहरूलाई ठूला चुनौतीहरू बन्नबाट रोक्न आफ्नो विशेषज्ञ विवेक प्रयोग गर्ने
- आवश्यकता अनुसार अतिरिक्त विशेषज्ञ स्टाफ विकास र/वा तालिम अनुरोध गर्ने

डिस्ट्रिक्ट स्कूल सेक्युरिटी स्टाफ अधिकारीहरूका जिम्मेवारीहरू:

- हाम्रा स्कूलहरूमा सुरक्षित र हितकर सिकाइ वातावरण सिर्जना गर्नमा सहयोग गर्ने
- स्कूलमा स्थल सेक्युरिटी र स्थानीय कानुन कार्यान्वयन एजेन्सीहरूसँग प्रत्यक्ष सम्बन्ध प्रदान गर्ने
- स्थानीय कानुन कार्यान्वयन कार्यालयहरू, विशेषज्ञ स्कूल परामर्शदाताहरू, स्कूल सामाजिक कार्यकर्ताहरू, र स्कूल प्रशासकहरूसँग सहकार्य गर्ने
- पिबिआइएस आदेशपत्रहरू, हिंसा द्वन्द्व निवारण सिद्धान्तहरू र सिपिआइ प्रोटोकलसँगै काम गर्ने

आचार संहिताको क्षेत्र

सेन्ट लुइस स्कूल डिस्ट्रिक्ट विद्यार्थी आचार संहिता, यहाँ जसलाई आचार संहिता भनियो, सबै विद्यार्थीहरू स्कूलमा भएको र सिकाइमा संलग्न भएको कुरा निश्चित गर्न प्रतिबद्ध छ। सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टले आचार संहिताको कार्यान्वयन सकारात्मक सिकाइ वातावरणहरू सिर्जना गर्नका लागि प्रयोग गर्छ जसले स्व-अनुशासित, जिम्मेवार नागरिकहरू तयार गर्छ। आचार संहिता पुस्तिकाले सकारात्मक र उपयुक्त विद्यार्थी व्यवहारको महत्त्वमा जोड दिन्छ। नकारात्मक व्यवहारका परिणामहरू दुर्व्यवहारको गम्भीरता सङ्केत गर्नका लागि स्पष्ट रूपमा भनिएका छन्।

यो आचार संहिताले विद्यार्थी शैक्षिक र व्यावहारिक सफलता प्रोत्साहित गर्न स्कूल व्यापी सकारात्मक हस्तक्षेप सहयोग (एसडब्लु-पिबिएस) साझेदारी गर्छ। प्रत्येक विद्यार्थीको उदाहरणयोग्य उपस्थिति सुनिश्चित गर्नमा नै शैक्षिक र व्यावहारिक सफलताको कुन्जी छ। हाम्रा स्कूलहरूले बच्चाहरूका लागि सकारात्मक सिकाइ वातावरण प्रदान गरून् भन्नका लागि स्कूल समुदायका सम्पूर्ण सदस्यहरूले एक अर्काको आदर गर्नु जरुरी छ।

विद्यार्थी आचार संहितामा भएको जानकारीले स्कूलमा विद्यार्थीको व्यवहारको सुसङ्गत अपेक्षाहरू रेखाङ्कित गर्छ, उपयुक्त हस्तक्षेपहरू व्याख्या गर्छ, विद्यार्थीहरूका लागि परिणामहरू रेखाङ्कित गर्छ, र स्कूल समुदायका अधिकारहरू र जिम्मेवारीहरूको व्याख्या गर्छ। आचार संहिता स्कूलको समयमा, स्कूल जाँदा र घर आउँदा, स्कूल परिरसमा, डिस्ट्रिक्टले प्रायोजन गरेका वाहनहरूमा, स्कूलले प्रायोजित गरेका सम्पूर्ण आयोजनाहरूमा विद्यार्थीहरूको क्रियाकलापमा लागू हुन्छ। यसमा त्यो समय पनि सामेल छ जतिबेला विद्यार्थीहरू स्कूल-प्रायोजित क्रियाकलापका लागि स्कूल परिसर बाहिर हुन्छन्, वा त्यस्तो क्रियाकलापमा जाँदै वा आउँदै गरेका हुन्छन्। शैक्षिक प्रक्रियालाई बाधा पर्ने गरी गरिने क्याम्पसबाहिरका दुर्व्यवहारहरूका लागि पनि अनुशासनात्मक कार्बाही हुन्छन्। यो आचार संहिता डिस्ट्रिक्ट र स्कूल प्रतिनिधिहरू तथा सामुदायिक साझेदारहरू दुवैसँग सहकार्य गरी विकसित गरिएको थियो।

यो विद्यार्थी आचार संहितालाई एउटा मार्गदर्शका रूपमा निर्माण गरिएको हो र यसले अनुशासनात्मक कार्बाही, सम्भावित हस्तक्षेपहरू वा परिणामहरू आवश्यक पर्ने सम्पूर्ण सम्भावित घटनाहरूलाई समेट्दैन। यदि अधिकतम दण्ड दिँदा पनि अपुग हुने किसिमको अत्यन्त गम्भीर व्यवहार छ भने, वा विद्यार्थीको बितेको इतिहास अझै गम्भीर दण्डको माग गर्ने किसिमको छ बने, डिस्ट्रिक्टले अझ ठूलो दण्ड दिन सक्नेछ। डिस्ट्रिक्टको विवेकमा, विद्यार्थीहरूलाई यहाँ सूचीत गरिएभन्दा बढी दण्ड दिइन सकिनेछ। अझ एकल स्कूलहरूले विद्यार्थी अनुशासन र ड्रेसका सम्बन्धमा अतिरिक्त प्रावधानहरू विकसित गर्न सक्छन्। यद्यपि, यी नियमहरूले आचार संहिताका प्रावधानहरूको प्रतिस्थापन वा सुधार गर्न भने सक्तैनन्।

विद्यार्थी दुर्व्यवहारको सम्बोधन गर्न कुन अनुशासनात्मक कार्बाही सबैभन्दा प्रभावकारी हुन्छ भनी निर्धारण गर्न प्रशासकहरूले उनीहरूको विशेषज्ञ धारणा प्रयोग गर्नेछन्। विद्यार्थीको पहिलो अपराध भएका पनि संहिताको गम्भीर उल्लङ्घनका लागि उच्च तहको परिणाम लागू गर्नका लागि प्रिन्सिपल अधिकार प्राप्त छन्। पहिलो प्रकारका अपराधहरूका लागि प्रिन्सिपलले निष्कासनका लागि सुपरिन्टेन्डेन्टलाई सिफारिस गर्न सक्नेछन्।

यस दस्ताबेजले ती हस्तक्षेपहरूको स्थापना गर्दछ, जसलाई त्यो प्रक्रिया चालमा ल्याउनका लागि लागू गरिनेछ जसमा विद्यार्थी उल्लङ्घनकर्ताहरूले सुधारक ध्यान प्राप्त गर्छन्। यी सुधारात्मक कार्बाहीहरू एउटै स्कूल व्यवस्थापनमा, वैकल्पिक व्यवस्थापनमा, वा पब्लिक स्कूल प्रणाली बाहिरको व्यवस्थापमा हुन सक्नेछन्। यी प्रक्रियाहरू सिकाइप्रति हितकर वातावरण व्यवस्थित गर्न र सबै विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न निर्माण गरिएका हुन्।

विद्यार्थी आचार संहिताले अनुपयुक्त व्यवहारका लागि उपयुक्त प्रतिक्रियाहरू तथा उपयुक्त व्यवहारका लागि सकारात्मक सहयोगको श्रेणी रेखाङ्कित गर्दछ।

- कमजोर शैक्षिक उपलब्धि दुर्व्यवहार होइन। त्यसैले, विद्यार्थी आचार संहितालाई कमजोर शैक्षिक उपलब्धिका लागि वा वा असाइनमेन्ट पूरा गर्न नसेकाकमा विद्यार्थीहरूलाई अनुशासनमा ल्याउन प्रयोग गरिनु हुँदैन।
- आफ्नो बच्चाको शिक्षालाई अनुपयुक्त सहयोग गर्ने आमाबाबु/आधिकारिक अभिभावकहरूलाई बच्चाको पक्षबाट दुर्व्यवहार मात्र सकिँदैन, तर आमाबाबु/आधिकारिक अभिभावकको पक्षमा त्यस्तो दुर्व्यहारले उनीहरूलाई स्कूल परिसरको पहुँचमा युक्तिसङ्गत नियन्त्रणमा राख्न सक्छ।
- यो विद्यार्थी आचार संहिता सबै विद्यार्थीहरूका लागि लागू हुन्छ। यद्यपि, असक्तता भएका विद्यार्थीहरूका हकमा बने अनुशासनात्मक कार्बाही फेडेरल र राज्य कानुन अनुसार सञ्चालन गरिनेछ।
- यो विद्यार्थी आचार संहिता स्कूलको समयमा, स्कूल जाँदा र घर आउँदा, स्कूल परिरसमा, डिस्ट्रिक्टले प्रायोजन गरेका वाहनहरूमा, स्कूलले प्रायोजित गरेका सम्पूर्ण आयोजनाहरूमा विद्यार्थीहरूको क्रियाकलापमा लागू हुन्छ। यसमा त्यो समय पनि सामेल छ जतिबेला विद्यार्थीहरू स्कूल-प्रायोजित क्रियाकलापका लागि स्कूल परिसर बाहिर हुन्छन्, वा त्यस्तो क्रियाकलापमा जाँदै वा आउँदै गरेका हुन्छन्। शैक्षिक प्रक्रियालाई बाधा पर्ने गरी गरिने क्याम्पसबाहिरका दुर्व्यवहारहरूका लागि पनि अनुशासनात्मक कार्बाही हुन्छन्।
- तपाईं जुनसुकै स्कूल वा कार्यक्रममा भर्ना भएता पनि, यो विद्यार्थी आचार संहिता तपाईं भर्ना भएको विद्यार्थी रहुन्जेलसम्मका लागि लागू हुन्छ।

यो आचार संहिता पढ्न र आफ्नो बच्चासँग छलफल गर्न कृपया समय लिनुहोस्। यस आचार संहिता बारे तपाईंका कुनै पनि प्रश्नहरूको जबाफ दिनका लागि अभिभावक तथा विद्यार्थी संलग्नता कार्यालयका स्टाफ (३१४) ३४५-४४९० मा उपलब्ध छन्। आचार संहिता बारेका प्रश्नहरूको जबाफ दिनक लागि तपाईंको स्थानीय स्कूल प्रशासक पनि उपलब्ध छन्।

मिजौरी स्कूल सुधार कार्यक्रमले डिस्ट्रिक्टलाई विद्यार्थी आचार संहिता वितरण गर्न र संरक्षित, अनुशासित वातावरण प्रदान गर्न जरुरी गरेको छ। (एमएसआइपि ६.६) सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टका अनुशासन प्रक्रियाहरू मिजौरीका कानुनहरूमा आधारित छन्। यस पुस्तिकामा भएको जानकारी स्कूल वर्षको अवधिमा अपडेट गर्न सकिनेछ। सबैभन्दा पछिल्लो संस्करण डिस्ट्रिक्टको वेबसाइट **www.slps.org** मा उपलब्ध छ।

मिजौरी सुरक्षित स्कूल्स अधिनियम

रिपोर्टिङका आवश्यकताहरू सहित विद्यार्थी आचार र अनुशासनका मुद्दाहरू सुरक्षित स्कूल्स अधिनियम अनुरूप हुने गरी सम्हालिनेछन्, जसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन् – मिजौरी परिमार्जित अधिनिमहरू खण्ड १६०.२६१, १६७.१६१ र १६७.१७१। स्कूल प्रशासकहरूले उपयुक्त कानुन कार्यान्वयन एकाइहरूलाई, युक्तिसङ्गत रूपमा छिटोभन्दा छिटो निम्नलिखि अपराधहरूको रिपोर्ट गर्नुपर्नेछ, वा त्यस्तो जुनसुकै कार्य यदि वयस्कले गरेको भए निम्नलिखित अपराध हुन्थे, स्कूल परिसरमा तथा निम्न स्थानमा जसमा डिस्ट्रिक्टका तर्फबाट सेवामा रहेको स्कूल बसमा वा स्कूलका क्रियाकपामा संलग्न हुँदासहित तर यतिमै सीमित नहुने:

(1) खण्ड ५६५.०२० अन्तर्गत पहिलो डिग्रीको हत्या;
(2) खण्ड ५६५.०२१ अन्तर्गत दोस्रो डिग्रीको हत्या;
(3) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६५.११० अन्तर्गत अपहरण, वा खण्ड ५६५.११० अन्तर्गत पहिलो डिग्रीको अपहरण;
(4) खण्ड ५६५.०५० अन्तर्गत पहिलो डिग्रीको आक्रमण;
(5) खण्ड ५६६.०३० अन्तर्गत पहिलो डिग्रीको बलात्कार;
(6) खण्ड ५६६.०६० अन्तर्गत पहिलो डिग्रीको पुरुष मैथुन;
(7) खण्ड ५६९.१६० अन्तर्गत पहिलो डिग्रीको चोरी;
(8) खण्ड ५६९.१७० अन्तर्गत दोस्रो डिग्रीको चोरी;
(9) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६९.०२० अन्तर्गत डकैती, वा खण्ड ५७०.०२३ अन्तर्गत पहिलो डिग्रीको डकैती;
(10) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड १९५.२११ अन्तर्गत लागू पदार्थको वितरण वा खण्ड ५७९.०५५ अन्तर्गत नियन्त्रित पदार्थहरूको उत्पादन;
(11) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड १९५.२१२ अन्तर्गत अल्पवयस्कलाई लागू पदार्थको वितरण वा खण्ड ५७९.०२० अन्तर्गत नियन्त्रित पदार्थहरूको वितरण;
(12) खण्ड ५६९.०४० अन्तर्गत पहिलो डिग्रीको आगजनी;
(13) खण्ड ५६५.०२३ अन्तर्गत स्वेच्छिक मानवहत्या;
(14) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६५.०२४ अन्तर्गत अस्वेच्छिक नरहत्या, खण्ड ५६५.०२४ अन्तर्गत पहिलो डिग्रीको अस्वेच्छिक नरहत्या वा ५६५.०२७ अन्तर्गत दोस्रो डिग्रीको अस्वेच्छिक नरहत्या;
(15) जनवरी १, २०१७ मा अस्तित्वमा भए अनुसार खण्ड ५६५.०६० अन्तर्गत दोस्रो डिग्रीको आक्रमम वा ५६५.०५२ अन्तर्गत दोस्रो डिग्रीको आक्रमण;
(16) खण्ड ५६६.०३१ अन्तर्गत दोस्रो डिग्रीको बलात्कार;
(17) जनवरी १, २०१७ मा अस्तित्वमा भए अनुसार खण्ड ५६५.१२० अन्तर्गत दुराचारी नियन्त्रण, वा खण्ड ५६५.१२० अन्तर्गत दोस्रो डिग्रीको अपहरण;
(18) खण्ड ५६९.१०० अन्तर्गत पहिलो डिग्रीको सम्पत्तिको क्षति;
(19) अध्यास ५७१ अन्तर्गत हतियारको स्वामीत्व;
(20) जनवरी १, २०१७ मा अस्तित्वमा भए अनुसार खण्ड ५६६.०६७ अनुसार पहिलो डिग्रीको बाल उत्पीडन, वा खण्डहरू ५६६.०६७, ५६६.०६८,५६६.०६९ अन्तर्गत पहिलो, दोस्रो, वा तेस्रो डिग्रीको बाल उत्पीडन;
(21) खण्ड ५६६.०६१ अन्तर्गतको दोस्रो डिग्रीको पुरुष मैथुन;
(22) खण्ड ५६६.०८३ अन्तर्गतको बालबालिका संलग्न यौन दुर्व्यवहार;
(23) खण्ड ५६६.१०० अन्तर्गतको पहिलो डिग्रीको यौन दुर्व्यवहार;
(24) जनवरी १, २०१७ मा अस्तित्वमा भए अनुसार खण्ड खण्ड ५६५.०९० अन्तर्गतको उत्पीडन वा खण्ड ५६५.०९० अन्तर्गतको पहिलो डिग्रीको उत्पीडन; वा
(25) जनवरी १, २०१७ मा अस्तित्वमा भए अनुसार खण्ड ५६५.२२५ अन्तर्गतको पीछा, वा खण्ड ५६५,२२५ अन्तर्गतको पहिलो डिग्रीको पीछा;

मिजौरी परिमार्जित अधिनियम १६०.२६१.२ मा सूचीतकृत गरिए अनुसारको कुनै पनि अपराधका लागि वा कुनै टाइप एक व्यवहारका लागि निलम्बन गरिएका विद्यार्थीहरू स्कूलबाट १,००० फिटको दूरीमा हुनेछैनन् जबसम्म:

- विद्यार्थी विद्यार्थीको आमाबाबु, आधिकारिक अभिभावक वा संरक्षकको प्रत्यक्ष सुपरिवेक्षणमा हुँदैन र सुपरिन्टेन्डेन्ट वा सुपरिन्टेन्डेन्टको प्रतिनिधिले सो विद्यार्थीलाई स्कूल परिसरमा आउने अनुमति दिएको हुँदैन;
- विद्यार्थी विद्यार्थीको आमाबाबु, आधिकारिक अभिभावक वा संरक्षकले नियुक्त गरेको अन्य वयस्कको प्रत्यक्ष सुपरिवेक्षणमा हुन्छ, र निलम्बन गर्ने स्कूलका प्रिन्सिपललाई अग्रिम लिखित अनुरोध गरेको हुन्छ र सुपरिन्टेन्डेन्ट वा सुपरिन्टेन्डेन्टको प्रतिनिधिले विद्यार्थीलाई स्कूल परिसरमा हुने अनुमति दिएको हुँदैन;
- विद्यार्थी अन्य स्कूल डिस्ट्रिक्टको १,००० फिटभित्र अवस्थित वैकल्पिक स्कूलमा भर्ना भई त्यहाँ जाने गरेको हुँदैन; वा
- विद्यार्थी पब्लिक स्कूलको १,००० फिटको परिधिभित्र बस्दैन र त्यस परिसरमा हुँदैन।

स्कूल हिंसा र प्रतिबन्धात्मक व्यावहारिक हस्तक्षेप

सेन्ट लुइस पब्लिक स्कूल बोर्ड नीति ५१४४.१ अनुसार डिस्ट्रिक्टका कर्मचारीहरू तथा स्वयम्सेवकहरूले एसएलपिएस स्कूल्स जाने विद्यार्थीहरूलाई शारीरिक दण्ड दिन पाउँदैनन्, र त्यस्तो दण्ड अवस्था सिर्जना गर्न पनि पाउँदैनन्।

अनुशासन वा सजाय दिने उद्देश्यका लागि शारीरिक दण्डलाई धम्की वा शारीरिक बल प्रयोग भनी परिभाषित गरिएको छ।

तालिमप्राप्त स्टाफले गरेको शारीरिक प्रतिरोधलाई शारीरिक दण्ड मानिनेछैन। शारीरिक प्रतिरोध त्यसबेला मात्र प्रयोग गरिनेछ जब अनुशासन उल्लङ्घन निषेध गर्न वा अन्त्य गर्ने अन्य विधिहरू प्रभावहीन भएका हुन्छन्। तालिमप्राप्त स्टाफले कुनै विद्यार्थीमाथि पुष्टि गर्नयोग्य शारीरिक प्रतिरोध त्यसबेला मात्र प्रयोग ग्रन सक्नेछन् जब सो निम्न कार्य गर्नका लागि युक्तिसङ्गत रूपमा आवश्यक हुन्छ:

1) विद्यार्थीलाई उसलाई/उनलाई चोट पुऱ्याउनबाट रोक्न
2) अरूलाई जोगाउन
3) स्टाफको अवस्था जोगाउन

उल्लङ्घनको वर्गीकरण

अनुशासनका घटनाहरूलाई प्रकार I, प्रकार II र प्रकार III भनी वर्गीकरण गरिनेछ। बस उल्लङ्घनहरूलाई प्रकार IV मानिनेछ।

प्रकार I उल्लङ्घनहरू – जोसुकैको सुरक्षा र सिकाइमा गम्भीर हस्तक्षेप गर्ने, धम्कीपूर्ण वा हानीकारक प्रकृतिका, प्रशासन, सङ्टक टोली, सम्पूर्ण स्टाफ, र/वा समुदाय सहयोगबाट तुरुन्त प्रतिक्रिया गर्नु आवश्यक सुरक्षित स्कूल उल्लङ्घनहरू प्रकार एक उल्लङ्घनहरू हुन्।

प्रकार II उल्लङ्घनहरू - जोसुकैको सुरक्षा र सिकाइमा गम्भीर हस्तक्षेप गर्ने, धम्कीपूर्ण वा हानीकारक प्रकृतिका, कानुनी उल्लङ्घन र प्रशासकीय हस्तक्षेप आवश्यक हुने उल्लङ्घन प्रकार दुई उल्लङ्घन हुन्।

प्रकार III उल्लङ्घनहरू –शिक्षकले सम्हाल्न सक्ने र प्रिन्सिपल वा प्रतिनिधिलाई रेफर गरिरहनु नपर्ने अनुशासनात्मक घटनाहरू; न्यून तहको तीव्रता भएको, निष्क्रिय प्रकृतिको र/वा धमकीपूर्ण नभएकाहरूलाई प्रकार तीन उल्लङ्घन भनिन्छ। उल्लङ्घनको आवृत्तिका र असफल हस्तक्षेपहरूका कारण प्रशासकलाई रेफरल गर्नु पर्ने आवश्यकता निस्किन सक्छ।

प्रकार IV उल्लङ्घनहरू – डिस्ट्रिक्टले प्रदान गरेको यातायातमा हुने उल्लङ्घनहरू

प्रकार III उल्लङ्घनहरू			
कोड	**व्यवहार सरोकारहरू**	**हस्तक्षेपहरू**	
प्रकार ३ का व्यावहारिक सरोकारहरू प्रशासकलाई त्यसबेला सम्म रेफर गरिनु हुँदैन जबसम्म तह १ का हस्तक्षेपहरू निरन्तर विस्तारित समयावधिका लागि कार्यान्वयन गरिँदैन र त्यस्तो व्यवहार घटाउनका लागि निष्प्रभावी सिद्ध हुँदैनन्।			
५१-३	कक्षामा सहभागिता नजनाउने	तह १ (शिक्षकको नेतृत्वमा)	विकल्प प्रदान गर्ने व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार विद्यार्थीसँग गोपनीय सम्मेलन अभिभावक सम्पर्क
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	सीप तह मूल्याङ्कन कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर् गर्ने) प्रवेश र निकास परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) अभिभावक बैठक
२८-३	गाली (कसैप्रति लक्षिय नभएको)	तह १ (शिक्षकको नेतृत्वमा)	विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	डिटेन्सन (प्रतिबन्ध वा रोक) प्रवेश र निकास अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	सुविधा हटाउने

३२-३	मौखिक दुर्व्यवहार (विद्यार्थी वा वयस्क लक्षित)	तह १ (शिक्षकको नेतृत्वमा)	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय प्रतिबिम्बन क्रियाकलाप विद्यार्थी(हरू)सँग गोपनीय सम्मेलन अभिभावक सम्पर्क सुविधा कटौती वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने, ध्यान हटाउने विधि इत्यादि...) प्रवेश र निकास कक्षाभित्रको शान्त हुने स्थान
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	डिटेन्सन (प्रतिबन्ध वा रोक) कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र साथी मध्यस्तता
		तह ३	अभिभावक सम्पर्क प्रतिस्थापनात्मक चक्र आइएसएस/ओएसएस सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन)

४७-३	अनुमति बिनै कक्षाकोठा छोड्ने	तह १ (शिक्षकको नेतृत्वमा)	**सुरक्षा योजना** विकल्प प्रदान गर्ने पहिचान प्रणालीसँग व्यवहार करार विद्यार्थीसँग गोपनीय सम्मेलन अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने, ध्यान हटाउने विधि इत्यादि...) समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) प्रवेश र निकास अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सीप तह मूल्याङ्कन
		तह ३	डिटेन्सन (प्रतिबन्ध वा रोक) सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन)
२६-३	चकचक (हर्सप्ले), खेल-झगडा, देखावटी, धमकी	तह १ (शिक्षकको नेतृत्वमा)	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने प्रतिबिम्बन क्रियाकलाप विद्यार्थीसँग गोपनीय सम्मेलन अभिभावक सम्पर्क गृह भ्रमण वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने, ध्यान हटाउने विधि इत्यादि...) व्यवहार प्रतिस्थापनामा परामर्श कक्षाभित्रको शान्त हुने स्थान
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र साथी मध्यस्तता व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	डिटेन्सन (प्रतिबन्ध वा रोक) प्रतिस्थापनात्मक चक्र सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन)

४४-३	व्यक्तिगत इलेक्ट्रोनिक उपकरणको अनधिकृत प्रयोग	तह १ (शिक्षकको नेतृत्वमा)	अभिभावक सम्पर्क विद्यार्थीसँग निजी बैठक सुविधा कटौती समस्या व्यवहारका लागि सुसङ्गत (कक्षाकोठा) परिणामहरू लन्च प्रतिबन्ध
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	डिटेन्सन (प्रतिबन्ध वा रोक) प्रवेश र निकास अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन (उपकरण अभिभावकलाई फर्काउने)
		तह ३	सुविधा हटाउने डिटेन्सन (प्रतिबन्ध वा रोक)
२९-३	आफूलाई चिन्न नमान्ने	तह १ (शिक्षकको नेतृत्वमा)	विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती लन्च प्रतिबन्ध
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	डिटेन्सन (प्रतिबन्ध वा रोक)
		तह ३	
युएनआइएफ	आदतन ड्रेस कोड उल्लङ्घन	तह १ (शिक्षकको नेतृत्वमा)	पहिचान प्रणालीसँग व्यवहार करार विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क एसएसटिमा रेफर गर्ने
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने गृह भ्रमण डिटेन्सन (प्रतिबन्ध वा रोक)
		तह ३	सुविधा हटाउने डिटेन्सन (प्रतिबन्ध वा रोक)

५०-३	सार्वजानिक प्रेम प्रदर्शन	तह १ (शिक्षकको नेतृत्वमा)	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने प्रतिबिम्बन क्रियाकलाप विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती वातावरण परिवर्तन(विशेष सिटको व्यवस्था, शिक्षक निकटता, अतिरिक्त सुपरिवेक्षण, इत्यादि...)
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफऱ गर्ने) प्रवेश र निकास समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन)
३१-३	ढिलासुस्ती (दीर्घकालीन)	तह १ (शिक्षकको नेतृत्वमा)	पहिचान प्रणालीसँग व्यवहार करार विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने गृह भ्रमण सामाजिक कार्य रेफरल
		तह ३	सुविधा हटाउने मिडल/हाइ मात्र
३३-३	कक्षा छोड्ने/अटेरीपन	तह १ (शिक्षकको नेतृत्वमा)	पहिचान प्रणालीसँग व्यवहार करार विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन गृह भ्रमण डिटेन्सन (प्रतिबन्ध वा रोक)
		तह ३	सुविधा हटाउने प्रतिबन्ध/आइएसएस

२५-३	अन्य विद्यार्थीहरूलाई जानाजान अल्मल्याउनु वा वाधा गर्नु	तह १ (शिक्षकको नेतृत्वमा)	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार प्रत्यास्थापन – समुदाय सेवा कार्य हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय प्रतिबिम्बन क्रियाकलाप विद्यार्थी(हरू)सँग गोपनीय सम्मेलन अभिभावक सम्पर्क प्रतिस्थापनात्मक चक्र वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने, ध्यान हटाउने विधि इत्यादि...) समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया कक्षाभित्रको शान्त हुने स्थान
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन)

३५-३	अन्य तेस्रो प्रकार – त्यस्तो कुनै उल्लङ्घन जसलाई प्रिन्सिपल वा प्रतिनिधिले अन्य प्रकार ३ का उल्लङ्घनहरू समान गम्भीरता भएको मान्छन्	तह १ (शिक्षकको नेतृत्वमा)	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार प्रत्यास्थापन – समुदाय सेवा कार्य हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय प्रतिबिम्बन क्रियाकलाप विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क सुविधा कटौती विकल्प प्रदान गर्ने वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने, ध्यान हटाउने विधि इत्यादि...) सिटबाट छोटो अवधिका लागि ब्रेक व्यवहार प्रतिस्थापनामा परामर्श समस्या व्यवहारहरूप्रति निरन्तर प्रतिक्रिया कक्षामा टाइम आउट लन्च प्रतिबन्ध
		तह २ (प्रशासक वा टोली नेतृत्वमा)	डिटेन्सन (प्रतिबन्ध वा रोक) व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन घरेदेखि स्कूल र स्कूल देखि घर सम्मको सञ्चार प्रणाली विकसित गर्ने प्रवेश र निकास परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। कार्यात्मक व्यवहार मूल्याङ्कन समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र सीप तह मूल्याङ्कन पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने साथी मध्यस्तता गृह भ्रमण व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	प्रतिस्थापनात्मक चक्र सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) अभिभावक छाया

प्रकार २ उल्लङ्घनहरू

प्रकार २ का सम्पूर्ण उल्लङ्घनहरूका लागि प्रशासक वा विद्यार्थी सहयोग टोलीमा रेफर गर्नुपर्ने हुन्छ। A **ले आवश्यक कार्बाही(कार्य) जनाउँछ।

कोड	व्यवहार सरोकारहरू	हस्तक्षेपहरू	
१५-२	चोर्नु (~~आफैँ राख्ने उद्देश्यले कुनै मूल्यवान वस्तु~~ लिनु)	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य प्रवेश र निकास
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) गृह भ्रमण डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल
		तह ३	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल निलम्बन
५३-२	जानाजान गलत अभियोग लगाउनु वा अथोरिटीविरूद्ध दाबी गर्नु	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य डिटेन्सन प्रतिबिम्बन क्रियाकलाप प्रतिस्थापनात्मक चक्र प्रवेश र निकास वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) गृह भ्रमण
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रतिस्थापनात्मक चक्र प्रवेश र निकास वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) गृह भ्रमण

२०-२	गुण्डागर्दी (स्कूल सम्पत्तिको क्षति)	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य **अभिभावक सम्पर्क
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य डिटेन्सन प्रवेश र निकास **अभिभावक सम्पर्क
		तह ३	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने निलम्बन
२५-२	झगडा – प्रकार २ •शरीरमा धेरै चोटपटक नहुनेगरी शारीरिक आक्रमण •झगडा गर्न उक्साउनु वा सहभागी हुनु •समूह झगडा (३) वा बढी विद्यार्थीहरू कुनै झगडामा संलग्न हुँदा प्रकार १ आवश्यकता हुँदैन जबसम्म गम्भीर शारीरिक चोटपटक लाग्दैन	तह १	**अभिभावक सम्पर्क **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन प्रत्यास्थापन – समुदाय सेवा कार्य डिटेन्सन आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास साथी मध्यस्तता निलम्बन
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। समूह परामर्श/व्यवहार पाठहरू निलम्बन
		तह ३	निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल

५२-२	डिस्ट्रिक्टको यौन उत्पीडन/लैङ्गिक विभेद नीतिको उल्लङ्घन	तह १	प्रत्यास्थापन – समुदाय सेवा कार्य **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन साथी मध्यस्तता समूह परामर्श/व्यवहार पाठहरू प्रतिस्थापनात्मक चक्र परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन
		तह २	प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। समूह परामर्श/व्यवहार पाठहरू **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल
१३-२	यौन दुर्व्यवहार	तह १	प्रत्यास्थापन – समुदाय सेवा कार्य **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन साथी मध्यस्तता प्रतिस्थापनात्मक चक्र परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन
		तह २	प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। समूह परामर्श/व्यवहार पाठहरू **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल

१४-२	अश्लील (अभद्र) प्रदर्शन	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन सुविधा हटाउने वातावरण परिवर्तन (शिक्षक निकटता, अतिरिक्त सुपरिवेक्षण, इत्यादि...)
		तह २	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) समूह परामर्श/व्यवहार पाठहरू **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफररल
१८-२	जुवा (पैसा वा अन्य लाभका लागि खेलिने जुनसुकै खेल)	तह १	पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने प्रतिस्थापन - पर्यवेक्षित समुदाय सेवा कार्य डिटेन्सन **अभिभावक सम्पर्क सुविधा हटाउने वातावरण परिवर्तन (शिक्षक निकटता, अतिरिक्त सुपरिवेक्षण, इत्यादि...)
		तह २	कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफररल
१९-२	अतिक्रमण (निलम्बित विद्यार्थी वा अनुमति बिना परिसरमा डिस्ट्रिक्ट प्रायोजित आयोजनाहरूमा आएका अर्को डिस्ट्रिक्टका विद्यार्थी)	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना निलम्बन
		तह २	सुविधा हटाउने निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफररल
		तह ३	सुविधा हटाउने निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफररल

१६-२	गलत अलार्म	तह १	**अभिभावक सम्पर्क प्रत्यास्थापन – समुदाय सेवा कार्य डिटेन्सन निलम्बन
		तह २	**अभिभावक सम्पर्क अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने
		तह ३	निलम्बन
२१-२	बुलीइङ (हेप्पु) (जबरजस्ती खोस्नु र जबरजस्ती गर्नु पनि सामेल) डिस्ट्रिक्टको बुलीइङ नीति हेर्नुहोस्।	तह १	आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास साथी मध्यस्तता **अभिभावक सम्पर्क
		तह २	प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) घरेदेखि स्कूल र स्कूल देखि घर सम्मको सञ्चार प्रणाली विकसित गर्ने समूह परामर्श/व्यवहार पाठहरू अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	सुविधा हटाउने निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल

२३-२	जातिय उत्पीडन - (कसैको जात वा राष्ट्रियताको सन्दर्भ लिँदै अपमानजनक शब्दहरू बोल्नु)	तह १	आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास साथी मध्यस्तता **अभिभावक सम्पर्क
		तह २	प्रतिस्थापनात्मक चक्र कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) घरेदेखि स्कूल र स्कूल देखि घर सम्मको सञ्चार प्रणाली विकसित गर्ने समूह परामर्श/व्यवहार पाठहरू **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	सुविधा हटाउने निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल
३०-३	धूमपान – सूर्ती र/वा लाइटरको प्रयोग/स्वामीत्व (इलेक्ट्रोनिक सिगरेट/भेप सूर्ती)	तह १	**अभिभावक सम्पर्क डिटेन्सन
		तह २	सुविधा हटाउने **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	सुविधा हटाउने अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन निलम्बन
४८-३	अनुमति नलिई स्कूल क्याम्पस (परिसर) छोड्नु	तह १	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना एलिमेन्टरी मात्र
		तह २	सुविधा हटाउने कार्यात्मक व्यवहार मूल्याङ्कन एलिमेन्टरी व्यवहार सुधार योजना(बिआइपि) (एसएसटिलाई रेफर गर्ने) एलिमेन्टरी निलम्बन
		तह ३	सुविधा हटाउने डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल

४९-३	आईएसएस वा डिटेन्सनमा संलग्न गर्न असफल	तह १	प्रत्यास्थापन – समुदाय सेवा कार्य **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह २	सुविधा हटाउने **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन
		तह ३	सुविधा हटाउने निलम्बन
२२-२	डिस्ट्रिक्ट स्वीकारयोग्य प्रयोग नीतिको उल्लङ्घन (प्रविधि)	तह १	**अभिभावक सम्पर्क व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने प्रत्यास्थापन – समुदाय सेवा कार्य डिटेन्सन वातावरण परिवर्तन(विशेष सिटको व्यवस्था, अतिरिक्त सुपरिवेक्षण, इत्यादि...)
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल
०३-१-२	लागू पदार्थ/मदिराको प्रभावमा हुनु	तह १	**अभिभावक सम्पर्क वातावरण परिवर्तन (प्रभावमा रहँदा स्कूल जनसङ्ख्याबाट विस्थापन)
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने
		तह ३	सुविधा हटाउने निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफरल

क्याफे	क्याफ्टेरियामा उपद्रो	तह १	**अभिभावक सम्पर्क प्रत्यास्थापन – समुदाय सेवा कार्य लन्च प्रतिबन्ध वातावरण परिवर्तन (विशेष सिटको व्यवस्था, अतिरिक्त सुपरिवेक्षण, इत्यादि...)
		तह २	**अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन सुविधा हटाउने
		तह ३	सुविधा हटाउने निलम्बन
२६-२	अन्य प्रकार २ उल्लङ्घन जसलाई प्रिन्सिपल वा प्रतिनिधिले गम्भीरतामा अन्य प्रकार २ उल्लङ्घन समान मान्छन्।	तह १	**अभिभावक सम्पर्क प्रत्यास्थापन – समुदाय सेवा कार्य लन्च प्रतिबन्ध डिटेन्सन आइएसएस/प्रतिबिम्बन/प्रतिलाभ कोठा प्रवेश र निकास साथी मध्यस्तता
		तह २	प्रतिस्थापनात्मक चक्र सीप तह मूल्याङ्कन पूरा नभएका सम्भावित आवश्यकताहरूको मूल्याङ्कन गर्ने कार्यात्मक व्यवहार मूल्याङ्कन व्यवहार सुधार योजना(बिआइपि)(एसएसटिलाई रेफर गर्ने) परामर्श एजेन्सीसँग सम्बन्ध व्यवस्थापन घरेदेखि स्कूल र स्कूल देखि घर सम्मको सञ्चार प्रणाली विकसित गर्ने परामर्शदाता (मेन्टर) पहिचान गर्नुहोस् र स्कूल कार्यसम्पादनसँग सम्बन्धित क्रियाकलापहरूको एउटा तालिका स्थापित गर्नुहोस्। समूह परामर्श/व्यवहार पाठहरू **अभिभावक/विद्यार्थी/स्कूल स्टाफसँगको सम्मेलन गृह भ्रमण व्यक्तिकृत विद्यार्थी सुरक्षा योजना
		तह ३	सुविधा हटाउने वैकल्पिक प्रोग्रामिङ (शिक्षक/कक्षा परिवर्तन) अभिभावक छाया निलम्बन डिस्ट्रक्ट अनुशासन सम्मेलनको लागि रेफररल

प्रकार १ उल्लङ्घनहरू

प्रकार १ – सुरक्षित स्कूल्स अधिनियम उल्लङ्घन
सुरक्षित स्कूल्स अधिनियम उल्लङ्घनहरूलाई एसएसए सङ्केतले जनाइन्छ।
सुरक्षित स्कूल्स अधिनियम अन्तर्गत स्कूल प्रशासकहरूले उपयुक्त कानुन कार्यान्वयन एकाइहरूलाई, युक्तिसङ्गत रूपमा छिटोभन्दा छिटो निम्नलिखि अपराधहरूको रिपोर्ट गर्नुपर्नेछ, वा त्यस्तो जुनसुकै कार्य यदि वयस्कले गरेको भए सङ्केत गरिएका अपराध हुन्थे, स्कूल परिसरमा तथा निम्न स्थानमा जसमा डिस्ट्रिक्टका तर्फबाट सेवामा रहेको स्कूल बसमा वा स्कूलका क्रियाकपामा संलग्न हुँदासहित तर यतिमै सीमित नहुने। यसमा मिजौरी अधिनियम १६०.२६१, १६७.१६१, र १६७.१७१ अन्तर्गतका सबै उल्लङ्घनहरू सामेल छन्।

कोड	व्यवहार सरोकारहरू	हस्तक्षेपहरू	
एएलसिएच	मदिरा/स्वामीत्व	आवश्यक	अभिभावक सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	लागू पदार्थ दुर्व्यवहार उपचारका लागि रेफरल वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
०४-१	लागूपदार्थ/स्वामीत्व, खाद्यपदार्थ	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा लागू पदार्थ दुरुपयोग उपचारमा रेफरल विस्तारित निलम्बन निष्कासन
०१-१	हतियार/स्वामीत्व(एसएसए)	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन

०२-१	हतियार/प्रयोग (एसएसए)	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
०५-१	लागूपदार्थ/बिक्री/ (एसएसए) सूर्ती र/वा इलेक्ट्रोनिक सिगरेट, भेप सूर्ती, खाद्यपदार्थ, प्रेस्क्रिप्सन	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
०६-१	आक्रमण/प्रहार (एसएसए)	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
०७-१	बलात्कार/यौनिक आक्रमण	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन वैकल्पिक स्थापन विस्तारित निलम्बन निष्कासन
०८-१	आगजनी (एसएसए)	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन

०९-१	स्कूल सुरक्षा र सेक्युरिटी (एसएसए) प्रति बम खतरा (धमकी) / अन्य खतरा	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
१२-१	गम्भीर विभेदकारी व्यवहार	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
गिरोह	गिरोह सम्बन्धित व्यवहार	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन
११-१	अन्य गैरकानुनी क्रियाकलाप सुरक्षित स्कूल अधिनियम	आवश्यक	अभिभावक सम्पर्क कानून प्रवर्तन सम्पर्क डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि रेफरल सहित १० दिन सम्मको ओएसएस
		सम्भावित नतिजाहरू	वैकल्पिक कार्यक्रममा स्थापन विस्तारित निलम्बन निष्कासन

बस यातायात र विद्यार्थी व्यवहार

बस बिसौनीमा भएका बेला बस आउनु अघि र बस जानु पछि बच्चाको व्यवहारका लागि आमाबाबु/अभिभावकहरू जिम्मेवार हुनेछन्। बस बिसौनीमा सुपरिवेक्षण गर्ने डिस्ट्रिक्टको दायित्व हैन, तर एसएलपिएस ले विद्यार्थीहरूलाई उनीहरूको क्रियाकलापका लागि अनुशासनात्मक कार्बाही गर्न सक्नेछ जसले स्कूलको सञ्चालनमा भौतिक र ठोस बाधा पुऱ्याउँछ वा पुऱ्याउन सक्छ। एसएलपिएसका विद्यार्थीहरूको सुपरिवेक्षण उनीहरू बसमा बसेपछि सुरु हुन्छ। बसका लागि पर्खिँदा विद्यार्थीहरूले प्रमुख मार्गबाट टाढा बस्न जरुरी छ।

अनुपयुक्त व्यवहारले विद्यार्थीलाई अस्थायी वा स्थायी रूपमा बसबाट यात्रा गर्नबाट रोकिन सक्नेछ। कुनै पनि विद्यार्थीले डिस्ट्रिक्टको स्वामीत्वमा भएको वा डिस्ट्रिक्टले करारमा लिएको बसमा गरेको अपराध (अभद्रता) लाई विद्यार्थी आचार संहिता अनुसार सम्बोधन गरिनेछ। **बस कक्षाकोठाकै विस्तार हो र त्यहाँ दुर्व्यवहार सहन गरिनेछैन।** बसभरि र बसको ढोकामा भएका क्रियाकलापहरू रेकर्ड गर्नका लागि हरेक बसमा दुई (२) वटा डिजिटल क्यामेराहरू लगाइएका छन्।

1. यसका लागि बस चालक जिम्मेवार छन्। विद्यार्थीहरूले चालकले भनेको मान्नु पर्नेछ।
2. बसका चालकले वर्तमानमा बसमा निर्धारित विद्यार्थीहरूको नामावली प्राप्त गर्छन्। प्रिन्सिपल सँगसँगै विद्यार्थीका लागि बसका सिटहरू निर्धारित गर्ने अधिकार बसका चालकको पनि हुन्छ। विद्यार्थीहरूले आफूहरूलाई निर्धारित गरिएको बसमात्र चढ्नुपर्नेछ।
3. यातायात प्रयोग गर्ने सबै विद्यार्थीहरूले निर्धारित बस र रूट नम्बर सहितको पास प्राप्त गर्छन्। विद्यार्थीहरूले आफूहरूका लागि निर्धारित बसमात्र चढ्नुपर्नेछ।
4. अभिभावकहरूलाई बसमा यात्रा गर्न वा चढ्न अनुमति छैन।

नोट: भर्ना प्याकेट वा अनलाइनमा स्कूल बस जिम्मेवारी मार्गदर्शनहरूको सन्दर्भ लिनुहोस्।

नियमहरूको उल्लङ्घनको नतिजा विद्यार्थीलाई एसएलपिएस बस चढ्ने अनुमतिको अस्वीकृति हुनसक्छ। बसमा गरिने गम्भीर दुर्व्यवहारको नतिजा निस्काषनका लागि सिफारिस हुनसक्छ। बस सुविधा निलम्बन भएको अवधिमा, विद्यार्थीलाई स्कूलसम्म ल्याउने र लाने यातायात प्रदान गर्ने जिम्मेवारी आमाबाबु/अभिभावक(हरू)को हो।



अपराधको स्थान

प्रकार ४ - बस उल्लङ्घनहरू यो सम्पूर्ण आचार संहिता विद्यार्थीहरू बसमा हुँदा पनि लागू हुन्छ। निम्नलिखित व्यवहारहरू सामान्य रूपमा बस निर्दिष्ट छन्।			
कोड	**व्यवहार सरोकारहरू**	**हस्तक्षेपहरू**	
३६-४	बसभित्र वस्तुहरू फ्याँक्नु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
३७-४	बसको झ्यालबाट वस्तुहरू बाहिर फ्याँक्नु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
३८-४	आकस्मिक ढोका चलाउनु	तह १	विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने

३९-४	बसिरहन नमान्नु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
४०-४	बस चढ्दा/ओर्लँदा ठेल्नु/घचेट्नु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
४१-४	झ्यालबाहिर चिच्याउनु	तह १	विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने

४२-४	शरीरका अङ्गहरू बाहिर निकाल्नु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
४३-४	बसमा खानु वा पिउनु	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने
४६-४	अन्य – अन्य कुनै उल्लङ्घन जसलाई प्रिन्सिपल वा प्रतिनिधिले गम्भीरतामा अन्य प्रकार ४ का उल्लङ्घन समान मान्दछन्	तह १	व्यावहारिक अपेक्षाहरू पुनर्शिक्षित गर्ने पहिचान प्रणालीसँग व्यवहार करार हानीको विद्यार्थी निर्धारित क्षतिपूर्ति – प्रतिस्थापनात्मक न्याय विद्यार्थीसँग निजी बैठक अभिभावक सम्पर्क वातावरण परिवर्तन (विशेष बस्ने व्यवस्था, उत्प्रेरक हटाउने इत्यादि...)
		तह २	अभिभावक सम्पर्क बस निलम्बन
		तह ३	अभिभावक सम्पर्क बसबाट हटाउने

प्रविधि र विद्यार्थी व्यवहार

विद्यार्थी स्वीकारयोग्य प्रयोग नीति र नियमनहरूले एसएलपिएसमा प्रविधिको सम्पूर्ण प्रयोगलाई नियमन गर्छन्, जसमा साइबर बुलिइङ पनि सामेल छ (एमओ रेभ स्टाट १६०.७७५)। उल्लङ्घनहरूको नतिजा प्रयोगकर्ताका सुविधाहरू खोसिने, निलम्बन, निष्कासन र नागरिक वा आपराधिक दण्डहरू हुनसक्छ। विद्यार्थीहरूले डिस्ट्रिक्टको प्रविधि प्रयोग गरेर सिर्जना गर्ने, पठाउने, प्राप्त गर्ने वा भण्डारन गर्ने जेसुकै भएता पनि उनीहरूले गोपनीयताको अपेक्षा गर्नु हुँदैन। सेल फोनहरू, इलेक्ट्रोनिक क्यामेराहरू र इलेक्ट्रोनिक सञ्चार उपकरणहरूको प्रयोगको स्वीकृति स्कूल स्टाफले दिएक हुनुपर्नेछ। सेल फोनहरू, क्यामेराहरू र इलेक्ट्रोनिक उपकरणहरूको अनधिकृत प्रयोग गर्दा ती उपकरणहरू खोसिने छन् वा तिनीहरूको खोजी गरिनेछ र कब्जा गरिनेछ। खोसिएका वस्तुहरू युक्तिसङ्गत समयसीमाभित्र आमाबाबु/अभिभावक(हरू)लाई स्कूल अधिकारीसँग भेटेपछि मात्र फिर्ता गरिनेछ। डिस्ट्रिक्टको नीति उल्लङ्घन गर्दै स्कूलमा ल्याइएका र कब्जा गरिएका त्यस्ता उपकरणहरूको दायित्व डिस्ट्रिक्टमा रहेनेछैन।

विद्यार्थीहरूलाई अरू विद्यार्थीहरू र स्टाफको फोटो खिच्न निषेध गरिएको छ। त्यसो गर्नाले अन्य विद्यार्थीहरू र स्टाफको को गोपनीयता अधिकार उल्लङ्घन हुन्छ र त्यस्तो कार्य स्वीकृत प्रयोग सम्बन्धी डिस्ट्रिक्ट नीति र परिवार शिक्षा अधिकार र गोपनीयता अधिनियम (फर्पा, एफइएआरपिए) अन्तर्गत अनुशासनात्मक कार्बाहीयोग्य हुनसक्छ। विद्यार्थी र डिस्ट्रिक्टलाई संरक्षण गर्नका लागि डिस्ट्रिक्टले कामका लागि नियमित भैरहेने प्रविधिको प्रयोगमा इलेक्ट्रोनिक सञ्चार र जानकारी भण्डारहरू अनुगमन गर्छ। केही परिस्थितिहरूमा, स्कूल सञ्चालनमा बाधा अवरोध पुऱ्याउने गरी विद्यार्थीले क्याम्पस बाहिर प्रयोग गरेको प्रविधिमाथि पनि अनुशासनात्मक कार्बाही हुनसक्छ।(जस्तै उत्पीडन वा साइबर बुली गर्नका लागि फेसबुक वा अन्य मेडियाको प्रयोग)

स्रोत र सुपरिवेक्षण उपलब्ध भएका बेला इन्टरनेटको पहुँचलाई सीमित पार्ने अधिकार बोर्डले सुरक्षित गरेको छ। कानुनले स्वीकृत गरेको हदसम्म बोर्डको सञ्जाललाई एउटा बन्द मञ्च मानिन्छ। विद्यार्थी प्रयोगकर्ताहरू आफूले अनलाइन(इन्टरनेट वा इन्ट्रानेट)मा भेटेका व्यक्तिहरूसँग भेट नगर्न सहमत हुनुपर्नेछ जबसम्म त्यस्तो काम बोर्डको कर्मचारीद्वारा शैक्षिक उद्देश्यका लागि हो भनेर थाहा पाई प्रोत्साहित गर्रिँदैन। कम्प्युटरमार्फत विद्यार्थीहरूले प्राप्त गरेको कुनै पनि अनुपयुक्त सामग्री, वा प्रयोगकर्तालाई असहज हुनेगरी विद्यार्थीले प्राप्त गरेको अनुपयुक्त सन्देश विद्यार्थी प्रयोगकर्ताले तुरुन्तै आफ्नो शिक्षक वा अन्य स्कूल कर्मचारीलाई भन्नु पर्नेछ।

निलम्बन

स्कूलहरूमा राम्रो स्थिति र अनुशासनका लागि हानीकारक हुने व्यवहारका लागि वा अन्य विद्यार्थीहरूको मनोबल वा राम्रो व्यवहारलाई बिगार्ने किसिमको व्यवहारका लागि विद्यार्थीहरूलाई निलम्बन वा निष्कासन गर्न सकिनेछ। प्रिन्सिपलले गर्ने कुनै पनि त्यस्तो निलम्बन तुरुन्तै सुपरिन्टेन्डेन्टलाई वा उसको/उनको प्रतिनिधिलाई रिपोर्ट गरिनेछ जसले कुनै पनि समयमा निलम्बन रद्द गर्न सक्नेछन्।

- निलम्बन गरिएको कार्बाही रिपोर्ट नगरिएसम्म कुनै पनि विद्यार्थीलाई उसको कक्षाकोठा वा स्कूलबाट एक दिनभन्दा बढीका लागि विस्थापित गरिनेछैन।
- प्रकार दुई उल्लङ्घनहरूका लागि विद्यार्थीहरूलाई नबढाइकन दस(१०) दिनका लागि निलम्बन गर्ने अधिकार प्रिन्सिपलको रहेको छ□
- प्रकार एक उल्लङ्घनका लागि दस(१०) स्कूल दिनका लागि निलम्बन गर्ने अधिकार प्रिन्सिपलमा निहीत रहेको छ।
- किन्डरगार्टनदेखि दोस्रो ग्रेडसम्मका विद्यार्थीहरूलाई परिमार्जित मिजौरी अधिनियम अनुसार निलम्बन गर्न पाइनेछैन, जसमा सुरक्षित स्कूल अधिनियम सामेल छ तर यतिमै सीमित छैन।
- सुपरिन्टेन्डेन्टले विद्यार्थीहरूलाई बढीमा १८० दिनका लागि निलम्बन गर्न सक्छन्।
- विद्यार्थीलाई स्कूल बाहिर हुने गरी निलम्बन गरेपछि, अभिभावकलाई सम्पर्क गर्नुपर्छ र निलम्बन पत्र हस्तान्तरण गर्नुपर्छ।
- स्टाफ वा अन्य विद्यार्थीहरूमाथि आक्रमणमा संलग्न हुने विद्यार्थीहरूलाई उनीहरूले उल्लङ्घन गरेको स्कूलमा फर्कन अस्वीकार गर्न सकिनेछ।
- यस नीति अनुसार कार्बाही गरिएको विद्यार्थीलाई स्कूल परिसर वा डिस्ट्रिक्टको कुनै पनि क्रियाकलापको १००० फिटभित्र आउन दिइनेछैन, चाहे सो क्रियाकलाप डिस्ट्रिक्ट परिसरमा होस् वा नहोस्□ निलम्बित विद्यार्थीले स्कूल परिसरमा आउनका लागि सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिको अनुमति लिन आवश्यक छ। क्याम्पस भित्रको शैक्षिक वातावरणलाई नकारात्म प्रभाव पार्नेगरि क्याम्पस बाहिर गरिएको व्यवहारका लागि डिस्ट्रिक्टले विद्यार्थीहरूलाई कार्बाही गर्न सक्नेछ।

निलम्बनका लागि बाँकी प्रक्रिया कार्यविधि

गुनासो र सिकायतहरूको समाधान गर्दा, र निलम्बन वा निष्कासनका लागि विचार गर्दा, सबै विद्यार्थीहरूलाई निष्पक्ष र इमानदारितापूर्वक व्यवहार गरिनेछ। निलम्बन वा निष्कासनका लागि सिफारिस गराउने किसिमका विद्यार्थी आचार संहिता उल्लङ्घनका लागि:

प्रिन्सिपल वा प्रतिनिधिले युक्तिसङ्गत समयावधिमा विद्यार्थी सम्मेलन र स्कूल-तह अनुसन्धान गराउनु पर्नेछ। कुनै पनि विद्यार्थीलाई निलम्बन गरिनेछैन जबसम्म :

1. उसलाई/उनलाई लगाइएको अभियोग बारे विद्यार्थीलाई मौखिक वा लिखित सूचना प्रदान गरिँदैन; र
2. यदि विद्यार्थीले ती अभियोगहरू अस्वीकार गर्छ भने, उसलाई/उनलाई प्रस्तावित निलम्बनको आधार खडा गर्ने तथ्यहरूको लिखित वा मौखिक व्याख्या प्रदान गरिनेछ; र
3. विद्यार्थीलाई सो घटनाको उसको/उनको पक्ष प्रस्तुत गर्ने अवसर दिइनेछ; र
4. दस (१०) दिनभन्दा बढीको निलम्बन भएको खण्डमा, विद्यार्थीले यो निर्णयविरूद्ध अपील गर्ने सूचीत गरेपछि, बोर्डले निर्णय दिने समयसम्मका लागि निलम्बनमा रोक लगाइनेछ, जबसम्म सुपरिन्टेन्डेन्टको विचारमा सो विद्यार्थीको उपस्थितिले व्यक्तिहरू वा सम्पत्तिमा खतरा जारीरहन्छ वा सैक्षिक प्रगतिलाई बाधा गर्ने जोखिम हुन्छ भन्ने हुँदैन, र यस्तो स्थितिमा विद्यार्थीलाई तुरुन्त स्कूलबाट हटाइनेछ र सूचना र सुनुवाइ छिटोभन्दा छिटो सञ्चालन गरिनेछ।

प्रिन्सिपल वा प्रतिनिधिले निलम्बनको सूचना प्रदान गर्न, निलम्बनको कारणबारे जानकारी दिन, र विद्यार्थीलाई पुन: भर्ना गर्ने आवश्यकताका लागि प्रिन्सिपल वा प्रतिनिधिसँगको सम्मेलनका लागि मिति र समय तय गर्न आमाबाबु/अभिभावक(हरू)लाई सम्पर्क गर्नुपर्नेछ। निर्दिष्ट दुर्व्यवहार र निलम्बनका लागि कारण भएको उपयुक्त दस्ताबेज बिनै कुनै पनि विद्यार्थीलाई घर पठाइनेछैन।

विद्यार्थीलाई उसका/उनका आमाबाबु/अभिभावक(हरू)को जिम्मामा दिनु अघि स्कूल समयको अन्त्यसम्म स्कूलमा रहन दिइनेछ। विद्यार्थी स्कूलमा उपस्थित हुँदा कुनै व्यक्ति वा सम्पत्तिमा निरन्तर खतरा हुनसक्ने वा शैक्षिक प्रक्रियामा बाधाको जोखिम हुन सक्ने भएमा सो विद्यार्थीलाई तुरुन्तै स्कूल परिसरबाट उपयुक्त कानुनी अधिकारको सुपरिवेक्षण अन्तर्गत हटाइनेछ।

निलम्बन वा वैकल्पिक व्यवस्थापनका लागि अपीलहरू

अल्पकालीन निलम्बन अपील:
दस (१०) दिनभन्दा बढी ननाघ्ने गरि डिटेन्सहरू, स्कूलभित्रका निलम्बनहरू र स्कूल बाहिरका निष्कासनहरू विरुद्धको अपील प्रिन्सिपलदेखि बाहिर जान खुला हुनेछैन।

दीर्घकालीन निलम्बन अपील (दस(१०) दिनभन्दा बढी):
दस दिनभन्दा बढीको कुनै पनि निलम्बनका लागि विद्यार्थी वा आमाबाबु/अभिभावकले सुपरिन्टेन्डेन्टको निर्णय विरुद्ध विशेष प्रशासकीय बोर्डमा अपील गर्न सक्नेछन्। विद्यार्थी वा अभिभावकले अपील गर्ने आफ्नो इच्छा बारे परिवार तथा समुदाय संलग्नता कार्यालयलाई दीर्घकालीन निलम्बन जारी गरिएको मितिले पाँच(५) कार्य दिनभित्र सूचीत गर्नुपर्नेछ। यदि विद्यार्थी वा अभिभावकले अपील गर्ने आफ्नो इच्छा बारे सूचीत गरेका खण्डमा बोर्डले निर्णय नदिउन्जेल निलम्बन स्थगित गरिनेछ। यद्यपि, सुपरिन्टेन्डेन्टको विचारमा यदि विद्यार्थीको उपस्थितिले कुनै व्यक्ति वा सम्पत्तिमा निरन्तर खतरा हुनसक्ने वा शैक्षिक प्रक्रियामा बाधाको जोखिम हुन सक्ने भएमा, सो विद्यार्थीलाई तुरुन्त स्कूलबाट हटाइनेछ र छिटोभन्दा छिटो सुनुवाइ प्रक्रिया गरिनेछ।
विशेष प्रशासकीय बोर्डमा अपील गरिएको खण्डमा, सुपरिन्टेन्डेन्टले चुस्त रूपमा निलम्बन सम्बन्धी तथ्यहरू, उसले/उनले गरेको कार्बाही, त्यसका कारणबारे लिखित रिपोर्ट पेस गर्नेछन् र अनुरोध गरिएको खण्डमा विशेष प्रशासकीय बोर्डले, अपील गर्ने पक्षलाई खण्ड १६७.१६१ आएएसएमओको प्रावधान अनुसार सुनुवाइको अनुमति दिनेछ।

आमाबाबु/आधिकारिक अभिभावक(हरू)ले दस(१०) दिनभन्दा बढीको निलम्बन विरूद्ध निम्न विधिले अपील गर्न सक्नेछन्:

- परिवार र समुदाय संलग्नता कार्यालय, 801 N. 11th St., St. Louis, MO 63101 मा अनुरोध गरेर अपील फाराम लिने वा अपीलको पत्र लेख्ने।
- उल्लङ्घनसम्बन्धी सबै जानकारीहरू फाराममा वा पत्रमा सामेल गर्ने।
- दीर्घकालीन निलम्बन जारी गरिएको मितिबाट पाँच(५) कार्यदिनभित्रमा सो फाराम वा पत्र परिवार तथा समुदाय संलग्नता कार्यालयमा बुझाउने।
- अपीलहरूमा दीर्घकालीन निलम्बन गराउने गरीको उल्लङ्घनसँग प्रत्यक्ष सम्बन्धित तथ्यका वक्तव्यहरूमा सीमित हुनुपर्नेछ।

वैकल्पिस स्थापनका लागि अपील प्रक्रिया:
विद्यार्थी आचार संहिताको उल्लङ्घन प्रकार १ का लागि वैकल्पिक स्थानमा स्थापन गरिएको विद्यार्थीले सो स्थापन विरुद्ध परिवार र समुदाय संलग्नता कार्यालयमा अपील गर्न सक्नेछन्। अपीलमा निर्णय नहुन्जेल वैकल्पिक स्थापन कायम रहनेछ। अपीलमा निर्णय नहुन्जेल विद्यार्थीले वैकल्पिक स्थापनमा भर्ना हुनुपर्नेछ। आमाबाबु/अभिभावकले कुनै पनि कार्बाहीको अपील निम्न तरिकाले गर्न सक्छन्:

- परिवार र समुदाय संलग्नता कार्यालय, 801 N. 11th St., St. Louis, MO 63101 मा अनुरोध गरेर अपील फाराम लिने वा अपीलको पत्र लेख्ने।
- उल्लङ्घनसम्बन्धी सबै जानकारीहरू फाराममा वा पत्रमा सामेल गर्ने।
- वैकल्पिक प्लेसमेंट जारी गरिएको मितिबाट पाँच(५) कार्यदिनभित्रमा सो फाराम वा पत्र परिवार तथा समुदाय संलग्नता कार्यालयमा बुझाउने।
- अपीलहरूमा 22/5000 वैकल्पिक प्लेसमेंटको उल्लङ्घनसँग प्रत्यक्ष सम्बन्धित तथ्यका वक्तव्यहरूमा सीमित हुनुपर्नेछ। अपीलको स्थिति बारे सूचना अभिभावकलाई लिखित अपील प्राप्त भएको दस(१०) स्कूल दिनभित्रमा पठाइनेछ।
- परिवार र समुदाय संलग्नता कार्यालयको निर्णय अन्तिम हुनेछ र त्यसमा अपील गर्न पाइनेछैन।

निष्कासन

निष्कासन स्थायी रूपमा स्कूल आउन अस्वीकार गर्नु हो।

स्कूलबाट निष्कासन
वैकल्पिक शिक्षा व्यवस्थापनमा आफ्नो निष्कासनको पदावधि पूरा गरेको र परम्परागत स्कूल व्यवस्थापनमा स्थानान्तरण भएको विद्यार्थी स्वत: परीक्षणकालमा हुँदैन। वैकल्पिक शिक्षा व्यवस्थापमा जाने कुनै पनि निष्कासित र अमर्यादित व्यवहार देखाउने विद्यार्थीलाई वैकल्पिक शिक्षा व्यवस्थापनबाट निकालिने छ र उसको/उनको निष्कासनको अवधि पूरा नहुन्जेल वैकल्पिक शिक्षा व्यवस्थापनमा फर्किन दिइने छैन।

प्रकार १ उल्लङ्घन गरेकामा निलम्बित भएको कुनै विद्यार्थई स्कूल प्रिन्सिपल वा प्रतिनिधिको सिफारिसमा निष्कासित हुन सक्नेछ। स्कूल परिसर, स्कूल बस, वा स्कूल प्रायोजित आयोजनामा तलका मध्ये कुनै एकको स्वामीत्व राखेको दोषी कुनै पनि विद्यार्थीलाई प्रिन्सिपल वा प्रतिनिधिले तुरुन्तै निष्कासनका लागि सिफारिस गर्न सक्नेछन्।

- हतियार (हतियारहरूका लागि शब्दावली हेर्नुहोस्)
- लागू पदार्थ वा मदिकाको वितरण तथा बिक्री
- उत्तेजित आक्रमण
- निष्कासन आवश्यक हुने अन्य सुरक्षित स्कूल अधिनियम उल्लङ्घनहरू

डिस्ट्रिक्टबाट निष्कासन:
विद्यार्थीका आमाबाबु/अभिभावक(हरू)लाई सूचना प्रवाह गरेपछि र आरोपहरूमाथि सुनुवाइ गरेपछि, शिक्षा बोर्डले स्थायी रूपमा कुनै विद्यार्थीलाई निष्कासन गर्न सक्नेछ। सुनुवाइमा, निष्कासन गर्ने निर्णय गर्नुअघि बोर्डले विद्यार्थी र स्कूल अधिकारीहरू दुवै द्वारा प्रस्तुत गरिएका प्रमाणहरू र वक्तव्यहरू विचार गर्नेछ।

नोट: निष्कासित गरिएको कुनै पनि विद्यार्थीलाई राज्यमा कुनै पनि गाउँ वा सहरका स्कूल प्रणालीको पब्लिक स्कूलमा भर्ना गरिनेछैन जबसम्म उसले/उनले भर्ना हुन चाहेको स्कूल प्रणालीका स्कूल प्रणाली सञ्चालन गर्ने उच्चाधिकारीहरूले समीक्षा र स्वीकृत गर्दैनन्।

निष्कासनका लागि बाँकी प्रक्रिया कार्यविधि

<u>स्कूलबाट:</u>
प्रिन्सिपलले कुनै विद्यार्थीलाई निष्कासन गर्न सक्तैनन्। प्रिन्सिपलले विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गर्न सक्छन्। यदि प्रिन्सिपलले विद्यार्थीलाई निष्कासनका लागि सिफारिस गर्छन् भने, निष्कासनको सिफारिसका लागि डिस्ट्रिक्ट अनुशासन सम्मेलन हुन्जेलसम्म निलम्बन गरिनेछ। सो विद्यार्थीका लागि डिस्ट्रिक्ट अनुशासन सम्मेलन गरिनेछ, जसमा डिस्ट्रिक्ट अनुशासन अधिकारीले निष्कासनका लागि गरेको सिफारिस समर्थन गरिएको, परिमार्जित गरिएको वा उल्ट्याइएको कुरा निर्धारण गर्नेछन्।

निष्कासनका लागि सिफारिस तथा डिस्ट्रिक्ट अनुशासन सम्मेलनका लागि बाँकी प्रक्रिया कार्यविधिहरू निम्न छन् :

- प्रिन्सिपल वा प्रतिनिधिले विद्यार्थी सम्मेलन र स्कूल-तहको अनुसन्धान सञ्चालन गर्नुपर्नेछ। इनोभेटिभ पाथवेज कार्यालयलाई उपयुक्त दस्ताबेजहरू बुझाउनु पर्नेछ। यदि ४८ घण्टाभित्र इनोभेटिभ पाथवेजलाई कागजपत्र बुझाइएन भने, विद्यार्थीलाई स्कूल फिर्ता आउने अनुमति दिइनेछ(विशेष परिस्थिति बाहेक)
- अनुशासन उल्लङ्घन भएको दस(१०) दिनभित्र सुपरिन्टेन्डेन्टका प्रतिनिधि, डिस्ट्रिक्ट अनुशासन सम्मेलन अधिकारीले डिस्ट्रिक्ट सम्मेलन सञ्चालन गर्नेछन्।
- भवनको प्रिन्सिपल र/वा प्रतिनिधिले बुझाएको दस्ताबेज अनुशासन सम्मेलन अधिकारीले समीक्षा गर्नेछन्।
- सम्मेलनको अवधिभरि विद्यार्थी निलम्बन मै रहनेछ।

<u>डिस्ट्रिक्टबाट:</u>
विद्यार्थीका आमाबाबु/अभिभावक(हरू)लाई सूचना प्रवाह गरेपछि र आरोपहरूमाथि सुनुवाइ गरेपछि, शिक्षा बोर्डले स्थायी रूपमा कुनै विद्यार्थीलाई निष्कासन गर्न सक्नेछ। सुनुवाइमा, निष्कासन गर्ने निर्णय गर्नुअघि बोर्डले विद्यार्थी र स्कूल अधिकारीहरू दुवै द्वारा प्रस्तुत गरिएका प्रमाणहरू र वक्तव्यहरू विचार गर्नेछ।

पुन: भर्ना वा भर्ना हुने अनुमति

यदि कुनै विद्यार्थीले निलम्बन, निष्कासनको अवधिमा वा नीजि, चार्टर, वा पारोकियल स्कूल वा स्कूल डिस्ट्रिक्ट सहित अर्को राज्यभित्र वा राज्यबाहिरको स्कूल डिस्ट्रिक्टबाट निलम्बित वा निष्कासित हुनबाट बच्न एसएलपिएसमा भर्ना हुने प्रयास गरिरहेको छ भने, सुपरिन्टेन्डेन्ट वा सुपरिन्टेन्डेन्टको प्रतिनिधिसँग एउटा सम्मेलनको आयोजना गरिनेछ र यसमा विद्यार्थीको व्यवहारका कारण निलम्बन वा निष्कासन गरिएको हो होइन विचार गरिनेछ। एपोइन्टमेन्ट तय गर्नका लागि अभिभावकहरूले इनोभेटिभ पाथवेजलाई सम्पर्क गर्नुपर्नेछ।

सुपरिन्टेन्डेन्ट वा सुपरिन्टेन्डेन्टको प्रतिनिधिले त्यस्तो व्यवहारले एसएलपिएसमा निलम्बन वा निष्कासन गराएको निर्धारित गरेपछि, डिस्ट्रिक्टले त्यस्तो निलम्बन वा निष्कासन एसएलपिएस डिस्ट्रिक्टमा लागू गर्नेछन्। त्यस्तो स्थितिमा जब विद्यार्थी अर्को डिस्ट्रिक्ट, चार्टर वा पारोकियल स्कूलबाट एसएलपिएसमा प्रवेश गर्छन्, जहाँ उनीहरूले निलम्बनहरू प्राप्त गरेका हुन्छन् वा विद्यार्थी आचार संहिताको बारम्बार उल्लङ्घन गरेका हुन्छन्, ती विद्यार्थीहरूलाई इनोभेटिभ पाथवेजले निर्धारण गरेअनुसार वैकल्पिक स्कूलमा राखिनेछ।

एसएलपिएसले पहिले निलम्बन वा निष्कासन गराउने व्यवहारको समीक्षा गर्न र भविष्यमा हुन सक्ने त्यस्ता व्यवहारहरू निषेध गर्नका लागि उपचारात्मक उपायहरू अवलम्बन गर्न सम्मेलन आयोजना नगरिकन स्कूल हिंसाको क्रियाकलापका लागि दस दिनभन्दा बढी समयका लागि निलम्बन गरिएको विद्यार्थीलाई पुन:भर्ना वा भर्ना गराउनेछैन, वा स्कूल जान अनुमति दिनेछैन। सो सम्मेलनमा स्कूलका उपयुक्त सदस्यहरू, विद्यार्थी र आमाबाबु/अभिभावकलाई सामेल गर्नुपर्नेछ।

आपराधिक आक्रमणहरू

राज्य अधिनियम §१६७.१७१ अनुसार, त्यस्तो विद्यार्थीलाई पुन: भर्ना वा भर्ना गरिनेछैन जो अन्तिम न्याय निर्णय नभएको आरोपित विद्यार्थी, वा वयस्क वा जुभेनाइल अभियो लागेको हुन्छ, वात्यस्तो जुभेनाइल व्यवहारका लागि आरोप लागेको हुन्छ जुन यति वयस्कले गरेको भए निम्न मध्ये एउटा अपराधमा गनिने थियो:

(a) खण्ड ५६५.०२० अन्तर्गत पहिलो डिग्रीको हत्या;
(b) खण्ड ५६५.०२१ अन्तर्गत दोस्रो डिग्रीको हत्या
(c) खण्ड ५६५.०५० अन्तर्गत पहिलो डिग्रीको आक्रमण;
(d) अगस्ट १८, २०१३ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६६.०३० अन्तर्गत जबरजस्ती करणी, वा खण्ड ५६६.०३० अन्तर्गत पहिलो डिग्रीको करणी
(e) अगस्ट १८, २०१३ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६६.०६० अन्तर्गत जबरजस्ती पुरुष मैथुन वा खण्ड ५६६.०६० अन्तर्गत पहिलो डिग्रीको पुरुष मैथुन;
(f) खण्ड ५६६.०३२ अन्तर्गत वैधानिक करणी
(g) खण्ड ५६६.०६२ अन्तर्गत वैधानिक पुरुष मैथुन
(h) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड ५६९.०२० अन्तर्गत पहिलो डिग्रीको डकैती वा खण्ड ५७०.०२० अन्तर्गतको पहिलो डिग्रीको डकैती
(i) जनवरी १, २०१७ अघि अस्तित्वमा भए अनुसार खण्ड १९५.२१२ अन्तर्गत नाबालकहरूलाई लागू पदार्थ वितरण वा खण्ड ५७९.०२० अन्तर्गत नियन्त्रित पदार्थको वितरण;
(j) खण्ड ५६९.०४० अन्तर्गत पहिलो डिग्रीको आगजनी
(k) खण्ड ५६५.११० अन्तर्गत क श्रेणीको अपराध वर्गीकरम हुँदा, अपहरण वा पहिलो डिग्रीको अपहरण

यस नीतिमा भएको कुनै पनि कुरालाई डिस्ट्रिक्टको विद्यार्थी आचार संहिता अन्तर्गत माथि सूचीकृत अपराधहरूका लागि अनुशासन लागू गर्नबाट रोक्ने बुझिनु हुँदैन, चाहे त्यो आपराधिक वा जुभेनाइल अदालतमा निर्दिष्ट क्रियाकलापका लागि वयस्क अभियोग वा जुभेनाइल याचिकालाई बरखास्त गरिएको वा विमुक्त गरिएको होस्, कानुनले आवश्यक टानेका सम्पूर्ण बाँकी प्रक्रिया विद्यार्थीमा लगाइने प्रमाणीत भएको खण्डमा।

असक्तता भएका व्यक्ति शिक्षा अधिनियम(आइडिइए) र खण्ड ५०४

असक्तता भएको विद्यार्थीले सुरक्षित स्कूल अधिनियम तथा सेन्ट लुइस पब्लिक स्कूल्स आचार संहितामाथि श्रेष्ठता जमाएको विषयमा असक्तता भएका व्यक्ति शिक्षा अधिनियमका आवश्यकताहरू। यसले कानुनले जरुरी गरे अनुसार स्थापन परिवर्तन कार्यविधि पालना नगरीकन यी विद्यार्थीहरूलाई अलग्याउने डिस्ट्रिक्टको क्षमतालाई सीमित पार्दछ।
असक्तता भएका विद्यार्थीहरूलाई निशुल्क, उपयुक्त सार्वजानिक शिक्षा प्रदान गर्ने बोर्डको नीति रहेको छ। यी विद्यार्थीहरूका आवश्यकताहरू पूरा गर्नका लागि उपलब्ध डिस्ट्रिक्टका कार्यक्रमहरू र सेवाहरू असक्तता भएका व्यक्ति शिक्षा अधिनियम(आइडिइए) २० यु.एस.सि. §१४०० एट.सेक्. संसोधित, विशेष शिक्षाका लागि मिजौरी राज्य योजना, र १९७३ को पुनर्स्थापना अधिनियम, २९, यु.एस.सि. §७९४ को खण्ड ५०४ अनुसार हुनेछन्।

आइडिइए र खण्ड ५०४ अन्तर्गत स्कूल डिस्ट्रिक्टहरूले बच्चा पत्ता लगाउ क्रियाकलापहरू र असक्तता भएका वा असक्तता शङ्का गरिएका जन्म देखि एक्काइस वर्षसम्मका सबै बच्चाहरूको वार्षिक जनगणना सञ्चालन गर्नुपर्नेछ। यसमा डिस्ट्रिक्टमा बस्ने स्कूल नजाने बच्चाहरू, नीजि स्कूल जाने बच्चाहरू, आप्रवासी र गृहविहीन बच्चाहरू जस्ता अत्यन्त गतिशील बच्चाहरू तथा असक्तता भएको आशङ्का गरिएका बच्चाहरू एक देखि अर्को ग्रेडमा अगाडि बढे पनि जसलाई विशेष शिक्षाको खाँचो छ, सामेल छन्। यदि तपाईंसँग असक्तता भएको बच्चा छ वा पब्लिक स्कूल नजाने कुनै असक्तता भएको बच्चालाई चिनुहुन्छ भने, कृपया जनगणना रिपोर्टिङ फाराम अनुरोध गर्नुहोस्। यस सूचनालाई उपयुक्तता अनुसार मूल भाषामा प्रदान गरिनेछ।

अतिरिक्त जानकारीका लागि, (३१४) ६३३-५३४४ मा फोनद्वारा आफ्नो बच्चाको प्रिन्सिपल वा विशेष शिक्षा सेवाका निर्देशकलाई सम्पर्क गर्नुहोस् वा हुलाकद्वारा विशेष शिक्षा सेवा, सेन्ट लुइस पब्लिक स्कूल्स, 801 N. 11th Street, St. Louis, MO 63101 मा सम्पर्क गर्नुहोस्।

आफ्नो न्याक्षेत्रभित्र पर्ने ३ देखि २१ वर्ष उमेरका सम्पूर्ण योग्य असक्तता भएका बच्चाहरूलाई एफएपि प्रदान गर्ने छ भनी सेन्ट लुइस पब्लिक स्कूल्स विश्वास दिलाउँछ। डिस्ट्रिक्टले नियमित वा विशेष शिक्षा कक्षामा कुनै व्यक्तिको प्रारम्भिक स्थापन गर्नु अघि ३ देखि २१ वर्ष उमेरका विशेष शिक्षा वा सम्बन्धित सेवा आवश्यक पर्ने वा आवश्यक पर्ने ठानिएको कुनै पनि व्यक्तिको निशुल्क मूल्याङ्कन गर्नेछ र तदनन्तर स्थापनमा हुने महत्त्वपूर्ण परिवर्तन अघि मूल्याङ्कनको आवश्यकता माथि विचार गर्नेछ। आइडिइए अन्तर्गतका असक्तताका उदाहरणहरूमा निम्न सामेल छन् – अटिज्म (स्वलीनता), भावनात्मक विकार, श्रवण विकार र बहिरोपन, मानसिक सुस्तता, बहु असक्तता, अर्थोपेडिक विकार, अन्य स्वास्थ्य विकार, विशिष्ट सिकाइ असक्तताहरू, बोली वा भाषा विकार, ट्रमाटिक मस्तिष्क चोटपटक, दृष्य विकार/अन्धोपन, र विकासात्मक ढिलाइ भएको सानो बच्चा। खण्ड ५०४ अन्तर्गत विद्यार्थीको असक्तता त्यसबेला हुन्छ जब उसको मानसिक वा शारीरिक विकारले उसका प्रमुख जीवन क्रियाकलापहरूलाई पर्याप्त रूपमा सीमित पार्दछन्।

मिजौरी पहिलो कदम कार्यक्रममा योग्य हुने नाबालक र बच्चाहरूका लागि प्रारम्भिक हस्तक्षेप सेवाहरू कार्यान्वयन गर्नका लागि राज्यलाई सहयोग गर्न सेन्ट लुइस पब्लिक स्कूल्सले जानकारी र रेफरल सेवाहरू प्रदान गर्नेछ भन्ने विश्वास दिलाउँछ।

विशेष शिक्षाका लागि मिजौरी राज्य योजनाको कार्यान्वयनकालागि सेन्ट लुइस पब्लिक स्कूल्सले एउटा स्थानीय सम्मति योजना विकसित गरेको छ। नियमित कार्यालय समयमा विशेष शिक्षा कार्यालयमा यस योजनाको समीक्षा गर्न सकिनेछ।

असक्तता भएका बच्चाहरूको पहिचान, मूल्याङ्कन, स्थापन वा एफएपिइ प्रावधानका लागि सङ्कलित, प्रयोग गरिएको, वा व्यवस्थित गरिएको व्यक्तिगत रूपमा पहिचानयोग्य जानकारीलाई उनीहरूका आमाबाबु/अभिभावकहरू र १८ वर्ष वा माथिका विद्यार्थीहरू(योग्य विद्यार्थीहरू)ले निरीक्षम र/वा समीक्षा गर्न सक्नेछन् भन्ने कुरा सेन्ट लुइस पब्लिक स्कूल्स विश्वास दिलाउँछ। आमाबाबु/अभिभावकहरू र योग्य विद्यार्थीहरूले शैक्षिक रेकर्डहरूको संसोधन अनुरोध गर्न सक्नेछन् यदि आमाबाबु/अभिभावक वा योग्य विद्यार्थीलाई सो रेकर्ड अशुद्ध, भ्रामक वा त्यसले आफ्नो बच्चाको गोपनीयता वा अन्य अधिकारहरू उल्लङ्घन गर्ने किसिमको लाग्छ भने।

परिवार शिक्षा अधिकार तथा गोपनियता अधिनियम(फर्पा) का आवश्यकताहरू पूरा गर्न डिस्ट्रिक्ट कथित रूपमा असफल भएको लाग्छ भने, अभिभावकहरूलाई निम्नमा गुनासो फाइल गर्ने अधिकार रहेको छ – परिवार नीति पालना कार्यालय, अमेरिकी शिक्षा विभाग, 400 Maryland Avenue, SW, Washington, D.C., 20202-4605 वा एलिमेन्टरी र माध्यमिक शिक्षाको मिजौरी विभाग, विशेष शिक्षा प्रभाग – पालना, P.O. Box 480, Jefferson City, MO 65102☐

<u>आइडिइए अन्दर्गत असक्तता भएका विद्यार्थीहरूको अनुशासन</u>

असक्तता भएका विद्यार्थीहरूले यस पुस्तिकामा भएका नियमनहरूको पालना गर्नेछन् भन्ने अपेक्षा गरिएको छ। यद्यपि, केही परिस्थितिमा, राज्य र फेडेरल कानुनले जरुरी गरे अनुसार, असक्तता भएका विद्यार्थीहरूलाई निलम्बन गर्दा केही कार्यविधिहरूको पालना गर्न आवश्यक छ। यस खण्डको उद्देश्यका लागि, असक्तता भएको विद्यार्थी त्यो विद्यार्थी हो जो आइडिइएको भाग ख अनुसार सेवाहरू प्राप्त गर्नका लागि योग्य हुन्छ। अधिनियम वा नियमनले प्रेस्क्राइब नगरेता पनि, नागरिक अधिकारका लागि अमेरिकी कार्यालय र अदालतहरूले निर्णय गरे अनुसार खण्ड ५०४ मा पनि आइडिइएले आवश्यक गरे अनुसारका कार्यविधिहरू आवश्यक हुन्छन्।

<u>दस वा कम दिनका लागि निलम्बन:</u>
यस पुस्तिकामा उल्लेखित प्रावधानहरूको उल्लङ्घन गर्ने असक्तता भएका विद्यार्थीहरूलाई उसको वा उनको वर्तमान स्थापनबाट दस स्कूल दिन सम्मका लागि निलम्बन वा विस्थापन गर्न सकिनेछ जुन अन्य विद्यार्थीहरूमा लगाइने बाँकी प्रक्रिया कार्यविधि प्रयोग गरेर मात्र गर्नुपर्नेछ, तल नोट गरिएको स्कूल वर्ष भरिको विस्थापन दस दिन नाघेमा बाहेक।

<u>दसभन्दा बढी दिनका लागि निलम्बन:</u>
यदि असक्तता भएको विद्यार्थी उसको वा उनको शैक्षिक स्थापनबाट दसभन्दा बढी क्रमागत दिनहरूका लागि निलम्बित वा विस्थापित हुन्छ भने, सो विद्यार्थीले दस स्कूल दिनभन्दा बढीका लागि अन्य विद्यार्थीहरूमा लगाइने बाँकी प्रक्रिया प्राप्त गर्नेछ। सो विद्यार्थीले आफूलाई सामान्य पाठ्यक्रममा सहभागी हुन जारी राख्न सक्षम बनाउन र उनीहरूको आइइपि लक्ष्य प्राप्त गर्ने गरि निर्माण गरिएको शैक्षिक सेवा पनि प्राप्त गर्नेछ।

अझ, विद्यार्थीलाई निलम्बन गर्ने वा विद्यार्थीको स्थापन परिवर्तन गर्ने निर्णय भएको दस दिनभित्र, डिस्ट्रिक्टको प्रतिनिधि, अभिभावक र आइइपि समूह(टोली)का सान्दर्भिक सदस्यहरूले, मुद्दामा रहेको व्यवहार विद्यार्थीको असक्तताको प्रत्यक्षीकरण हो कि होइन भनी निर्धारण गर्न बैठक गर्नेछन्। यदि यो समूहले सो व्यवहार विद्यार्थीको असक्तताको प्रत्यक्षीकरण हो भन्ने निर्धारण गर्छ भने, आइइपि समूहले कार्यगत व्यावहारिक मूल्याङ्कन सञ्चालन गर्नेछ वा व्यवहार हस्तक्षेप योजना कार्यान्वयन वा परिमार्जन गर्नेछ र विद्यार्थीलाई उसको वास्तविक स्थानमा फर्काउनेछ, जबसम्म अभिभावक र डिस्ट्रिक्ट अर्को स्थापनमा सहमत हुँदैनन्।

<u>प्रत्यक्षीकरण निर्धारण:</u>
डिस्ट्रिक्ट, आमाबाबु/अभिभावक(हरू) र आइइपि समूहका सान्दर्भिक सदस्यहरूले विद्यार्थीको व्यवहार विद्यार्थीको असक्तताको प्रत्यक्षीकरण भएको निर्धारण त्यसबेला मात्र गर्न सक्छन् जब समूहले निम्न कुरा निर्धारण गर्छ :

- मुद्दामा भएको व्यवहार विद्यार्थीको असक्तताको कारणले हो, वा त्यसको प्रत्यक्ष र पर्याप्त सम्बन्ध विद्यार्थीको असक्ततासँग छ; वा मुद्दामा भएको व्यवहार आइइपि कार्यान्वयन गर्न नसक्ने एलइएको असफलताको नतिजा हो।

यदि आइइपि समूहले विद्यार्थीको व्यवहार विद्यार्थीको असक्तताको कारणले होइन भनी निर्धारण गर्छ भन, असक्तता नभएका विद्यार्थीहरूमा लाग्ने सान्दर्भिक अनुशासनात्मक कार्यविधि सोही विधिमा सोही अवधिका लागि लागू गर्न सकिन्छ, तर विद्यार्थीले विद्यार्थीलाई सामान्य पाठ्यक्रममा सहभागिता निरन्तर गर्न सक्षम बनाउनका लागि र उनीहरूको आइइपि लक्ष्य प्राप्त गर्ने प्रगतितर्फ निर्माण गरिएका शिक्षा सेवाहरू पनि प्राप्त गर्नेछ।

भवनका प्रशासकहरू (प्रिन्सिपलहरू, एसिस्ट्यान्ट प्रिन्सिपलहरू, अनुशासनविज्ञहरू, आदि) ले प्रत्यक्षीकरण निर्धारण समीक्षा समितिको सदस्यका रूपमा सेवा दिन पाउने छैनन्। यद्यपि; घटनाका बारेमा जानकारी दिनका लागि उनीहरू सहभागी हुन सक्छन्। समितिका सदस्यहरूमा न्यूनतम सामेल हुनुपर्ने : विद्यार्थीलाई चिन्ने व्यक्ति, विद्यार्थीको असक्ततालाई चिन्ने व्यक्ति र आमाबाबु/आधिकारिक अभिभावक(हरू) अन्तिम निर्णयमा विचार गर्नुपर्ने प्रासङ्गिक जानकारी प्रदान गर्नका लागि स्कूल सामाजिक कार्यकर्ता, स्कूल नर्स, स्कूल परामर्शदाता, र उपयुक्त लागेको अन्य कुनै व्यक्तिले समितिको सदस्यका रूपमा सेवा दिन सक्नेछन्।

यदि समूले विद्यार्थीको व्यवहार विद्यार्थीको असक्तताको प्रत्यक्षीकरण होइन भन्ने कुरा निर्धारण गर्छ भने, आइइपि समूहले कस्ता सेवाहरू प्रदान गरिनुपर्ने हो र कस्तो व्यवस्थापनमा त्यस्ता सेवाहरू प्रदान गरिनुपर्ने हो भन्ने कुराको निर्धारण गर्नेछ। आइइपि समूहले कार्यगत व्यावहारिक मूल्याङ्कन सञ्चालन गर्न र व्यावहारिक हस्तक्षेप योजना निर्माण गर्न सक्नेछ।

क्रमागत दस स्कूल दिनभन्दा बढीको निलम्बनहरू वा अन्तरिम वैकल्पिक स्थापनमा लागू हुने कार्यविधिहरू वर्षका सङ्कलित दस दिन नाघ्ने निलम्बनहरू वा वैकल्पिक स्थापनहरूका लागि पनि लागू हुनेछन्, यदि सङ्कलित दिनहरूले निलम्बनको ढाँचा बनाउँछन्। विस्थापनहरू एउटा ढाँचा हुनेछन् यति ती मूलतः बच्चाको व्यवहारका अघिल्ला घटनाहरूसँग समान हुन्छन् जसको नतिजा विभिन्न तत्त्वहरूका कारण विस्थापनहरूको एउटा श्रेणी नै हुन्छ, जस्तै हरेक विस्थापनको अवधि, बच्चालाई विस्थापित गरिएको जम्मा समय, र विस्थापनहरूको एक अर्काबीचको दूरी।

<u>विशेष परिस्थितिहरू:</u>
१८ यु.एस.सि §९३० मा परिभाषित गरेअनुसार हतियार बोकेमा वा स्वामीत्व राखेमा, नियन्त्रित पदार्थ अधिनियमको खण्ड २०२(सि) को धारा I-V अन्तर्गत परिभाषित गरिएका निश्चित अवैध लागू पदार्थको जानाजान प्रयोग गरेमा, स्वामीत्वमा राखेमा, बिक्री गरेमा वा बिक्री भड्काएमा वा अर्को व्यक्तिमाथि गम्भीर शारीरिक चोटपटक लगाएमा असक्तता भएका विद्यार्थीहरूलाई अन्तरिम वैकल्पिक व्यवस्थापनमा ४५ स्कूल दिन सम्मका लागि राख्न सकिनेछ। विद्यार्थीको व्यवहार विद्यार्थीको असक्तताको प्रत्यक्षीकरण भएता पनि यस प्रावधान अन्तर्गत विद्यार्थीहरूलाई विस्थापित गर्न सकिनेछ।

<u>अभिभावक अपील:</u>
अभिभावकहरूले सबै विद्यार्थीहरूका लागि निलम्बन नियमन गर्न नीतिहरू अनुसार र आइडिइए अनुसार उपलब्ध कार्यविधिहरू मार्फत अनुशासनात्मक कार्यविधि विरूद्ध अपील गर्न सक्नेछन्। अभिभावकहरूलाई कार्यविधिगत सुरक्षाको प्रति प्रदान गरिनेछ।

<u>अझ योग्य निर्धारण नभएका बच्चाहरूका लागि संरक्षण:</u>
आइडिइए अन्तर्गत सेवाहरूका लागि योग्य पहिचान नगरिएका विद्यार्थीहरू जो आचार संहिताको उल्लङ्घन गर्ने व्यवहारमा संलग्न भएका छन्, उनीहरूले आइडिइए अन्तर्गत अधिकार दाबी गर्न सक्छन् यदि डिस्ट्रिक्टलाई सो विद्यार्थीलाई अनुशासनात्मक कार्बाही गराउने व्यवहार पहिले असक्तता भएको विद्यार्थी थियो भन्ने ज्ञात भएमा। डिस्ट्रिक्टसँग त्यस्तो जानकारी हुनुपर्छ यदि:

- अभिभावकले विद्यार्थीलाई विशेष शिक्षा सेवा आवश्यक छ भनी लिखितमा सरोकार व्यक्त गरेमा; वा
- अभिभावकले मूल्याङ्कन अनुरोध गरेमा; वा
- विद्यार्थीको शिक्षक वा अन्य स्कूल स्टाफले विद्यार्थीको व्यवहार वा कार्यसम्पादनबारे विशेष शिक्षाको निर्देशकलाई वा अन्य सुपरिवेक्षण पर्सोनेललाई सरोकार व्यक्त गरेमा;

विद्यार्थी असक्तता भएको ज्ञान डिस्ट्रिक्टलाई हुनु आवश्यक छैन यदि:

- डिस्ट्रिक्टले मूल्याङ्कन सञ्चालन गरेर विद्यार्थीलाई असक्तता नभएको विद्यार्थी भएको निर्धारण गरेको भएमा; वा
- मूल्याङ्कन आवश्यक छैन भनी डिस्ट्रिक्टले निर्धारण गरेमा र उपयुक्त कार्बाहीको सूचना अस्वीकृत गरेमा; वा
- आइडिए अनुसार अभिभावकले विद्यार्थीलाई मूल्याङ्कनका लागि अनुमति नदिएमा वा सेवाहरू अस्वीकार गरेमा।

<u>खतरनाक विद्यार्थीहरू:</u>
यदि डिस्ट्रिक्टलाई विद्यार्थीको वर्तमान स्थापनलाई कायम राख्नाले बच्चालाई वा अन्यलाई चोटपटक लाग्ने पर्याप्त सम्भावना रहेको विश्वास छ भने, डिस्ट्रिक्टले फेडेरल र राज्य कानुन अन्तर्गत स्थापित कार्यविधिहरू अनुसार विद्यार्थीको विस्थापन खोज्दै तीव्र बाँकी प्रक्रिया सुनुवाइ अनुरोध गर्न सक्छ।

स्टे-पुट (अचल) प्रावधान:
जब कुनै अभिभावकले अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्थापन वा प्रत्यक्षीकरण निर्धारणलाई चुनौती दिनका लगि अनुशासनात्मक कार्बाहीका विषयमा बाँकी प्रक्रिया सुनुवाइका लागि अनुरोध गर्छन् र जब विद्यार्थीलाई अन्यहरूलाई गम्भीर शारीरिक चोटपटक लाग्ने गरी वा उनीहरू आफैँका लागि वा अन्यहरूका लागि खतरा हुनसक्छन् भनी हतियारहरू, लागू पदार्थहरू, व्यवहारमा अनुशासनात्मक कार्बाही गरिएको छ भने, सो विद्यार्थी सुनुवाइ अधिकारीको सुनुवाइ निर्णय बाँकी रहुन्जेल, वा अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्थापनको समयावधि सकियुन्जेल, जुन पहिला हुन्छ,वैकल्पिक शैक्षिक व्यवस्थापनमा रहनेछ (जबसम्म पक्षहरूले अन्यथा सहमति गर्दैनन्)। राज्य शैक्षिक एजेन्सीले तीव्र सुनुवाइ अनुरोध गर्नेछ, जुन सुनुवाइ अनुरोध गिरएको बीस(२०) दिनभित्र सञ्चालन गरिनेछ र सुनुवाइ पछि दस(१०) स्कूल दिनभित्रमा निर्णय प्रदान गरिनेछ।

मिजौरी राज्य हाइ स्कूल क्रियाकलाप सङ्गठन योग्यता

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्टका हाइ स्कूलहरू मिजौरी राज्य हाइ स्कूल क्रियाकलाप सङ्गठन (एमएसएचएसएए) का सदस्यहरू हुन्। एमएसएचएसएए'का योग्यता आवश्यकताहरूलाई सदस्य स्कूलहरूले मतदान गरेका हुन् र डिस्ट्रिक्ट एमएसएचएसएएको सदस्य भएपछि एसएलपिएसले अपनाएका हुन्। एसएलपिएस स्कूलहरूको अतिरिक्त स्थानीय स्कूल आवश्यकताहरू हुनसक्छन् जसको पालना योग्य हुनका लागि गर्नुपर्ने हुन्छ। मिडल स्कूलहरू एमएसएचएसएएको सदस्य नभएता पनि, मिडल स्कूलहरूले पनि एमएसएचएसएएका नियमहरू र मार्गदर्शनहरू पालना गर्छन्।

योग्यता आवश्यकताहरू:

1. आधिकारिक विद्यार्थी – एसएलपिएस स्कूलको प्रतिनिधित्व गर्नका लागि, विद्यार्थी खेलाडी आधिकारिक विद्यार्थी भएको हुनुपर्नेछ र सम्पूर्ण आवश्यकताहरू पूरा गरेको हुनुपर्नेछ। विद्यार्थी खेलाडी उसले/उनले प्रतिनिधित्व गर्न चाहेको स्कूलमा भर्ना भएको र नियमित रूपमा कक्षामा उपस्थित भएको हुनुपर्नेछ र उसले/उनले एमएसएचएसएए उपनियम २.३ का र एसएलपिएस डिस्ट्रिक्टका शैक्षिक आवश्यकताहरू पूरा गर्नुपर्नेछ।
2. नागरिकता – विद्यार्थी खेलाडी विश्वसनीय नागरिक हुनुपर्नेछ। विश्वसनीय नागरिकहरू ती विद्यार्थीहरू हुन् जसको व्यवहारले – स्कूल भित्र र बाहिर दुवै स्थानमा – उनीहरूमाथि र उनीहरूको स्कूल माथि अविश्वास प्रतिबिम्बन गरेको हुनुहुँदैन। कानुन कार्यान्वयन संलग्न हुने व्यवहारलाई तपाईंको प्रिन्सिपल वा खेलकूद निर्देशकलाई तुरुन्तै रिपोर्ट गरिनुपर्नेछ किनकि तपाईंको व्यवहारले योग्यता वा प्रतियोगिताको नतिजालाई प्रभाव पार्न सक्छन्। अतिरिक्त जानकारीका लागि, कृपया भवन प्रिन्सिपल वा खेलकूद निर्देशकलाई सम्पर्क गर्नुहोस्।

डिस्ट्रिक्ट खेलकूद प्रशासकलाई (३१४) ३४५-४४१८ मा सम्पर्क गर्न सकिनेछ। तपाईँले मिजौरी स्टेट हाइ स्कूल क्रियाकलाप सङ्गठनको वेबसाइट www.mshsaa.org हेर्न पनि सक्नुहुन्छ।

ग्राजुएसन अभ्यासहरूमा सहभागिताबारे नीति

ग्राजुएसन अभ्यासहरूमा सहभागिता एउटा सुविधा हो – अधिकार होइन। दीक्षान्त समारोह अभ्यासहरूमा सहभागी हुने विद्यार्थीहरूले मिजौरी शिक्षा विभाग र सेन्ट लुइस पब्लिक स्कूल्सले स्थापित गरेका सबै ग्राजुएसन आवश्यकताहरूलाई पूरा गर्नुपर्नेछ र वर्तमान स्कूल वर्षको कुनै पनि समयमा वैकल्पिक स्कूलमा नियुक्त गरिएको हुनुहुँदैन। वैकल्पिक स्कूलका विद्यार्थीहरू वैकल्पिक स्कूलले सञ्चालन गरेका र वैकल्पिक स्कूल मार्फत आयोजना गरिने ग्राजुएसनमा सहभागी हुन योग्य हुन्छन्। विद्यार्थीहरूले सम्पूर्ण आवश्यक शुल्कहरू तिर्नु पर्नेछ र निलम्बनमा परेको हुनुहुने छैन। ड्रपआउट रिकभरी कार्यक्रमका विद्यार्थीहरू नियमित ग्राजुएसनमा सहभागी हुन योग्य हुँदैनन् तर वैकल्पिक स्कूलले आयोजना गर्ने वैकल्पिक स्कूल मार्फत आयोजना गरिने ग्राजुएसनमा सहभागी हुन योग्य हुन्छन्।

प्रकार एक, दुई वा तीन को स्कूल बाहिरको निलम्बनमा परेका विद्यार्थीहरूलाई दीक्षान्त समारोह अभ्यास र सम्बन्धित क्रियाकलापहरूमा सहभागी हुने अनुमति छैन। यदि निलम्बनले ग्राजुएसनका लागि पूरा गर्नु पर्ने आवश्यक शैक्षिक कार्यमा बाधा गर्छ भने, यस अनुशासनात्मक परिणामले विद्यार्थीको ग्राजुएसन वा डिप्लोमा प्राप्तिलाई असर पार्न सक्छ।

दीक्षान्त समारोह अभ्यासमा सहभागी हुन अनुमति नभएका विद्यार्थीहरूले अन्यथा आफूहरूले आर्जित गरेको डिप्लोमा र अन्य सम्मान प्राप्त गर्न सक्नेछन्, यदि त्यस्तो विद्यार्थीले सफलतापूर्वक मिजौरी शिक्षा विभाग र विशेष प्रशासकी बोर्डका न्यूनतम पाठ्यक्रमका आवश्यकताहरू पूरा गरेको छ भने। वैकल्पिक स्कूलले विद्यार्थीहरूलाई भिन्न दीक्षान्त समारोहमा सहभागी हुने अनुमति दिनेछन्।
सिनियर कक्षाहरूको भ्यालेडिक्टोरियन(प्रथम) वा स्यालुटोरियन(दोस्रो)का रूपमा योग्य हुनका लागि कुनै विद्यार्थीले आफूले ग्राजुएसन गर्ने हाइ स्कूलबाट कम्तीमा छ वटा क्रमागत सेमेस्टरहरू पूरा गरेको हुनुपर्नेछ।

<u>२०१० र पछिका लागि ग्राजुएसनका आवश्यकताहरू</u>

सञ्चार कला	४.०
वैकल्पिक	७.५
ललित कला	१.०
स्वास्थ्य	०.५
गणित	३.०
व्यक्तिगत वित्त	०.५
शारीरिक शिक्षा	१.०
प्रायोगिक कला	१.०
विज्ञान	३.०
सामाजिक अध्ययन	२.५
जम्मा	**२४**

ग्रेड तह वर्गीकरण

फ्रेसम्यान	० देखि ६ क्रेडिट
सोफोमोर	७ वा माथि
जुनियर	१३ वा माथि
सिनियर	१९ वा माथि

नोट: विद्यार्थीहरूले मिजौरी र अमेरिकी संविधान परीक्षण पनि पास गर्नु पर्नेछ। *व्यक्तिगत वित्त सामाजिक अध्ययन क्रेडिट हो।

फर्पा अन्तर्गत अभिभावकीय र योग्य विद्यार्थी अधिकारहरू

परिवार शिक्षा अधिकार र गोपनियता अधिनियम(फर्पा) अन्तर्गत आफ्ना बच्चाहरूको शैक्षिक रेकर्डहरूको गोपनियताका सम्बन्धमा अभिभावकहरूका विभिन्न अधिकारहरू हुन्छन्। यस अतिरिक्त यदि विद्यार्थीहरूलाई योग्य विद्यार्थी मानिए उनीहरूका पनि तिनै अधिकारहरू हुन्छन्। बोर्डको नियमन आर५१२५.१.१ मा योग्य विद्यार्थीको परिभाषा यस्तो छ – "१८ वर्ष वा सोभन्दा माथिको कुनै पनि वर्तमान वा भूतपूर्व विद्यार्थी(वा भूतपूर्व विद्यार्थी, उच्च शिक्षा संस्थामा भर्ना भएको जुनसुकै उमेरको), जबसम्म त्यस्तो विद्यार्थी विशेष शिक्षाको विद्यार्थी हुँदैन र आफ्ना लागि गोपनीयता निर्णयहरू गर्नका लागि कानुनी रूपमा अदक्ष निर्धारित हुँदैन र जसका लागि १८ वर्षको उमेरपछि कानुनी अभिभावकत्व वा संरक्षकत्व आवश्यक हुँदैन।" अभिभावकहरू र योग्य विद्यार्थीहरूका अधिकारहरू निम्न रहेका छन्।

रेकर्डहरूको निरीक्षण र समीक्षा:

फर्पा अन्तर्गत, अभिभावक वा योग्य विद्यार्थीलाई विद्यार्थीको शैक्षिक रेकर्डहरू निरीक्षण गर्ने र समीक्षा गर्ने अधिकार हुन्छ। विद्यार्थीका रेकर्डहरू निरीक्षण गर्ने र समीक्षा गर्ने कार्यविधिहरू बोर्डका नियमन आर५१२५.२. मा स्थापित गरिएका छन्।

लिखित आपत्ति फाइल गर्ने अधिकार:

फर्पा अन्तर्गत, अभिभावक र योग्य विद्यार्थीलाई आधिकारिक रेकर्डहरूमा भएको जानकारी अशुद्ध, भ्रामक लागे वा तिनले विद्यार्थीको गोपनीयता अधिकारमा उल्लङ्घन गरेको लागेमा, उनीहरूले सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिलाई लिखित आपत्ति जनाउन सक्छन् र त्यस्तो जानकारी संसोधन गर्न अनुरोध गर्न सक्छन्। विद्यार्थीको रेकर्ड संसोधन अनुरोध गर्नका लागि कार्यविधिहरू बोर्ड नियमन आर५१२५.२. मा स्थापित गरिएका छन्।

प्रकटीकरण गर्ने अनुमति

फर्पा अन्तर्गत, अभिभावक वा योग्य विद्यार्थीले विद्यार्थी रेकर्डको जानकारी प्रकटीकरण गर्नका लागि अनुमति प्रदान गर्नुपर्छ, लागूयोग्य राज्य र फेडेरल कानुनले अनुमति बिना प्रकटीकरण गर्ने हद बाहेक। बोर्ड नियमन आर५१२५.२. ले अभिभावक वा योग्य विद्यार्थीको अनुमति बिना कतिबेला विद्यार्थी रेकर्डमा भएको जानकारी प्रकटीकरण गर्न सकिन्छ भन्ने कुरा स्थापित गरेको छ। पूर्व अनुमति आवश्यकताको अपवादमध्ये एउटा विद्यार्थी रेकर्डमा भएको जानकारी, जसमा विद्यार्थीको व्यक्तिगत पहिचानयोग्य जानकारी पनि सामेल छ, स्कूल अधिकारीहरूलाई प्रकटीकरण गर्न सकिन्छ जससँग त्यस्ता रेकर्डहरूमा वैधानिक शैक्षिक हित रहेको हुन्छ। नियमन आर५१२५.१.१.२. अन्तर्गत "स्कूल अधिकारीहरू"लाई निम्न रूपमा परिभाषित गरिएको छ:

- *शिक्षा बोर्डले नियुक्त गरेका र प्रशासकीय, शिक्षण, परामर्श र/वा निदानात्मक तहमा रही विद्यार्थीसँग प्रत्यक्ष काम गरिरहेका स्कूल प्रशासकहरू, शिक्षकहरू र परामर्शदाताहरू।*
- *एटर्नी, लेखापरीक्षक, मेडिकल परामर्शदाता, मूल्याङ्कनकर्ता, मनोचिकित्सकहरू, सामाजिक कार्यकर्ताहरू र थेरापिस्ट (उपचारकर्ता) हरूजस्तो विशेष काम गर्नका लागि डिस्ट्रिक्टले नियुक्त गरेका वा करारमा लिएका अन्य प्रोफेसनल स्टाफ सदस्यहरू जसको ड्युटीमा विद्यार्थीको रेकर्डमा पहुँच राख्नुपर्ने आवश्यकता हुन्छ।*
- *स्कूल डिस्ट्रिक्टको कानुन कार्यान्वयन एकाइले नियुक्त गरेको कुनै व्यक्ति।*
- *बोर्डले नियुक्त गरेका र जसको ड्युटीमा विद्यार्थीको रेकर्डहरूका लागि जानकारी प्रोसेसिङ गर्ने उद्देश्यका लागि विद्यार्थी रेकर्डमा पहुँच आवश्यक हुने प्रशासकीय स्टाफ र क्लरिकल पर्सोनेल।*
- *बोर्डका सदस्यहरू, स्कूलका सुपरिन्टेन्डेन्टहरू, डेपुटी/एसिस्ट्यान्ट/एसोसिएट/नेटवर्क सुपरिन्टेन्डेन्टहरू र तिनका एजेन्टहरू र प्रतिनिधिहरू जसलाई बोर्डले नियुक्त गरेको हुन्छ, जसको ड्युटी स्कूलको सामान्य सुपरिवेक्षण अनुसार हुन्छ तिनलाई विद्यार्थी रेकर्डमा पहुँच आवश्यक हुन्छ।*

"वैधानिक शैक्षिक हित" भन्नाले प्रश्नमा भएको जानकारी उसको वा उनको ड्युटी कार्यसम्पादनमा आवश्यक पर्ने वा मद्दत गर्ने वा डिस्ट्रिक्टो कामका लागि वा काम सम्बन्धी भएको हुनुपर्छ। पूर्व अनुमतिको अर्को अपवाद (छूट) चाहिँ विद्यार्थी भर्ना हुने वा भर्ना हुन चाहेको स्कूल वा स्कूल डिस्ट्रिक्टका अधिकारीहरूलाई विद्यार्थी रेकर्डहरूको प्रति स्थानान्तरण गर्दा हुने हो। अनुरोध गरिएमा, अभिभावक वा योग्य विद्यार्थीलाई स्थानान्तरण गरिएको विद्यार्थीको रेकर्डको प्रति उपलब्ध गराइनेछ।

डाइरेक्टरी जानकारी:

फर्पा अन्तर्गत, डिस्ट्रिक्टसँग "लिखित अनुरोध गरिएको खण्डमा" तेस्रो पक्षलाई विद्यार्थीको "डाइरेक्टरी जानकारी" निर्धारण गर्ने र प्रकटीकरण गर्ने अधिकार हुन्छ। फेडेरल कानुन अनुसार, बोर्डने निम्नलिखित जानकारीलाई डाइरेक्टरी जानकारी निर्धारित गरेको छ।

- विद्यार्थीको नाम
- ठेगाना
- टेलिफोन सूचीकरण
- जन्म मिति र स्थान
- अध्ययनको प्रमुख क्षेत्र
- आधिकारिक रूपमा मान्यताप्राप्त क्रियाकलापहरू र खेलकूदमा सहभागिता
- खेलकूद टोलीका सदस्यहरूको तौल र उचाइ
- उपस्थितिका मितिहरू

- प्राप्त गरिएका डिग्रीहरू र पुरस्कारहरू
- विद्यार्थीले पढेको सबैभन्दा पछिल्लो पूर्व शैक्षिक एजेन्सी वा संस्था

बोर्डको नीति अनुसार डाइरेक्टरी जानकारी तेस्रो पक्षलाई प्रकटीकरण गरिनेछ। यद्यपि, अभिभावकहरू तथा योग्य विद्यार्थीहरूलाई डिस्ट्रिक्टलाई आफ्नो बच्चाको डाइरेक्टरी जानकारी तेस्रो पक्षलाई प्रकटीकरण नगर भनी सूचीत गर्ने अधिकार रहेको छ। त्यस्तो अनुरोध लिखितमा विद्यार्थी लेखा, 801 North 11th Street, St. Louis, Missouri 63101 लाई लक्षित गरिनुपर्नेछ।

<u>सैनिक भर्नाकर्ताहरू:</u>
फर्पा अन्तर्गत पूर्व अनुमति लिनुपर्ने अर्को अपवाद भनेको बोर्डले विद्यार्थीका नामहरू, ठेगानाहरू र टेलिफोन नम्बरहरूको सूची सैनिक भर्नाकर्ताहरू वा उच्च शिक्षा संस्थाहरूलाई रिलिज गर्न सक्छ। यद्यपि, विद्यार्थीका नामहरू, ठेगानाहरू र टेलिफोन नम्बरहरूको सूची सैनिक भर्नाकर्ताहरू वा उच्च शिक्षा संस्थाहरूलाई रिलिज नगर्न डिस्ट्रिक्टलाई सूचीत गर्ने अभिभावकहरू र योग्य विद्यार्थीहरूको रहेको छ। त्यस्तो अनुरोध लिखितमा विद्यार्थी लेखा, 801 North 11th Street, St. Louis, Missouri 63101 लाई लक्षित गरिनुपर्नेछ।

<u>गुनासाहरू:</u>
फर्पा अन्तर्गत, अभिभावकहरू र योग्य विद्यार्थीहरूलाई डिस्ट्रिक्टले फर्पा र यसका नियमनहरू पालना गर्न नसकेका विषयमा ३४ सि.एफ.आर. §§९९.६३-९९.६४ अन्तर्गत अमेरिकी शिक्षा बोर्डमा गुनासो दायर गर्ने अधिकार रहेको छ।

<u>नीतिहरूको प्रति:</u>
फर्पा अन्तर्गत, अभिभावक र योग्य विद्यार्थीहरूलाई विद्यार्थी रेकर्डका सम्बन्धमा बोर्ड नीतिहरू र नियमनहरूको प्रति प्राप्त गर्न अधिकार रहेको छ। नीति र नियमनका प्रतिहरू शिक्षा बोर्डको प्रमुख कार्यालयमा वा इन्टरनेटमा डिस्ट्रिक्टको गृहपृष्ठमा पाउन सकिन्छ।

एसएलपिएस हरेक विद्यार्थी सफल हुन्छ अधिनियम(इएसएसए) गुनासो कार्यविधिहरू

फेडेरल हरेक विद्यार्थी सफल हुन्छ अधिनियम (इएसएसए) २०१५ ले स्कूल डिस्ट्रिक्टहरूलाई बोर्डले अँगालेको कार्यविधिहरू पालना गर्न जरुरी गरेको छ जसले यस कानुन अन्तर्गत उल्लङ्घनका आरोपहरूको सम्बोधन गर्छ। डिस्ट्रिक्टले गुनासो कार्यविधिहरू अभिभावकहरू र उपयुक्त अधिकारीहरू वा प्रतिनिधिहरूलाई प्रसार गर्नु पर्नेछ। यी कार्यविधिका प्रतिहरू अनुरोध गरिएमा फेडेरल ग्रान्ट व्यवस्थापन खण्डमा एलिमेन्टरी र माध्यमिक शिक्षाको मिजौरीविभागमा पनि उपलब्ध हुनुपर्नेछ। निम्नलिखितले यस अधिनियम अन्तर्गत स्वीकृत कार्यक्रमहरूका लागि शीर्षक नौ भाग (सि) खण्ड ९३०४(ए)(३)(सि) अन्तर्गतका गुनासाहरूको समाधान गर्नका लागि मार्गदर्शकको काम गर्नेछन्, यसमा शीर्षक I, शीर्षक II, शीर्षक III, शीर्षक IV (भाग A), शीर्षक X (भाग C) सामेल छन्।

यस नीतिको उद्देश्यका निम्ती गुनासो के हो ?

गुनासो एउटा लिखित आरोप हो जसमा फेडेरल अधिनियम वा नियमनको उल्लङ्घन हुन्छ र जुन इएसएसए अन्तर्गतका कार्यक्रममा लागू हुन्छ। औपचारिक र अनौपचारिक गुनासो कार्यविधिहरू हुन्छन्।
यस कार्यविधि अन्तर्गतको गुनासो लिखितमा हुनु पर्नेछ र गुनासोकर्ताद्वारा हस्ताक्षरित हुनुपर्नेछ। लिखित गुनासोले परिस्तिथिको विवरण उल्लेख गर्नुपर्नेछ र त्यसले इएसएसए अन्तर्गतको कार्यक्रममा लागू हुने कानुन वा नियमनसँग सम्बन्ध देखाउनु पर्नेछ र कथित रूपमा उल्लङ्घन भएको, गलत लागू भएको, वा अपव्याख्या भएको हुनुपर्नेछ।

कसले गुनासो फाइल गर्न सक्छन् ?

कुनै आमाबाबु वा अभिभावक, सरोगेट आमाबाबु, शिक्षक, प्रशासक, स्कूल बोर्ड सदस्य वा डिइएसइको साधारण सुपरिवेक्षण अन्तर्गत सञ्चालित क्रियाकलाप, कार्यक्रम वा परियोजनासँग प्रत्यक्ष रूपमा संलग्न व्यक्तिले गुनासो फाइल गर्न सक्छन्।

गुनासोहरू कसरी फाइल गरिन्छ ?

गुनासोहरू डिस्ट्रिक्टमा वा डिइएसइमा फाइल गर्न सकिन्छ। यदि गुनासो पहिले डिस्ट्रिक्टमा फाइल गरियो र डिस्ट्रिक्टको तहमा समाधान हुन सकेन भने, गुनासोकर्ताले सो गुनासो डिइएसइमा अपील गर्न सक्नेछन्।
डिस्ट्रिक्ट वा डिइएसइमा फाइल गरिएको गुनासो लिखित, हस्ताक्षरित वक्तव्य हुनुपर्नेछ जसमा निम्न सामेल हुनुपर्नेछ: (1) इएसएसए कार्यक्रममा लागू हुने आवश्यकतालाई डिस्ट्रिक्टले उल्लङ्घन गरेको वक्तव्य, र (2) सो वक्तव्य आधारित भएका तथ्यहरू र कथित रूपमा उल्लङ्घन गरिएको विशिष्ट आवश्यकता।
स्थानीय डिस्ट्रिक्ट नीतिहरू, नियमहरू वा पक्षहरूबारेका प्रश्नहरू, जुन फेडेरल वा राज्य कानुनहरू वा नियमनहरूमा आधारित छैनन्, ती यस नीतिको अर्थभित्र गुनासोमा पर्दैनन् र तिनलाई स्थानीय स्कूल डिस्ट्रिक्ट तहमा समाधान गरिनुपर्छ।

नागरिकको गुनासो कार्यविधिहरू:

चरण १: *अनौपचारिक सम्मेलन(१-५ दिन)*

गुनासो दायर गर्ने इच्छा हुन जोसुकैले उपयुक्त स्कूल अवस्थिति वा प्रशासकीय कार्यालयमा सम्बन्धित प्रशासकसँग सम्पर्क गर्नुपर्नेछ। पाँच दिनभित्र, सम्बन्धित प्रशासकले नागरिक र अभियोग लगाइएको व्यक्तिसँग अनौपचारिक सम्मेलनको आयोजना गर्नेछन् (उपयुक्त भएमा, केही परिस्थितिमा गुनासोहरू व्यक्तिप्रति लक्ष्यित नहुन पनि सक्छन्)। यदि गुनासो समाधान भयो भने, प्रक्रिया सकिन्छ। यदि गुनासो समाधान भएन भने, नागरिकले नागरिक गुनासो फारामको खण्ड एक पूरा गरेर औपचारिक सुनुवाइका लागि अनुरोध गर्नु पर्नेछ।

चरण २: *औपचारिक गुनासो सुनुवाइ (६-१६ दिन)*

अपील अन्तर्गत सम्बन्धित प्रशासकले पाँच दिनभित्र एउटा औपचारिक सुनुवाइको आयोजना गर्नेछन्। त्यसमा सामेल हुनेहरूमा गुनासो दायर गर्ने नागरिक र नागरिकले नियुक्त गरेको कुनै साक्षी वा सम्बन्धित प्रशासक हुनुपर्नेछ।

सम्बन्धित प्रशासकले नागरिकलाई गुनासो बारेको निर्णय, सुनुवाइ भएको पाँच दिनभित्रमा लिखितमा सूचीत गर्नु पर्नेछ।

यदि गुनासो समाधान भएन भने, सम्बन्धित प्रशासकले गुनासो फारामको खण्ड दुई पूरा गर्नुपर्नेछ र त्यसलाई डेपुटी र नेटवर्क सुपरिन्टेन्डेन्टलाई पठाउनु पर्नेछ। डेपुटी र नेटवर्क सुपरिन्टेन्डेन्टहरूले गुनासो समाधानक लागि तीनवटा विकल्पहरूमध्ये कुन उपयोग गर्ने हो निर्धारण गर्नेछन्।*

1. डेपुटी र/वा नेटवर्क सुपरिन्टेन्डेन्ट – किनकि गुनासो समाधान प्रशासकको अधिकारभन्दा माथि जान्छ।
2. सुपरिन्टेन्डेन्ट – किनकि गुनासा समाधानमा डिस्ट्रिक्ट-व्यापी प्रशासकीय कार्यविधिहरू संलग्न हुन्छन्।
3. स्थानान्तरणीय स्कूल डिस्ट्रिक्ट ("बोर्ड") को विशेष प्रशासकीय बोर्डको गुनासो उपसमिति – किनकि गुनासो समाधानमा बोर्ड नीति समावेस हुनुपर्छ।

*सुपरिन्टेन्डेन्टको प्रतिनिधि र सुपरिन्टेन्डेन्टले उनीहरूको ठेगाना जहाँ भएता पनि गुनासोका प्रतिहरू प्राप्त गर्नुपर्नेछ। एलिमेन्टरी र माध्यमिक शिक्षाको मिजौरी विभागलाई गुनासो प्राप्त भएको पन्ध्र(१५) पछि सूचीत गरिनेछ।

त्यसैले गुनासोको प्रकृति अनुसार अन्तिम समाधानका लागि गुनासोलाई A, B, वा C मा पठाइनेछ।

चरण ३: डेपुटी र नेटवर्क सुपरिन्टेन्डेन्टहरूद्वारा औपचारिक सुनुवाइ (१७-२७ दिन)

A. अपील गरिएपछि, डेपुटी वा नेटवर्क सुपरिन्टेन्डेन्टले औपचारिक सुनुवाइ सञ्चालन गर्नेछन् जसमा नागरिक र आवश्यक साक्षीहरूको संलग्नता हुनेछ। यो सुनुवाइ गुनासो प्राप्त भएको ५ दिनभित्र सञ्चालन गरिनेछ। सुनुवाइपछिको पाँच दिनभित्र, डेपुटी वा नेटवर्क सुपरिन्टेन्डेन्टले नागरिकलाई लिखितमा अन्तिम निर्णय दिनेछन्।

वा

चरण ३: सुपरिन्टेन्डेन्टद्वारा औपचारिक सुनुवाइ (१७-२७ दिन)

B. अपील गरिएपछि, सुपरिन्टेन्डेन्टले औपचारिक सुनुवाइ सञ्चालन गर्नेछन् जसमा नागरिक र आवश्यक साक्षीहरूको संलग्नता हुनेछ। यो सुनुवाइ गुनासो प्राप्त भएको ५ दिनभित्र सञ्चालन गरिनेछ। सुनुवाइपछिको पाँच दिनभित्र, सुपरिन्टेन्डेन्टले नागरिकलाई लिखितमा अन्तिम निर्णय दिनेछन्।

वा

चरण ३: विशेष प्रशासकीय बोर्डको गुनासो उपसमितिद्वारा औपचारिक समीक्षा (१७-२७ दिन)

C. अपील गरिएपछि, गुनासो उपसमितिले गुनासो समीक्षा गर्नेछ र गुनासोका विषयमा उपयुक्त प्रशासकीय स्टाफसँग छलफल गर्नेछ। अपील गरिएपछिको पाँच दिनभित्र गुनासो उपसमितिले औपचारिक सुनुवाइ सञ्चालन गर्नेछ र सुनुवाइ पछिको पाँच दिनभित्र, अन्तिम निर्णय दिनेछ। उपसमितिको निर्णय नागरिकलाई लिखित सूचनामा दिइनेछ। त्यसका प्रतिहरू अपील प्रक्रियामा संलग्न प्रत्येक प्रशासकहरूलाई पठाउनु पर्नेछ।

इएसएसए नागरिक गुनासो अपील फाराम

खण्ड १ : गुनासो दायर गर्ने व्यक्तिले भर्नु पर्ने

नाम: ______________________________ मिति: ______________

ठेगाना: ______________________________ जिप कोड: ______________

टेलिफोन(घर): ______________ (सेल): ______________ (कार्य): ______________

गुनासोको प्रकृति:

____

____

____

____

प्रिन्ट गरिएको नाम: ______________________ हस्ताक्षर: ______________________

खण्ड २: गुनासो समाधान नभएको खण्डमा सम्बन्धित प्रशासकले औपचारिक सुनुवाइपछि भर्नु पर्ने

प्रशासकको नाम: ______________________________ मिति: ______________

स्थान: ______________________________ टेलिफोन: ______________

औपचारिक सुनुवाइको नतिजा:

____

____

____

म यो गुनासो (नाम): ______________________________ लाई पठाउँदैछु।

प्रशासकको हस्ताक्षर: ____

खण्ड 3(A) नेटवर्क सुपरिन्टेन्डेन्टद्वारा भरिनु पर्ने

यो गुनासो निम्नद्वारा समाधान गरिनुपर्छ:

_____ **एकेडेमिक्सका डेपुटी सुपरिन्टेन्डेन्ट** **कारण:**____

_____ **सुपरिन्टेन्डेन्ट** ____

_____ **शिक्षा बोर्ड गुनासो उपसमिति** ____

(हस्ताक्षर) **(मिति)**

<u>खण्ड 3(B) : डेपुटी सुपरिन्टेन्डेन्ट, सुपरिन्टेन्डेन्ट वा गुनासो उपसमितिद्वारा भरिनु पर्ने</u>

प्रशासकको नाम: ______________________________ मिति:__________________

स्थान: ______________________________ टेलिफोन: __________________

गुनासोको प्रकृति :____

____

____

____

हस्ताक्षरित:______________________________ **मिति:**__________________

निर्णय बारे सम्बन्धित व्यक्तिहरूलाई ______________________________ **मा/भित्र सूचीत गरियो।**

(हस्ताक्षर) **(मिति)**

कृपया पूरा भरिएको यो फारामका प्रतिहरू यस गुनासोमा संलग्न प्रत्येक प्रशासकहरूलाई र शैक्षिक सेवाका डेपुटी सुपरिन्टेन्टेन्टलाई, नेटवर्स सुपरिन्टेन्डेन्टलाई र सुपरिन्टेन्डेन्टलाई पठाउनुहोस्।

गृहविहीन बच्चाहरू र युवाहरूको शिक्षा सम्बन्धी विवादमा लागू हुँदा स्तरीय गुनासो समाधान प्रक्रिया

गृहविहीन बच्चाहरू र युवाहरूको शिक्षा सम्बन्धी विवाद उत्पन्न हुँदा, एलिमेन्टरी र माध्यमिक शिक्षा विभाग (डिइएसइ) ले निम्नलिखित गुनासो समाधान प्रक्रियाको सिफारिस गरेको छ।

I. स्कूल डिस्ट्रिक्ट तह – गुनासोलाई डिइएसइमा ल्याइनुअघि त्यसलाई स्कूल डिस्ट्रिक्ट तह मै समाधान गर्ने हर सम्भव प्रयास गरिनुपर्नेछ। गृहविहीन बच्चा र युवाको शिक्षाका विषयमा प्रश्न उठ्दा गुनासोकर्तालाई डिस्ट्रिक्टको गुनासो समाधान कार्यविधिबारे सूचीत गर्नु स्कूल डिस्ट्रिक्ट (डिस्ट्रिक्ट) को जिम्मेवारी हो।

A. डिस्ट्रिक्टको गृहविहीन संयोजकलाई सूचीत गर्ने, (३१४)३४५—५७५०। गृहविहीन संयोजकले गृहविहीन बच्चा र ऊ पढ्ने स्कूल बीच लियाजोँ (सम्पर्क व्यक्ति) को काम गर्छन्। स्कूल वा सुपरिन्टेन्डेन्टको कार्यालयको कसैले गृहविहीन संयोजकलाई चिन्न सक्छन्।

1. गृहविहीन बच्चा र युवाको शिक्षालाई सम्बोधन गर्ने डिस्ट्रिक्ट शिक्षा बोर्ड नीतिहरू (विशेषगरि, आर६१७१.३.१ असामान्य विद्यार्थीहरूको शिक्षण—गृहविहीन – स्थापन, भर्ना र यातायात, आर६१७१.३.२ असामान्य विद्यार्थीहरूको शिक्षण – गृहविहीन – सेवा र रेकर्डहरू, र आर६१७१.३.३ असामान्य विद्यार्थीहरूको शिक्षण – गृहविहीन – गुनासो समाधान)को प्रति अनुरोध गर्नुहोस् वा प्राप्त गर्नुहोस् र तिनको समीक्षा गर्नुहोस्। गुनासो छलफल गर्नका लागि गृहविहीन संयोजकलाई भेट्न एपोइन्टमेन्ट तय गर्नुहोस्।
2. यदि डिस्ट्रिक्टको गृहविहीन संयोजकसँगको प्रारम्भिक छलफलपछि पनि विवाद समाधान भएन भने, गुनासोकर्ताले सो गुनासो अगाडि समीक्षा गर्नका लिखितमा डिस्ट्रिक्टको गृहविहीन संयोजकलाई लागि फाइल गर्न सक्छन्।
3. लिखित गुनासोमा विवादको प्रस्तावित लिखित समाधान वा कार्य योजना गृहविहीन संयोजकले गुनासो प्राप्त गरेको पाँच (५) दिन भित्र प्रदान गर्ने अनुरोध सामेल हुनुपर्नेछ। त्यसपछि गृहविहीन संयोजकसँग प्रस्ताव वा कार्ययोजनाको समीक्षा गरिनुपर्नेछ।

B. यदि विवाद गृहविहीन संयोजकको तहमा समाधान भएन भने, सो गुनासो समीक्षाका लागि र त्यसपछि विवाद छलफल गर्नका लागि सुपरिन्टेन्डेन्टसँग छलफल गर्न डिस्ट्रिक्टका सुपरिन्टेन्डेन्टलाई पठाउन सकिनेछ। गुनासोकर्ताले छलफल भएको मितिबाट पाँच दिन (५) भित्र लिखित समाधान प्रदान गर्नका लागि सुपरिन्टेन्डेन्टलाई अनुरोध गर्नु पर्नेछ।

C. यदि विवादको समाधान सुपरिन्टेन्डेन्टको तहमा पनि भएन भने, गुनासोकर्ताले यो मुद्दा समाधानका लागि शिक्षा बोर्ड सामु लैजान सक्नेछन्।

II. राज्य तह – यदि डिस्ट्रिक्ट तहमा पनि विवाद सन्तोषजनक रूपमा हल गरिएन भने, गुनासो डिइएसइमा ल्याइनु पर्नेछ। यस प्रक्रिया अन्तर्गत गरिएका गुनासाहरू लिखितमा गर्नुपर्नेछ र त्यसमा गुनासोकर्ताको हस्ताक्षर हुनुपर्नेछ। निम्नलिखित कदमहरू चाल्नुपर्नेछ।

A. गुनासो निम्न ठेगानामा सम्बोधित गर्ने – राज्य गृहविहीन संयोजक, फेडेरल डिस्क्रिसनरी ग्रान्ट्स, P.O. Box 480, Jefferson City, Missouri
B. गुनासो निम्न सामेल गर्नुहोस्:
1. विवादको विस्तृत विवरण
2. संलग्न बच्चाहरूको नाम(हरू) र उमेर(हरू)
3. संलग्न डिस्ट्रिक्ट पर्सोनेलको नाम र उनीहरूले प्रतिनिधित्व गर्ने डिस्ट्रिक्ट।
4. डिस्ट्रिक्ट तहमा यो मुद्दा समाधान गर्न गरिएका प्रयासहरूको विवरण।

C. फेडेरल डिस्क्रिसनरी ग्रान्ट्स का निर्देशक (निर्देशक) ले संलग्न स्कूल डिस्ट्रिक्ट(हरू)लाई गुनासो बारे सूचीत गर्नेछन्। निर्देशक वा निर्देशकका प्रतिनिधिले दुई पक्षका दस्तावेजहरू र वक्तव्यहरू सहित आवश्यक जानकारी सङ्कलन गर्नेछन् र आवश्यक भएमा घटना भएको स्थल भ्रमण मार्फत स्वतन्त्र अनुसन्धान गर्न सक्नेछन्।

D. गुनासो प्राप्त गरेपछि तीस (३०) दिनभित्र*, निर्देशकले सो गुनासो समाधान गर्नेछन् र निर्णयबारे पार्टीहरूलाई लिखितमा सूचना दिनेछन्।

E. यदि गुनासोकर्ता निर्देशकको निर्णयप्रति सहमत हुँदैनन् भने, गुनासोकर्ताले दस (१०) कार्य दिनभित्र, सो निर्णय विरूद्ध डेपुटी शिक्षा कमिसनर समक्ष अपील गर्न सक्नेछन्। यो अपील लिखितमा हुनुपर्नेछ र त्यसमा आफू निर्देशकको निर्णय सँग किन असहमत भएको भनी उल्लेख गर्नु पर्नेछ।

F. यो अपील प्राप्त भेको तीस (३०) दिनभित्र**, शिक्षाका डेपुटी कमिसनरले अन्तिम प्रशासकीय निर्णय दिनेछन् र गुनासोकर्तासहित सबै सम्बन्धित पक्षलाई लिखितमा सूचना दिनेछन्।

G. विवादको समाधान प्रक्रिया भैरहँदा, सम्बन्धि बच्चा(हरू) स्कूलमा भर्ना भएको हुनु पर्नेछ। यदि विवाद बच्चाको सर्वोत्त हितमा भएको स्कूल कुन स्कूल हो भन्ने कुरामा छ भने, विवाद समाधान नहुन्जेलसम्म, बच्चालाई सुरुको स्कूलमा लैजाने व्यवस्थापन गरिन्जेल सम्मका लागि बच्चाले हाल गैरहेको स्कूल नै जानु पर्नेछ।

* पक्षहरू समय बढाउन परस्पर सहमत हुनसक्छन्, तथापि गुनासो सबैभन्दा छोटो अवधिमा समाधान गर्नका लागि हर सम्भव प्रयास गरिनेछ।

** यद्यपि सामान्य प्रक्रियामा प्रतिक्रियाका लागि तीस(३०) दिन लाग्छ, छोटोभन्दा छोटो अवधिमा विवादको समाधान गर्नका लागि हरसम्भव प्रयास गरिनेछ।

पोषक स्याहारमा भएको बच्चा वा युवाका लागि निर्णयका विषयमा विवाद समाधान कार्यविधि

पोषक स्याहारमा भएको बच्चा वा युवाका लागि सर्वोत्तम हित वा अन्य शिक्षा सम्बन्धी सेवाहरूको प्रावधान निर्धारणका विषयमा विवाद उत्पन्न हुँदा एलिमेन्टरी तथा माध्यमिक शिक्षा विभाग(डिइएसइ)ले सिफारिस गरेको गुनासो समाधान प्रक्रिया निम्न छ।

1. अपीलक तह एक सुरिन्टेन्डेन्ट वा उसको/उनको प्रतिनिधिलाई हो;

2. यदि विवाद पहिलो तहमा समाधान भएन भने, अन्तिम अपील(तह II) एलिमेन्टरी तथा माध्यमिक शिक्षा विभाग (डिइएसइ) मा गरिनुपर्छ।

यदि विवाद सर्वोत्तम हित निर्धारणमा हुन्छ भने, बाधाहरू कम गराउनका लागि र स्कूलहरूबीच आवतजावत कम गर्नका लागि विवाद समाधान भैरहेका बेला, बच्चा वा युवा आफ्नो सुरुकै स्कूलमा रहनु पर्दछ।

डिइएसइमा मा पठाइनु अघि स्थानीय तहमा गुनासो वा विवाद समाधान गर्नका लागि डिस्ट्रिक्टले बच्चा विभाग र पीडित पक्षसँग सहकार्य गर्नुपर्नेछ।

विवादहरू शैक्षिक निर्णयकर्ता वा अभिभावकले मात्र फाइल गर्न सक्नेछन्। आफूहरूबीच असमझदारी समाधान गर्नक लागि दुई पक्षहरूले स्कूल विवाद समाधान प्रक्रियाको प्रयोग गर्नु हुँदैन।

"पोषक स्याहार" को परिभाषा आमाबाबु वा अभिभावकहरूबाट टाढा राखिएका बच्चाहरूका लागि २४-घण्टे प्रतिस्थापन स्याहार हो र जसका लागि बच्चा कल्याण एजेन्सीसँग स्थापन र स्याहार जिम्मवारी हुन्छ। यसमा निम्न सामेल छ तर यतिमै सीमित छैन,- पोषक परिवार गृह, सबन्धीहरूको पोषक गृह, सामुहिक गृह, आकस्मिक आवाश, आवाशीय सुविधाहरू, बच्चा स्याहार संस्थाहरू र प्रि-एडप्टिभ गृहहरू मा स्थापन पोषक स्याहार सुविधा लाइसेन्सप्राप्त भई बच्चाको स्याहारका लागि भुक्तानीहरू राज्य, जनजातीय वा स्थानीय एजेन्सीले गरेता पनि नगरेता पनि, एडप्सनको अन्तिम निर्णय गर्नु अघि एडप्सन अनुदान भुक्तानी गरिए पनि नगरिए पनि, वा गरिएको भुक्तानीको कुनै फेडेरल मिलान गरिए पनि नगरिए पनि, यस परिभाषा अनुसार बच्चा पोषक स्याहार मै रहनेछ।

शब्दावली

एकोमोडेसन – भन्नाले परीक्षणले मापन गर्ने कुरामा पर्याप्त परिवर्तन नहुने गरि परीक्षण सञ्चालनमा गरिएका परिवर्तन बुझाउँछ जसमा प्रस्तुति ढाँचा, प्रतिक्रिकया ढाँचा, परीक्षण व्यवस्थापन वा परीक्षण समयावधिका परिवर्तन पनि सामेल छन्। ज्ञान प्रदर्शित गर्ने समान अवसर प्रदान गर्नका लागि उपयुक्त एकोमोडेसनहरू प्रदान गरिन्छन्।

उत्तेजित आक्रमण – भन्नाले शारीरिक हानी गराउने क्रियाकलाप वा स्कूल समुदायको अर्को सदस्यमाथि गम्भीर शारीरिक हानीको पर्याप्त जोखिम सिर्जना गर्छ भन्ने जनाउँछ।

मदिरा – भन्नाले स्कूल परिसरमा मदिराको प्रयोग, स्वामीत्व, वितरण र बिक्री निषेध गरिएको छ भन्ने जनाउँछ। शिक्षा बोर्डको नीति अनुसार, स्कूल परिसरमा हुँदा मदिराजन्य पेय पदार्थ वा मादक वस्तुहरूमा संलग्न विद्यार्थीहरूसँग व्यवहार गर्दा प्रशासकीय कार्यविधिहरू लगाइन्छन्। स्कूल बोर्ड आर५१३१.६.३

वैकल्पिक स्कूल स्थापन – भन्नाले विद्यार्थीको व्यवहार, उपस्थिति, र शैक्षिक प्रगति प्रवर्द्धन गर्नमा केन्द्रित स्कूल कार्यक्रम भन्ने बुझिन्छ।

आगजनी – भन्नाले स्कूल भवन वा स्कूल परिसरमा स्थित कुनै सम्पत्ति वा डिस्ट्रिक्टले भाडामा लिएको वा ऋणमा लिएको कुनै पनि सम्पत्ति(संरचना) मा जानजान आगो लगाउनु वा दुर्नियत राखेर आगो लगाउनु भन्ने बुझिन्छ।

ब्याटरी – भन्नाले अन्य व्यक्तिलाई गैर कानुनी हिसाबमा कुट्नु वा अन्य हिंसात्मक बलको प्रयोग गर्नु भन्ने बुझिन्छ।

व्यवहार करार – भन्नाले शिक्षक, विद्यार्थी, र आमाबाबु/आधिकारिक अभिभावक(हरू)बीच को लिखित दस्तावेज भन्ने बुझिन्छ जसले निम्न कुरा उल्लेख गर्छ: अपेक्षित व्यवहार(हरू), सकारात्मक र नकारात्मक परिणामहरू, समीक्षा मिति सहित करारको समयावधि।

व्यवहार हस्तक्षेप योजना (बिआइपि) यसले त्यस्तो योजना जनाउँछ जसमा व्यवहार अपेक्षाहरू प्राप्त गर्नका लागि विद्यार्थीलाई विकसित गर्न स्कूल स्टाफका जिम्मेवारीहरू सामेल गरिएको हुन्छ। बिआइपिहरू लिखित दस्वाबेजहरू हुन् जसले परिवर्तन गर्नु पर्ने अनुपयुक्त व्यवहारहरूका साथसाथै लक्ष्यित व्यवहार सम्बोधन गर्नका लागि कार्यान्वयन गरिने रणनीतिहरू वा हस्तक्षेपहरूको व्याख्या गर्छन्। बिआइपिहरू कक्षाकोठा शिक्षकले अथवा शिक्षकलाई अग्रसक्रियता, नियमित र प्रभावकारी रूपमा अनुपयुक्त व्यवहार सम्बोधन गर्न शिक्षकलाई सहयोग गर्ने स्कूल पर्सोनेलको टोलीले विकसित गर्छन्। बिआइपिहरूले एकल विद्यार्थीहरू वा सम्पूर्ण कक्षालाई व्यावहारिक अपेक्षाहरू सञ्चार गर्नमा र लक्ष्य वा उद्देश्य प्राप्तिका परिणामहरू सञ्चार गर्नमा पनि सहयोग गर्छन्। यस अतिरिक्त, बिआइपिहरूले प्रयोग गरिएका व्यवस्थापन रणनीतिहरूको प्रभावकारिताका विषयमा बारम्बार पृष्ठपोषण, विद्यार्थी वा कक्षाको प्रगतिको दस्ताबेजीकरणमा सहयोग, र विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नका लागि उपयोगी मार्गदर्शनहरू प्रदान गर्दछन्।

बमको आतङ्क – भन्नाले स्कूल परिसरमा, कुनै पनि स्कूल प्रायोजित क्रियाकलापमा वा एसएलपिएस डिस्ट्रिक्टका तर्फबाट सेवामा भएको कुनै पनि वाहनमा बम वा विस्फोटक उपकरणको स्वामीत्व भएको वा ती स्थानमा रहेको भन्ने कुराको गलत वक्तव्य जारी गर्नु भन्ने बुझिन्छ।

बुलीइङ – भन्नाले कुनै विद्यार्थी वा धेरै विद्यार्थीहरूलाई धमकी दिने वा उत्पीडन गर्ने भन्ने बुझाउँछ जसलाई व्यक्तिहरू वा समूहले जारी राख्छन्। बुलीइङमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन् – हिंसा सहितका शारीरिक कार्बाही, मुद्रा, चोरी, वा सम्पत्तिको हानी; नाम काड्ने सहित मौखिक वा लिखित निन्दा, खसाल्नु, खोस्नु, धम्की दिनु; वा त्यस्तो कार्य रिपोर्ट गरेमा प्रतिकार गर्ने धम्की दिनु। बुलीइङमा साइबरबुलीइङ वा साइबरथ्रेट्स पनि सामेल हुनसक्छ। बोर्ड नीति ५१३१

डकैती – भन्नाले कुनै पनि स्कूल संरचना, वाहन, चल वा अचल सम्पत्तिमा चोरी गर्ने वा अपराध गर्ने मनसायले अनधिकृत प्रवेश गर्नु भन्ने बुझिन्छ।

केस संयोजन – भन्नाले परिवार, स्कूल(हरू) र बाहिरी समुदायका एजेन्सीहरूबीच अनुगमन, सञ्चार र सहयोग बुझिन्छ।

स्थापन परिवर्तन – भन्नाले स्कूलले कुनै विद्यार्थीलाई उसको वा उनको शैक्षिक स्थापनबाट क्रमागत दस दिनभन्दा बढी समयका लागि विस्थापन गर्छ वा स्कूलले कुनै विद्यार्थीलाई उसको वा उनको शैक्षिक स्थापनबाट विभिन्न समयमा विस्थापन गर्छ जसको प्रकृति दस दिने विस्थापन जस्तै हुन्छ र समय पनि जोड्दा दस दिनभन्दा बढी नै हुन्छ भन्ने बुझिन्छ।

चरित्र शिक्षा – भन्नाले विद्यार्थीहरूलाई साझा नैतिक मूल्यहरू बुझ्न, प्रतिबद्ध हुन र कार्यान्वयन गर्न सिकाउने पाठ्यक्रम उपागम भन्ने बुझिन्छ। विशिष्ट मूलभूत मान्यतामा सम्मान, जिम्मेवारी, विश्वसनीयता, निष्पक्षता, संवेदनशीलता, र सामुदायिक सहभागिता सामेल छन्।

चार्टर स्कूल – भन्नाले सामुदायिक रूपमा फन्ड गरिएको स्वतन्त्र स्कूल भन्ने बुझिन्छ। चार्टर स्कूलहरूले अनुशासनका विषयमा एउटा राज्यका कानुनहरू र विशेष शिक्षाका विषयमा एउटै राज्य र फेडेरल कानुनको पालना गर्नुपर्नेछ।

ठगी – भन्नाले तथ्याङ्क वा उत्तरहरू बेइमानीले प्रयोग गर्न, प्रस्तुति गर्न, वा प्राप्त गर्न, ठगेर वा शिक्षकले अधिकार दिएको भन्दा बाहेक तरिकाले लिने भन्ने कुरा बुझिन्छ।
प्रवेश/निकास(सिआइसिओ) – भन्नाले मध्यमस्तरको व्यावहारिक समस्या प्रदर्शित गर्ने विद्यार्थीहरूलाई सकारात्मक व्यावहारिक सहयोग भन्ने बुझिन्छ। व्यावहारिक लक्ष्यहरू प्राप्त गर्नका लागि बारम्बार सबलीकरण प्रदान गर्नु यसको उद्देश्य हो।

आचार संहिता – भन्नाले यो विद्यार्थी आचार संहिता भन्ने बुझिन्छ।

शारीरिक दण्ड – अनुशासन वा सजाय दिनका लागि शारीरिक बल प्रयोग गर्ने धम्की दिनु वा प्रयोग गर्नु भन्ने बुझिन्छ। अझ, तालिमप्राप्त स्टाफले प्रयोग गर्ने शारीरिक अवरोधलाई शारीरिक दण्डका रूपमा लिइँदैन। बोर्ड नीति पि ५१४४

सङ्कट निषेध संस्था (सिपिआइ) – अहिंसात्मक सङ्कट हस्तक्षेपमा विशेषज्ञता भएको तालिम संस्था

साइबर बुलीइङ – भन्नाले इन्टरनेट वा अन्य डिजिटल वा इलेक्ट्रोनिक सञ्चार उपकरण प्रयोग गरेर उत्पीडन गर्ने, हानीकारक, धम्मीपूर्ण वा क्रूर सन्देशहरू, टेक्स्टहरू वा चित्रहरू पठाउनु, साझा गर्नु, वा पोस्ट गर्नु भन्ने बुझिन्छ। उत्पीडनमा कुनै व्यक्तिसँग सम्बन्धित उपेक्षा, टिप्पणी, चुटकिला, व्यङ्गोक्ति, अवाञ्छित प्रशंसा, कार्टुन, मजाक, वा मौखिक व्यवहार सामेल छ जसले (1) अपमानजक, आक्रामक वा अप्रिय वातावरण निर्माण गर्ने उद्देश्य वा प्रभाव राख्छ; (2) अयुक्तिसङ्गत तरिकाले कुनै व्यक्तिको काम वा कुनै विद्यार्थीको स्कूल कार्यसम्पादनमा हस्तक्षेप गर्ने उद्देश्य वा प्रभाव राख्छ, वा (3) स्कूल सञ्चालनमा बाधा पुऱ्याउँछ। गुण्डागर्दी त्यस्तो प्रयास हो जुन अपरेटिङ सिस्टम, एप्लिकेसन सफ्टवेयर, मिति, वा अन्य कुनै सोद्देश्य काम हो जसले डिस्ट्रिक्टका कम्प्युटर स्रोतहरूमा प्रतिकूल प्रभाव पार्दछ। साइबर थ्रेटहरू इलेक्ट्रोनिक रूपमा प्रसार गरिएका वा अनलाइन सामग्री हुन् जसले अरू विरुद्धको हिंसा, आत्महत्या वा आत्महानीबारे खतरा पैदा गर्छ वा सरोकार उठाउँछ। बोर्ड नीति ५१३१

दिन – भन्नाले क्यालेन्डर दिन बुझिन्छ जबसम्म स्कूल दिन वा बिजिनेस दिन भनेर अन्यथा सङ्केत गरिँदैन।

डिइएसइ – एलिमेन्टरी तथा माध्यमिक शिक्षा विभाग

डिटेन्सन – भन्नाले एक किसिमको अनुशासनात्मक कार्बाही बुझिन्छ जसमा विद्यार्थीले स्कूलमा अतिरिक्त समय बिताउनु पर्छ। डिटेन्सन स्कूल समय अघि वा पछि हुनसक्छ, वा सप्ताहान्तमा (परम्परागत रूपमा शनिबारे स्कूल भनिन्थ्यो) र स्कूल समयको ब्रेकका बेला, जस्तै लन्च (विद्यार्थीलाई लन्च लिनबाट रोक्न भने पाइनेछैन)

अनुशासन - शिक्षकहरू, प्रशासकहरू, सहयोग स्टाफ, र आमाबाबु/आधिकारिक अभिभावकले विद्यार्थीको शैक्षिक, सामाजिक, नैतिक, वा मानसिक सुधार सबलीकरण गर्न कार्यान्वयन गर्ने चरणहरू, कार्बाहीहरू, वा हस्तक्षेहरू हुन्।

अटेरीपन – भन्नाले जानाजान नियम उल्लङ्घन गर्नु वा अधिकारमा भएको व्यक्तिले दिएको निर्देशन नमान्नु भन्ने बुझिन्छ।

डिस्ट्रिक्ट – भन्नाले सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट भन्ने बुझिन्छ।

डिस्ट्रिक्ट अनुशासन सम्मेलन – भन्नाले प्रकार १ उल्लङ्घनका लागि वा बारम्बारका प्रकार २ का उल्लङ्घनका लागि बाँकी प्रक्रिया कार्यविधि भन्ने बुझिन्छ।

लागू पदार्थ – भन्नाले लागू पदार्थको गैरकानुनी स्वामीत्व, प्रयोग, वितरण र बिक्री भन्ने बुझिन्छ जसमा अनधिकृत प्रेस्क्रिप्सन औषधिहरू, इनहेलेन्टहरू, कुनै पनि किसिमका मादक वस्तुहरू(मादक वस्तु प्रयोगको प्राथमिक उद्देश्य मादकता भए पनि नभए पनि), नियन्त्रित पदार्थहरू वा यी मध्ये कुनैका नक्कलहरू सामेल छन् र स्कूल परिसरमा यस्तो काम निषेध गरिएको छ। लागू पदार्थसँग सम्बन्धित साजोसामानको स्वामीत्व, प्रयोग, वितरण र बिक्री पनि निषेध गरिएको छ। यस निमयनको उल्लङ्घन गर्ने जोकोहीलाई बोर्डको नीति र नियमनअनुसार एवम् अन्य कुनै लागूयोग्य कानुनका प्रावदानहरू अन्तर्गत स्कूलबाट निलम्बन र/वा निष्कासन गर्न सकिनेछ। स्कूल बोर्ड आर१३१.६.१

बाँकी प्रक्रिया – भन्नाले व्यक्तिको कानुनी अधिकार सुरक्षित राख्नका लागि निर्माण गरिएका कार्यविधिहरूको स्थापित कोर्स भन्ने बुझिन्छ।

बाँकी प्रक्रिया सुनुवाइ – भन्नाले अभिभावकहरू र स्कूलहरूबीचका विशेष शैक्षिक विवादहरू समाधान गर्नका लागि औपचारिक सुनुवाइ भन्ने बुझिन्छ। आइडिइए २००४ मा त्यस्ता विवादहरूको समाधानका लागि कार्यविधिहरू दिइएका छन्। यी नियमहरूमा मध्यस्थता, बाँकी प्रक्रिया सुनुवाइ तथा राज्य वा फेडेरल अदालतमा अपील सामेल छन्। बाँकी प्रक्रिया सुनुवाइ साधारणतया एउटा औपचारिक, प्रतियोगितात्मक सुनुवाइ हो।

इलेक्ट्रोनिक सञ्चार उपकरण – भन्नाले डिस्ट्रिक्टले प्रदान नगरेका उपकरणहरू बुझिन्छ जसमा निम्न सामेल छन् तर त्यतिमै सीमित छैनन् – रेडियो, वाकम्यान, सिडि प्लेयर, आइपड्स, एमपि३ प्लेयर, डिभिडि प्लेयर, हाते गेम कन्सोल, व्यक्तिगत डिजिटल असिस्टेन्ट, सेलुलर टेलिफोन, ब्ल्याकबेरी, र ल्यापटप कम्पुटर साथसाथै समान क्षमतामा विकसित गरिएका कुनै नयाँ प्रविधि।

इएसएसए – हरेक विद्यार्थी सफल हुन्छ अधिनियम

विशिष्टता – भन्नाले बहु-विधात्मक मूल्याङ्कन प्रक्रियाबाट पहिचान गरिएका विद्यार्थीका विशेष सिकाइ आवश्यकताहरू भन्ने बुझिन्छ। धेरै किसिमका विशिष्टताहरू छन्, जसमा अटिज्म(स्वलीनता)/एस्पर्जर्स सिन्ड्रोम, भावनात्मक उत्तेजना, गिफ्टेड र ट्यालेन्टेड, विशिष्ट सिकाइ असक्तता र मानसिक असक्तता

निष्कासन – भन्नाले बाँकी स्कूल समयका लागि, वर्तमान वा आगामी स्कूल वर्षका लागि निर्धारित समयका लागि, वा स्थायी रूपमा स्कूलमा उपस्थित हुन निषेध भन्ने बुझिन्छ।

असुली – भन्नाले अनिच्छुक व्यक्तिबाट पैसा, मूल्यवान सम्पत्ति प्राप्त गर्नु वा प्राप्त गर्ने प्रयास गर्नु वा कुनै व्यक्तिलाई शारीरिक बल वा अपमान(धमकीले) त्यस्तो काम गर्न लगाउनु भन्ने बुझिन्छ।

झगडा – भन्नाले दुई वा बढी व्यक्तिहरूका बीचमा भएको शारीरिक द्वन्द्व बुझिन्छ जसमा हिर्काउनु, ठेल्नु,धकेल्नु, ठोक्काउनु वा अन्य शारीरिक कार्य सामेल छन्, तर यतिमै सीमित छैनन; यसले दुवै द्वन्द्वमा दुवै पक्षको योगदान हुन्छ।

फायरवर्क्स – भन्नाले, पपर्स, फायरक्र्याकर्स, रकेट्स, स्पार्कर्स, धुँवा बम वा अन्य किसिम भन्ने बुझिन्छ। यी वस्तुहरूलाई हतियार मानिन्छ।

छल/गलत पहिचान/जालसाजी – भन्नाले अर्कोले बनाएजस्तो देखिने गरी कुनै पनि लेखाइ बनाउनु, पूरा गर्नु, परिवर्तन गर्नु वा प्रमाणीकरण गर्नु; सत्य नबोलेर वा सही नाम नबताएर अर्को विद्यार्थी भएको देखाउनु भन्ने बुझिन्छ।

निशुल्क र उपयुक्त सार्वजानिक शिक्षा (एफएपिइ) – भन्नाले शिक्षाको त्यो स्तर बुझिन्छ जुन स्कूलहरूले विशेष आवश्यकता भएका बच्चाहरू वा विशिष्टता भएका बच्चाहरूलाई प्रदान गर्नुपर्दछ। बच्चाको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न, उनीहरूको आवश्यकताका लागि उनीहरूलाई उपयुक्त शैक्षिक

व्यवस्थापनमा राख्न, र बच्चालाई सिक्न आवश्यक विशेष शिक्षा र सम्बन्धित सेवाहरू प्रदान गर्न, स्कूलले एउटा विशिष्ट योजना तयार पार्नु पर्दछ। एफएपिइ हरेक विद्यार्थीका लागि फरक हुन्छ र यसले असक्तता भएका सबै विद्यार्थीहरूले परिवारमा कुनै आर्थिक भार नलगाई उपयुक्त सामुदायिक शिक्षा प्राप्त गरून् भन्ने कुरा सुनिश्चित गर्छ।

जुवा – भन्नाले पैसा वा कुनै पनि मूल्यवान वस्तुका लागि मौका वा सीपको कुनै पनि खेल खेल्नु भन्ने बुझिन्छ जसमा तास वा डाइस पनि सामेल छन् तर त्यतिमै सीमित छैनन्।

ग्याङ – भन्नाले दुई वा बढी विद्यार्थीहरूको भैरहेको सङ्गठन बुझिन्छ जसको पहिचान गर्न सकिने नाम, वा चिन्ह वा सङ्केत हुन्छ वा जसका सदस्यहरू एक्लै वा सङ्गठित रूपमा त्यस्तो क्रियाकलापमा संलग्न हुन्छन् वा भएका छन् जसले स्कूल वा स्कूलका सदस्यहरूको र सामान्य समुदायको सुरक्षालाई खतरा पुऱ्याउँछ वा बाधा दिन्छ। ग्याङ क्रियाकलापमा निम्न सामेल छन् :

- विद्यार्थीलाई ग्याङको सदस्यका रूपमा जानाजान चिनाउने वा अन्यथा ग्याङको समर्थक देखाउने कुनै पनि किसिमको कपडा, गरगहना, रङ वा निसान धारण गर्नु वा प्रदर्शन गर्नु
- विद्यार्थीलाई ग्याङको सदस्यका रूपमा जानाजान चिनाउने वा अन्यथा ग्याङको समर्थक देखाउने कुनै शब्द, वाक्यांश, लिखित चिन्ह वा मुद्रा प्रयोग गर्नु। कुनै पनि विद्यार्थीले उसको वा उनको नोटबुक, पाठ्यपुस्तक वा व्यक्तिगत वस्तुहरूमा ग्याङप्रतिको आबद्धता प्रदर्शित गर्नुहुनेछैन।
- दुई वा बढी व्यक्तिहरूद्वारा ग्याङ प्रवर्द्धन गर्ने क्रियाकलापमा वा छलफलमा भाग लिने।
- विद्यार्थीहरूलाई ग्याङमा भर्ना गर्नु गैर-सामाजिक व्यवहार हो।

समूह झगडा – भन्नाले थुप्रै विद्यार्थीहरूको गम्भीर आक्रमण भन्ने बुझिन्छ जहाँ गैरकानुनी रूपमा हानी पुऱ्याउने हेतुले वा चोटपटक लगाउने हेतुले हतियार वा अन्य वस्तुहरू (यसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् – बन्दुक, चक्कू, पित्तलको बकल, रेजर ब्लेजहरू, लट्ठी, गदा, मरिच वा खोर्सानीको स्प्रे) प्रयोग गरेर वा नगरी अरूमाथि शारीरिक बल प्रयोग गरिन्छ वा पिटिन्छ।

उत्पीडन – भन्नाले यौनिक कृपाको माग, धम्कीपूर्ण वा अपमानजनक मुद्रा वा व्यवहार बुझिन्छ जसले कसैको लिङ्ग, उमेर, जात, रङ, यौनिक झुकाव(ज्ञात वा कथित), लैङ्गिक पहिचान अभिव्यक्ति(ज्ञात वा कथित), उत्पत्ति राष्ट्र, धर्म, असक्तता, सामाजिक आर्थिक स्थिति र/वा राजनैतिक विश्वासका कारण प्रतिकूल स्कूल वातावरण सिर्जना गर्छ।

हेजिङ – भन्नाले स्कूल परिसर वा बाहिर गरिने कुनै पनि क्रियाकलाप बुझिन्छ, जसमा एक जना विवेकवान व्यक्तिलाई सो क्रियाकलापले कुनै विद्यार्थीको मानसिक वा शारीरिक स्वास्थ्यमा नकारात्मक असर पार्छ वा विद्यार्थीलाई हास्यास्पद, अपमानजनक, तनावयुक्त वा अशान्तिपूर्ण स्थितिमा लैजान्छ भन्ने लाग्छ र त्यस्तो क्रियाकपाल कुनै पनि समूह, श्रेणी, सङ्गठन, क्लब वा खेलकूद समूहमा पहल गराउन, आवद्ध गराउन, भर्ना गराउन, सदस्यता दिलाउन वा सदस्यता निरन्तर बनाउने हेतुले गरिएको हुन्छ, जसमा ग्रेड तह, विद्यार्थी सङ्गठन वा स्कूल-प्रायोजित क्रियाकलाप पनि सामेल छन् तर यतिमै सीमित छैनन्। हेजिङमा ती क्रियाकपालहरू पर्छन् जसले विद्यार्थीलाई असाध्य मानसिक तनाव गराउँछन् जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् – निद्रा नलाग्ने, शारीरिक एकान्तवास, असाध्य घबराहट वा आपराधिक क्रियाकलाप हुने गरिको जबरजस्तीको व्यवहार, वा अन्य तनाव-प्रेरित गर्ने क्रियाकलापहरू। हेजिङमा यी सामेल हुन सक्छन् तर यतिमै सीमित छैनन्: शारीरिक बर्बरताका कार्यहरू; कोर्रा हान्ने; पिट्ने; छाप हान्ने; तत्त्वहरूमा अनावृत्त गर्ने; कुनै खाद्य, मदिरा, लागूपदार्थ वा अन्य पदार्थ जबरजस्ती ख्वाउने; सूर्तीजन्य पदार्थ जबरजस्ती सुँघ्न वा खान लगाउने; वा अन्य कुनै शारीरिक क्रियाकलाप जसले कुनै व्यक्तिको स्वास्थ्य वा सुरक्षामा प्रतिकूल असर पार्दछ।

सम्पूर्ण विद्यार्थीहरूले इच्छा देखाएर सहभागी भएता पनि त्यसलाई हेजिङ नै मानिनेछ। विद्यार्थीले अडिसन गर्नुपर्ने वा सङ्गठनका लागि प्रयास गर्नु पर्ने भए, मापदण्ड युक्तिसङ्गत हुँदा, डिस्ट्रिक्टले स्वीकृत गरेको हुँदा र सङ्गठनको उद्देश्यमा वैधानिक रूपमा सम्बन्धित हुँदा हेजिङ भएको मानिँदैन। बोर्ड नीति ५१३१

चकचक (हर्सप्ले) – भन्नाले उपद्रवी, अभद्र वा कलहकारी खेल भन्ने बुझिन्छ।

घरदेखि स्कूल र स्कूलदेखि घर सञ्चार प्रणाली – भन्नाले प्रभावकारी घरदेखि स्कूल र स्कूलदेखि घरका सञ्चारमार्फत स्कूल कार्यक्रमहरू र विद्यार्थी प्रगतिका बारेमा परिवारसँग सञ्चार गरिन्छ भन्ने बुझिन्छ।

अमर्यादित प्रदर्शन – भन्नाले यौनाङ्ग, स्तन, नितम्ब र/वा स्यागिङ जानाजान त्यस्तो परिस्थितिमा प्रदर्शन गर्नु भन्ने बुझिन्छ जसमा त्यस्तो कामले अपमान वा खलबली ल्याउन सक्छ। फेरि, पारदर्शी वा जालीवाला कपडा, छातीको बीच देखिने ब्लाउज वा स्कर्टहरू, ट्याङ्क टप, स्पाघेट्टी स्ट्र्याप, जुनसुकै भित्री कपडाहरूको देखाउने, क्लिभेज, छोटा राइडिङ प्यान्टहरू, र अश्लील वा कुनै वक्तव्य वा सङ्केत देखाउने कपडा वर्जित गरिएको छ। यौन, लागू पदार्थ वा मदिराको विज्ञापन गर्ने वा प्रवर्द्धन गर्ने जुनसुकै पोसाकलाई पनि निषेध गरिएको छ। जुत्ता सधैँ लगाउनु पर्नेछ।

व्यक्तिकृत एकोमोडेसन योजना (आइएपि) – भन्नाले विद्यार्थीको असक्तता बारे ज्ञान भएका, विद्यार्थीको ठेगाना जानेका व्यक्तिहरूले एउटा समूहद्वारा निर्मित एउटा लिखित योजना हो भन्ने बुझिन्छ जसले विद्यार्थीको असक्ततालाई सम्बोधन गर्दछ र स्कूलमा प्रदान गरिने विशिष्ट एकोमोडेसनहरू र परिमार्जनहरूको दस्ताबेजीकरण गर्दछ जसले गर्दा विद्यार्थीले शैक्षिक लाभ लिन सकोस्।

व्यक्तिकृत एकोमोडेसन योजना (आइएपि) समिति – भन्नाले ती व्यक्तिहरूको समूह बुझिन्छ जसले सान्दर्भिक विद्यार्थी तथ्याङ्क समीक्षा र छलफल गर्छन् र जसको नतिजा आइएपिको विकास हुन्छ।

व्यक्तिकृत शैक्षिक योजना (आइएपि) – भन्नाले ती व्यक्तिहरूको समूहले विकसित गरेको एउटा लिखित योजना बुझिन्छ जसलाई विद्यार्थीको सामान्य शिक्षा क्षमताहरूबारे ज्ञान हुन्छ।

असक्तता भएका व्यक्तिहरूको शिक्षा सुधार अधिनियम २००४ (आइडिइए-२००४) – भन्नाले अशक्तता भएका सबै बच्चाहरूलाई एफएपिइ प्रदान गर्ने राज्य र सामुदायिक एजेन्सीहरूलाई नियमन गर्ने फेडेरल कानुन बुझिन्छ जसले उनीहरूको विशिष्ट आवश्यकताहरू पूरा गर्न र उनीहरूलाई रोजगार र स्वतन्त्र जीवनयापनका लागि तयार गर्न प्रारम्भिक हस्तक्षेप, विशेष शिक्षा र सम्बन्धित सेवाहरूमा जोड दिन्छ। आइडिइए २००४ ले १३ किसिमका असक्तताहरू भएका बच्चाहरूको शैक्षिक आवश्यकताहरू र अधिकारहरूलाई सम्बोधन गर्न राज्यहरूलाई सहयोग गर्न फन्ड प्रदान गर्दछ।

व्यक्तिकृत शिक्षा योजना (आइइपि) – भन्नाले स्कूल स्टाफ, आमाबाबु/आधिकारिक अभिभावकहरू, र विद्यार्थीले विकसित गरेको लिखित योजना हो जसले विद्यार्थीका क्षमताहरू, लक्ष्यहरू र उद्देश्यहरू, प्रगति कसरी मापन गरिन्छ र यी लक्ष्यहरू प्राप्त गर्नका लागि कसरी टोलीले सँगै काम गर्छ भन्ने कुरा रेखाङ्कित गर्दछ।

आइइपि समूह – भन्नाले व्यक्तिहरूको त्यो समूह बुझिन्छ जो विशेष आवश्यकता भएका विद्यार्थीहरूका लागि आइइपि विकसित गर्न, समीक्षा गर्न, र संसोधन गर्नका लागि जिम्मेवार हुन्छन्। आइइपि समूहले आवश्यकता अनुसार, प्रत्येक विद्यार्थीको प्रगति समीक्षा गर्नु पर्ने, वर्तमान प्रगति र भविष्यका आवश्यकताहरू निर्धार गर्नु पर्नेछ। सो समीक्षाले

विद्यार्थीका लागि वार्षिक लक्ष्यहरू प्राप्त गरिए नगरिएको, विद्यार्थीको प्रगतिका विषयमा स्टाफ र अभिभावकीय सरोकार, सञ्चालित गरेका कुनै पुनर्मूल्याङ्कनका नतिजाहरू,र गर्न आवश्यक कुनै परिवर्तनहरू पनि विचार गर्नुपर्नेछ। कानुन अनुसार, आइइपि समूहले निम्न व्यक्तिहरूलाई सामेल गर्नुपर्नेछ:

- यदि विद्यार्थी सामान्य शिक्षा वातावरणमा सहभागी छ(वा हुनेछ) भने, कम्तीमा एक जना सामान्य शिक्षा शिक्षक,
- कम्तीमा एक जना विशेष शिक्षा शिक्षक वा प्रदायक
- असक्तता भएका विद्यार्थीहरूका लागि विशेष रूपमा निर्माण गरिएको शिक्षण, सामान्य पाठ्यक्रम, एलइ स्रोतहरूको उपलब्धता बारे ज्ञान भएको एलइएको प्रतिनिधि
- आमाबाबु/आधिकारिक अभिभावक(हरू)
- विद्यार्थी, उपयुक्त भएमा
- मूल्याङ्कन नतिजाहरूका शैक्षणिक निहितार्थको व्याख्या गर्न सक्ने कोही
- आमाबाबु/आधिकारिक(हरू) वा स्कूलले आमन्त्रित गर्न चाहेका अन्य कुनै व्यक्तिहरू

स्कूल-भित्रको निलम्बन (आइएसएस/प्रतिबिम्बन/रिकभरी) – भन्नाले विद्यार्थीलाई उसको/उनको निर्धारित कक्षाहरूबाट अस्थायी रूपमा विस्थापन र स्वीकृत 'टाइम-आउट' कार्यक्रममा स्थापन, सामान्यतया त्यही स्कूलमा भन्ने बुझिन्छ। स्कूल-भित्रको निलम्बनलाई स्कूल-बाहिरको निलम्बनको एउटा विकल्पका रूपमा हेरिन्छ र प्राथमिक रूपमा त्यसबेला प्रयोग गरिन्छ जबस विद्यार्थीले उनीहरूको कक्षाकोठाको सिकाइ वातावरणलाई बाधा पुऱ्याइरहेको हुन्छ।

अवज्ञा – भन्नाले कुनै युक्तिसङ्गत अनुरोध वा नियमनको सुविचारित वा निरन्तर सुविचारित अवज्ञा वा अधिकारमा भएका व्यक्तिहरूको अनादर प्रकट गर्ने बुझिन्छ।

अन्तरिम वैकल्पिक शैक्षिक व्यवस्थापन (आइएइएस) – भन्नाले त्यो किसिमको सामुदायिक वा नीजि एलिमेन्टरी वा माध्यमिक स्कूल बुझिन्छ जसले परम्परागत स्कूल भन्दा बढी संरचित कार्यक्रम प्रदान गर्दछ।

न्यूनतम नियामक वातावरण (एलआरइ) – भन्नाले फेडेरल कानुन(आइडिइए२००४) बुझिन्छ जसले असक्तता भएका विद्यार्थीहरूलाई, उनीहरूको आवश्यकतामा आधारित रहेर उनीहरूको उपयुक्तताको अधिकतम हदसम्म, आफ्ना असक्तता नभएका विद्यार्थी साथीहरूसँगै शिक्षित हुने अधिकार दिन्छ। यसैलाई न्यूनतम नियामक वातावरण (एलआइइ) भनिन्छ। आइइपि समूह (अभिभावक सहित) ले विद्यार्थीको आइइपिमा भएका सेवाहरू प्रदान गर्न आवश्यकताका लागि विद्यार्थीको स्थापन निर्धारण गर्छ र टोलीले ती सेवाहरू प्रदान गर्न सक्ने एलआरइ छनोट पनि गर्नु पर्नेछ। यसको अर्थ विद्यार्थीले आफू असक्त नभएको स्थितिमा जुन स्कूल जानु पर्थ्यो त्यही स्कूल जानुपर्छ, जबसम्म टोलीले विद्यार्थीको असक्तताको प्रकृतिले विद्यार्थीलाई त्यस वातावरणमा सफलतापूर्वक शैक्षिक अनुभव हासिल गर्न दिँदैन भन्ने कुरा निर्धारण गर्दैन।

स्थानीय शिक्षा एजेन्सी (एलइए) – भन्नाले राज्यभित्रको सामुदायिक शिक्षा बोर्ड वा अन्य सामुदायिक अथोरिटी बुझिन्छ जसले सहर, काउन्टी, नगर, स्कूल डिस्ट्रिक्ट वा अन्य राजनैतिक सब-डिभिजनमा सामुदायिक एलिमेन्टरी वा माध्यमिक स्कूलहरूको प्रशासकीय नियन्त्रण कायम राख्दछ।

प्रत्यक्षीकरण निर्धारण समीक्षा (एमडिआर) - भन्नाले विद्यार्थीहरूले उनीहरूको विशिष्टताका कारण दण्ड नपाउन् भन्ने कुरा सुनिश्चित गर्ने सुरक्षा हो। एमडिआरले जुन व्यवहारका लागि बच्चालाई दण्ड दिइएको छ सो व्यवहार बच्चाको असक्तताको प्रत्यक्षीकरण हो वा होइन भन्ने कुरा निर्धारण गर्ने प्रयासमा बच्चाको व्यवहार र विद्यार्थीका बारेमा पहिलेनै दस्ताबेजीकरण गरिएका जानकारीहरूको परीक्षण गर्छ। एमडिआर समितिमा अभिभावक र कम्तीमा अन्य दुईजना व्यक्तिहरू हुन्छन्, एक जना जो विद्यार्थीहरूको व्यावहारिक ढाँचासँग परिचित हुन्छन् र एक जना विशिष्टता बारे जानकार हुन्छन्।

प्रत्यक्षीकरण निर्धारण समीक्षा (एमडिआर) समिति – भन्नाले व्यक्तिहरूको त्यो समूह बुझिन्छ जसले अनुशासनात्मक कार्बाही गरिएको व्यवहार बच्चाको असक्तताको प्रत्यक्षीकरण हो कि होइन भनी निर्धारण गर्छ; यस निर्णयमा आमाबाबु/आधिकारिक अभिभावक(हरू)लाई सहभागी गराउन स्कूलले हर सम्भव प्रयास गर्नु पर्नेछ।

स्कूल समुदायको सदस्य – भन्नाले कुनै पनि विद्यार्थी, अभिभावक, शिक्षक, प्रशासक, वा डिस्ट्रिक्टको कर्मचारी वा स्कूलको आगन्तुक बुझिन्छ तर यतिमै सीमित भने छैन।

रूपान्तरण (परिमार्जन) हरू – भन्नाले विद्यार्थीले प्रदर्शित गर्ने अपेक्षा गरिएको कुरामा पर्याप्त परिवर्तन भन्ने बुझिन्छ; र यसमा शैक्षणिक तह, विषयवस्तु, कार्यसम्पादन मापदण्ड, र वैकल्पिक मूल्याङ्कनहरू सामेल छन्; र परीक्षण स्वरूप वा ढाँचामा परिवर्तन पनि सामेल हुन सक्छन्।

बहु-विधात्मक मूल्याङ्कन (एमडिइ) – भन्नाले विद्यार्थीका वर्तमान कार्यसम्पादन तह, सबलता, र शैक्षिक आवश्यकताहरूको मूल्याङ्कन भन्ने बुझिन्छ। विद्यार्थीलाई विशेष शिक्षा सेवाहरू प्राप्त गर्न योग्य बनाउने गरी उसमा/उनमा असक्तताको स्थिति छ वा छैन भन्ने कुरा निर्धारण गर्नका लागि व्यापक मूल्याङ्कन सञ्चालन गर्न फेडेरल र राज्य निमयनहरूले आवश्यक गरेका छन्। यसैको पुनर्मूल्याङ्कन हरेक तीन (३) वर्षमा गरिनुपर्नेछ।

हत्या – भन्नाले अर्को मानिसलाई गैरकानुनी रूपमा मार्नु भन्ने बुझिन्छ।

स्कूल बाहिरको निलम्बन – भन्नाले विद्यार्थीलाई स्कूलबाट अस्थायी रूपमा विस्थापन गरिएको भन्ने बुझिन्छ। निलम्बनहरू सीमित समयका लागि हुन्छन् र निलम्बनको समयावधि सकिएपछि विद्यार्थीले स्कूल फर्किन पाउनुपर्छ। निलम्बनको अवधिमा, विद्यार्थीहरूलाई कुनै पनि स्कूल परिसरमा आउन दिइँदैन।

अन्य धेरै गम्भीर वा गैरकानुनी कार्य – भन्नाले गैरकानुनी, खतरनाक वा सुरक्षित स्कूल अधिनियमअनुसार स्कूल डिस्ट्रिक्टको सुरक्षा र सेक्युरिटीमा खतरा उत्पन्न गर्ने, विद्यार्थीको व्यवहार बुझिन्छ।

व्यक्तिगत प्रेम (स्नेह) प्रदर्शन – भन्नाले अनुपयुक्त प्रेमको प्रदर्शन भन्ने बुझिन्छ।

व्यक्तिगत खानतलासी – भन्नाले डिस्ट्रिक्टका पर्सोनेलहरू वा सेक्युरिटी पर्सोनेलहरूले कुनै विद्यार्थीलाई वा विद्यार्थीका व्यक्तिगत सामग्रीलाई खानतलास गर्ने भन्ने बुझिन्छ जो सो खोजीको समयका परिस्थितिहरूमा आधारित रहँदा, त्यस्तो खोजीले विद्यार्थीले कानुन, स्कूलको नियम वा डिस्ट्रिक्टको नीति उल्लङ्घन गरेको प्रमाण भेटिने प्रबल सम्भावना हुन्छ। खानतलासी मेटल डिटेक्टरहरू र/वा हातले सञ्चालन गर्न सकिनेछ।

शारीरिक आक्रमण – भन्नाले अनुत्तेजित हिर्काई, लात्ती, वा ठेलाई बुझिन्छ जसले अन्यथा अर्को व्यक्तिलाई परस्पर द्वन्द्वको परिप्रेक्षभन्दा बाहिर शारीरिक पीडा वा हानी पुऱ्याउँछ।

स्थापन – भन्नाले यदि आइडिइए २००४ अन्तर्गत विद्यार्थीले विशेष शिक्षा वा सम्बन्धित सेवाहरू पाइरहेको भए, आइइपिले विद्यार्थीका लागि सर्वोत्तम हुन्छ भनी निर्धारण गरेको शैक्षिक व्यवस्थापनमा स्थापन भन्ने बुझिन्छ, जुन उसको/उनको लिखित आइइपिमा प्रतिबिम्बित भएको हुन्छ। स्थापन भन्नाले विद्यार्थी भएको कोठा नभएर आइइपिमा उल्लेखित उसका/उनका लागि सबैभन्दा उपयुक्त कार्यक्रम र सेवाहरू भन्ने बुझिन्छ।

अन्यलाई खतरामा पार्ने – भन्नाले स्कूल समुदायको कुनै पनि सदस्यको स्वास्थ्य, सुरक्षा र कल्याणलाई खतरामा पार्ने गर्ने किसिमको व्यवहारमा विद्यार्थी संलग्न हुनु वा संलग्न हुने प्रयास गर्नु भन्ने बुझिन्छ जसमा निम्न सामेल छन् तर यतिमै सीमित छैनन् – अनुसनाधान, शैक्षिक वा अनुशासनात्मक प्रक्रियामा सहभागी भए बापत स्कूल समुदायका सदस्य विरूद्ध प्रतिकार।

स्वामीत्व – भन्नाले कपडा, लकरहरू, वा ब्यागहरू र तिनमा भएका वस्तुहरूजस्ता सम्पत्ति(हराएको, भेटिएको वा चोरी भएको जे भएता पनि)माथि शारीरिक नियन्त्रण राख्ने भन्ने बुझिन्छ।

सकारात्मक व्यवहार हस्तक्षेप र सहयोग (पिबिआइएस) – भन्नाले हाम्रा स्कूलहरूमा सुरक्षा र सिकाइको वातावरण सिर्जना र व्यवस्थापन गर्ने स्कूल पद्धतिको उपागमन भन्ने बुझिन्छ। पिबिआइएसको प्रयोग एउटा 'सर्वोत्तम अभ्यास' अभ्यास हो जसले बढी अन्तर्भेदी वा प्रतिकूल हस्तक्षेप(अर्थात् निलम्बन)को आवश्यकतालाई कम गर्छ तथा दैहिकका साथै व्यक्तिकृत परिवर्तनतर्फ डोऱ्याउँछ।

परीक्षणकालीन स्थिति – भन्नाले डिस्ट्रिक्ट अनुशासन सम्मेलन अधिकारीले निर्धारण गरेका सर्त तथा नियमहरूमा पुनर्भर्ना गर्ने प्रक्रिया बुझिन्छ र यसमा विद्यार्थी तथा विद्यार्थीको उपस्थितिका लागि जिम्मेवार विद्यार्थीका आमाबाबु/आधिकारिक अभिभावक(हरू)ले सहमति जनाई हस्ताक्षर गरेका हुन्छन्।

परीक्षणकाल उल्लङ्घन – भन्नाले विद्यार्थीले विद्यार्थी, आमाबाबु/आधिकारिक अभिभावक(हरू) र स्कूलबीच गरिएको त्यो लिखित करार सहमति तोडेको वा उल्लङ्घन गरेको भन्ने बुझिन्छ जो विद्यार्थीको डिस्ट्रिक्ट अनुशासन सम्मेलनका निष्कर्षहरूमा सबै पक्षहरूद्वारा पहिले नै स्वीकृत गरिएको थियो।

जातिय उत्पीडन – भन्नाले जात, रङ वा राष्ट्रियताका कारणले कसैप्रति लक्ष्यित अवाञ्छित व्यवहार, बोली, लिखत वा चित्रहरू भन्ने बुझिन्छ। यो अपमान, नियन्त्रण, शक्तिको दुरुपयोग र समानता अस्वीकार गर्नेसँग सम्बन्धित छ। यो मुखर, वा कोमल, एउटा घटना वा ढाँचा जेसुकै पनि हुन सक्छ।

करणी/बलात् यौन क्रियाकलाप – भन्नाले खण्ड ५६६.०३० आरएसएमओमा परिभाषित गरिएअनुसारको वलात् करणी गर्नु वा गर्ने प्रयास गर्नु भन्ने वा खण्ड ५६६.०६० आरएसएमओमा परिभाषित गरिए अनुसार बलात् पुरुष मैथुन भन्ने बुझिन्छ।

पुनर्मूल्याङ्कन – भन्नाले विद्यार्थीको असक्तता निरन्तर छ छैन र विद्यार्थीलाई विशेष शिक्षा र सम्बन्धित सेवाहरू आवश्यकता जारी राख्नु पर्छ पर्दैन भन्ने कुरा निर्धारण गर्ने प्रक्रिया बुझिन्छ। पुनर्मूल्याङ्कन 1) विद्यार्थीले कसरी स्कूलमा कार्यसम्पादन गरिरहेको छ भनी पहिचान गर्न 2) विद्यार्थीका शैक्षिक आवश्यकताहरू पहिचान गर्न, र 3) विद्यार्थीको आइइपिमा देखिएका कुनै परिवर्तन पहिचान गर्न सञ्चालन गरिन्छ र यसले आइइपिमा सामेल गरिएका वार्षिक लक्ष्यहरू र उद्देश्यहरू प्राप्त गर्नका लागि सहोयग गर्नुका साथै उपयुक्त हिसाबमा सामान्य पाठ्यक्रममा सहभागी हुन सहयोग गर्छ।

प्रतिबिम्बात्मक क्रियाकलाप – भन्नाले एउटा असाइनमेन्ट बुझिन्छ जसलाई विद्यार्थीलाई उसले/उनले भङ्ग गरेको कुनै नियमको घटनाबारे आलोचकीय तवरले सोच्ने अवसर प्रदान गरिन्छ। यस असाइनमेन्टले दिइएको परिस्थितिमा स्कूल नियम भङ्ग गर्ने व्यवहारको साटो विद्यार्थीलाई उपयुक्त व्यवाहर निर्धारण तर्फ मार्गदर्शन गर्नुपर्छ।

सम्बन्धित सेवाहरू – भन्नाले असक्तता भएको विद्यार्थीलाई सहयोग गर्ने विकासात्मक, सुधारात्मक, र अन्य सहयोगी सेवाहरू भन्ने बुझिन्छ। सम्बन्धित सेवामा निम्न सामेल छन् : वाणी-भाषा प्याथोलोजी र अडियोलोजी सेवाहरू; मनोवैज्ञानिक सेवाहरू; शारीरिक र व्यावसायिक उपचार; उपचारात्मक मनोरञ्जन सहित मनोरञ्जन, बच्चाहरूको असक्तताहरूको छिटो पहिचान र मूल्याङ्कन; पुनर्स्थापना परामर्श सहित परामर्श सेवाहरू; निदानात्मक वा मूल्याङ्कनको उद्देश्यका लागि मेडिकल सेवाहरू; स्कूल स्वास्थ्य सेवाहरू; स्कूलको आमाबाबु/आधिकारिक अभिभावक(हरू)को परामर्श र तालिममा सामाजिक कार्य सेवाहरू; र यातायात।

पुनर्स्थापनात्मक न्याय अभ्यासहरू – भन्नाले एक वा बढी व्यक्तिको विशेष कामले सम्बन्धहरू बिग्रिएका बेला मानिसहरूलाई सँगै ल्याउने काम बुझिन्छ। प्रभावकारी पुनर्स्थापनात्मक हस्तक्षेप त्यो हो जसले बिग्रेको कुरा बनाउनका लागि परस्पर मेल र सहमति, साध्य योजना तर्फ डोऱ्याउँछ। एउटा सफल प्रतिस्थापनात्मक प्रक्रिया त्यो हो जसमा सहमतिहरू पालना गरिन्छन् र पुनर्स्थापना गरिन्छन् – चीजहरूलाई "ठीक पारिन्छ।"

डकैती – भन्नाले धमकी वा हिंसाको प्रयोग गरेर गैरकानुनी तरिकाले अर्काको सम्पत्ति जफत गर्नु भन्ने बुझिन्छ।

शनिबार स्कूल – "डिटेन्सन" का लागि सूची हेर्नुहोस्

स्कूल बस निलम्बन – भन्नाले एउटा सुधारात्मक रणनीति बुझिन्छ जसमा कुनै विद्यार्थीलाई समयको निश्चित अवधिका लागि स्कूल बसमा यात्रा गर्न दिइँदैन।

स्कूल दिन – भन्नाले शिक्षणका लागि विद्यार्थीहरू स्कूल आएको दिन बुझिन्छ।

स्कूल परिसर/सम्पत्ति – भन्नाले उपयोग गरिएको, सुपरिवेक्षण गरिएको, भाडामा लिइएको, लिजमा लिइएको, वा स्कूल डिस्ट्रिक्टले नियन्त्रण गर्ने भौतिक संरचना बुझिन्छ जसमा निम्न सामेल छन् तर त्यति मै सीमित छैनन् – स्कूल खेलमैदान, पार्किङ क्षेत्र, स्कूल बसहरू, र स्कूल क्रियाकलाप हुने जुनसुकै ठाउँ।

स्कूल तह अनुसन्धान – भन्नाले सन्देहास्पद विद्यार्थी क्रियाकलापहरू/घटनाहरू(स्कूलमा, स्कूल अवधिमा, वा स्कूल सम्बन्धित कार्यक्रममा)को विस्तारित खोजी वा परीक्षण बुझिन्छ जुन सम्बन्धित तथ्यहरू पत्ता लगाउनका लागि गरिन्छ; अनुसन्धान स्कूल प्रशासक/प्रतिनिधिले गर्दछन्।

स्कूल सुविधाहरू – भन्नाले कुनै पनि स्कूल सम्बन्धित क्रियाकलाप वा कार्यक्रम बुझिन्छ जसमा निम्न सामेल छन् तर त्यति मै सीमित छैनन् – ग्राजुएसन समारोह, कक्षा भ्रमणहरू, नृत्य, खेलकूद टोली, क्लब, वा रिसेस।

खोजी र जफ्ती – भन्नाले त्यस्तो खोजी बुझिन्छ जो कुनै अधिकार बिना र युक्तिसङ्गत शङ्काको आधारमा युक्तिसङ्गत उद्देश्यका लागि युक्तिसङ्गत तरिकाले गरिन्छ। डेस्क र लकरहरू डिस्ट्रिक्टका सम्पत्ति हुन् र खोजी बिल्डिङ प्रशासकको विवेकमा गर्न सकिनेछ। स्कूल परिसरमा पार्क गरिएका वाहनमा राखिएका विद्यार्थी स्वामीत्वमा भएका वस्तुहरूसम्म स्कूलको अधिकार विस्तार हुन्छ। New Jersey v. T.L.O. 469 U.S. 325 (1985)

खण्ड ५०४ – भन्नाले नागरिक अधिकार कानुन बुझिन्छ जसले असक्तता भएका व्यक्तिहरू विरूद्ध विभेद निषेध गर्छ। खण्ड ५०४ ले असक्तता भएको विद्यार्थीको शिक्षामा समान पहुँच समान होस् भन्ने कुरा सुनिश्चित गर्दछ। विद्यार्थीले एकोमोडेसनहरू र परिमार्जनहरू प्राप्त गर्न सक्छन्।

गम्भीर शारीरिक चोटपटक – भन्नाले त्यस्तो शारीरिक चोटपटक भन्ने बुझिन्छ जसमा मृत्यु, बेहोसी, अत्यन्त शारीरिक पीडा, दीर्घ र स्पष्ट विरूपण, दीर्घ क्षति वा शारीरिक अङ्ग, अङ्ग, वा मानसिक अवस्थाको कार्यको क्षति हुन्छ।

सेक्स्टिङ – भन्नाले यौनिक प्रकृतिका चित्रहरू, लिखित सामग्री, टेक्स्ट र/वा आवाज सन्देशहरू, र इमेलको प्रसार बुझिन्छ जुन इन्टरनेट, सेस फोन, वा अन्य कुनै इलेक्ट्रोनिकसँग सम्बन्धी उपकरणको प्रयोग गरेर गरिन्छ(यसमा इन्टरनेट च्याट रुम र अनलाईन सन्देश सेवाहरू पनि सामेल छन्)

यौनिक क्रियाकलाप – भन्नाले सम्भोग, मुख मैथुन, यौन अङ्गहरू छाम्नु र कृत्रिम यौन कार्य भन्ने बुझिन्छ।

यौनिक आक्रमण – भन्नाले अर्को व्यक्तितर्फ लक्षित यौनिक वा अश्लील प्रकृतिको व्यवहार बुझिन्छ जसमा वास्तविक वा धम्क्याइएको शारीरिक बल प्रयोग गरिन्छ र जसले डर, लज्जा वा मानसिक पीडा गराउँछ।

यौनिक उत्पीडन – भन्नाले अवाञ्छित यौनिक निकटता, यौनिक कृपाका लागि अनुरोधहरू, यौन उत्प्रेरित शारीरिक वा मौखिक व्यवहार, यौनिक प्रकृतिको सञ्चार वा लिङ्गमा आधारित व्यवहार बुझिन्छ जब त्यस्तो व्यवहारको उद्देश्य व्यक्तिको शिक्षामा अयुक्तिसङ्गत तरिकाले वा पर्याप्त रूपमा हस्तक्षेप गर्नु हुन्छ वा जसले अपमानजनक वा प्रतिकूल वातावरण सिर्जना गर्छ। यौनिक उत्पीडन वा विभेद हुने किसिमका व्यवहारका उदाहरणहरूमा मौखिक उत्पीडन वा दुर्व्यवहार, यौन क्रियाकलापका लागि दबाव, अनुपयुक्त थपथपाइ वा चिमोटाइ र जानाजान शरीर दल्नु छन्।

यौनिक दुर्व्यवहार – भन्नाले बलपूर्वक, जानाजान वा सहमतिले अर्को व्यक्तिको शरीर र/वा कपडा छुनु (चलाउनु) भन्ने बुझिन्छ जसको नतिजा यौन सम्पर्क हुन्छ। यसमा अश्लील प्रदर्शन, यौनिक मुद्राहरू, यौनिक सरसामान र/वा पत्रिकाको स्वामीत्व र/वा वितरण सामेल छन्।

सामान्य आक्रमण – भन्नाले त्यस्तो क्रियाकलाप बुझिन्छ जसले स्कूल समुदायको अर्को सदस्यलाई शारीरिक चोटपटक गराउँछ।

धूमपान/सूर्ती – भन्नाले विद्यार्थीहरूले कुनै पनि किसिमको सूर्तीजन्य उत्पादन वा सम्बन्धित सरसामान स्वामीत्व राख्नु, धूमपान गर्नु वा प्रयोग गर्नु हुँदैन भन्ने बुझिन्छ। स्कूल बोर्ड आर५१३१.६.२

सामाजिक सञ्जाल – भन्नाले अरूलाई हानी गर्ने उद्देश्यले गरिएको माइ स्पेस, फेसबुक, ट्वीटर, युट्युब, लिङ्क्ड इन, वा समान सामाजिक सञ्जाल वेबसाइटको प्रयोग गरेर चित्रहरू र/वा लिखित सामग्रीहरूको प्रसार बुझिन्छ।

विशेष परिस्थितिहरू – भन्नाले आइडिइएले परिषभाषित गरेका निम्न विशेष परिस्थितिहरू भन्ने बुझिन्छ: गैरकानुनी लागूपदार्थ, हतियारहरू र व्यवहारको प्रयोग जसले गम्भीर शारीरिक चोटपटक गराउँछन्।

राज्य शिक्षा एजेन्सी (एसइए) – भन्नाले राज्यका सामुदायिक एलिमेन्टरी र माध्यमिक स्कूलहरूको सुपरिवेक्षणका लागि प्राथमिक रूपमा जिम्मेवार एजेन्सी बुझिन्छ। मिजौरीमा, एसइए भनेको एलिमेन्टरी र माध्यमिक शिक्षा विभाग (डिइएसइ) हो।

"स्टे पुट" – भन्नाले वर्तमान शैक्षिक स्थापनमा विद्यार्थीको रहने अधिकार भन्ने बुझिन्छ जुन अनुशासनात्मक सम्मेलन(निष्कासन सिफारिस वा स्कूल व्यवस्थापनको परिवर्तनका लागि अनुरोध) वा स्थापन, प्रत्यक्षीकरण निर्धारण, निलम्बन, वा निष्कासनलाई चुनौती दिन आमाबाबु/आधिकारिक अभिभावक(हरू)को अपील बाँकी रहदाको अवधिमा हुन्छ; यस अधिकारले विद्यार्थीले एलआरइमा निरन्तर एफएपिइ प्राप्त गरेको सुनिश्चित गर्छ।

विद्यार्थी जानकारी पद्धति (एसआइएस) – भन्नाले विद्यार्थी जानकारीका लागि तथ्याङ्क व्यवस्थापन भन्ने बुझिन्छ।

निलम्बन – "स्कूल भित्रको निलम्बन" तथा "स्कूल बाहिरको निलम्बन" को सूची हेर्नुहोस्।

चोरी – भन्नाले अर्काको पैसा वा सम्पत्ति चोर्नु वा चोर्ने प्रयास गर्नु भन्ने बुझिन्छ।

घुसपैठ - भन्नाले अनुमति बिना स्कूल परिसरमा वा वरिपरि हुनु वा स्कूल परिसरको कुनै विशेष स्थानमा हुनु वा स्कूल बसमा हुनु भन्ने वा स्कूल परिसर छोड्ने, वा बस छोड्ने अनुरोध पालना नगर्नु भन्ने बुझिन्छ। भवन प्रिन्सिपलको अनुमति र आमाबाबु/अभिभावकहरूको साथ बिना वैकल्पिक कार्यक्रममा, निष्कासन वा निलम्बनमा भएका विद्यार्थीहरू कुनै पनि स्कूलमा फर्किन पाउनेछैनन्।

अनधिकृत प्रवेश – भन्नाले अनुमति बेगर स्कूल वा भवनको निश्चित भागमा प्रवेश गर्ने विद्यार्थी; कुनै व्यक्तिलाई निर्धारित प्रवेशदेखि अन्य स्थानबाट डिस्ट्रिक्ट सुविधामा प्रवेश गर्न दिने वा सहयोग गर्ने; वा अनधिकृत व्यक्तिहरूलाई कुनै पनि प्रवेश मार्फत डिस्ट्रिक्ट सुविधामा प्रवेश गर्न दिने भन्ने बुझिन्छ।

गुण्डागर्दी – भन्नाले डिस्ट्रिक्ट/स्कूल सम्पत्ति वा अन्य कसैको सम्पत्तिको जानाजान वा दुष्टतापूर्ण क्षति, तोडफोड वा विरूपण भन्ने बुझिन्छ(जस्तै पाठ्यपुस्तकहरू, लकरहरू, उपकरणहरू, भित्ताहरू, फर्निचरको क्षति वा ग्याङ भित्तेलेखन आदि)

हतियार – भन्नाले लट्ठी, बन्दूक(लोड गरिएको वा नगरिएको), विस्फोटक हतियार, बन्दूकको साइलेन्सर, ग्यास बन्दूक, मेसिन गन, प्रोजेक्टाइल हतियार, बुलेट(हरू), राइफल, छोटो ब्यारेल, सटगन, स्प्रिङ गन, कुनै पनि किसिमको फायरवर्क(धुवाँ बम र पटाका सहित), कुनै पनि किसिमको विस्फोटक उपकरण, वा स्विच-ब्लेड भन्ने बुझिन्छ। हतियारहरूमा एसएलपिएसको नीतिमा सबै किसिमका चक्कुहरू सामेल छन् र रेजर वा रेजर ब्लेड, गदा, डण्डी, चेन, नङ काट्ने(शारीरिक चोटपटक गराउनका लागि प्रयोग गरिने) र पित्तलका बकलसम्म विस्तारित गरिएको छ। कुनै पनि वस्तु, उपकरण वा यन्त्रको अनुपयुक्त प्रयोग पनि यसै प्रावधान अन्तर्गत पर्दछ। एसएबि नीति ५१३१.६

सेन्ट लुइस शहर को शिक्षा बोर्ड

डोर्थी रोहडे - कोलिन्स – राष्ट्रपति
नेटली भ्वाल - उप राष्ट्रपति
डा. जोइस एम. रोबर्ट्स – सचिव
डोना जोन्स – मम्बर
सुसान आर. जोन्स – मम्बर
एडम लेन – मम्बर
ट्रेसि मिलर - मम्बर

केल्भिन आर. एड्याम्स, पीएच. डी.
स्कूलहरूको सुपरिन्टेन्डेन्ट

सेन्ट लुइस पब्लिक स्कूल डिस्ट्रिक्ट (डिस्ट्रिक्ट) ले आफ्ना कार्यक्रमहरू र/वा क्रियाकलापहरूमा भर्नामा, पहुँचमा वा व्यवहारमा वा रोजगारमा लिङ्ग, जात, धर्म, रङ, उत्पत्ति राष्ट्र, पुर्ख्यौली, उमेर, असक्तता, यौनिक झुकाव, लैङ्गिक पहिचान, भेटेरन वा राष्ट्रिय गार्ड दर्जा, वा कानुनले निषेध गरेको अन्य कुनै कुराको आधारमा विभेद गर्दैन। बढी जानकारीका लागि, कृपया शीर्षक VI, शीर्षक VII, शीर्षक IX, खण्ड ५०४/एडिए कम्प्लायन्स संयोजक/प्रमुख मानव संसाधन अधिकारीलाई निम्न ठेगानामा सम्पर्क राख्नुहोस् – 801 N. Eleventh Street, St. Louis, MO 63101 (३१४)३४५-२६५०, HRCompliance@slps.org, बिहान ८:०० देखि बेलुकी ४:४५ सम्म

परिमार्जित मे २०१९